जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक ५५ • २०८२ साल असार ३० गते सोमबार (14 July, Monday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जनमतद्वारा निषेधको राजनीति



**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीभित्रको आन्तरिक विवादले विरोधीलाई निषेधको राजनीति गर्न थालेपछि अध्यक्ष सीके राउतको कडा आलोचना हुन थालेको छ । सोको परिणामस्वरुप सडकमा आएर हिंसात्मक बनेको छ । पार्टीबाट निलम्बित राष्ट्रिय उपाध्यक्ष इञ्जिनियर दीपक कुमार साह, निलम्बित कोषाध्यक्ष सुरेन्द्र यादव र केन्द्रीय सदस्य वीरेन्द्र साह सुनारमाथि बारामा प्रज्वलनशील पदार्थ प्रहारसहित मोसो छ्यापेर दुर्व्यवहार गरिएको छ । यो घटना पार्टीका अध्यक्ष डा. सीके राउतका निकट मानिने केन्द्रीय सदस्य विकास सिंहको नेतृत्वमा भएको छ।

निलम्बित नेताहरूले पार्टीभित्रको असन्तुष्टि र संघर्षलाई उजागर गर्न पार्टी सुदृढीकरण तथा जनसंवाद यात्रा सुरु गरेका छन्। आइतबार बिहान बाराको महागढीमाई नगरपालिका-३ स्थित दहियारमा उनीहरू कार्यकर्तासहित खाना खाएर संवाद कार्यक्रममा जाँदै गर्दा आक्रमण भएको थियो ।

इञ्जिनियर साहले आफूहरूमाथि डा. सीके राउतले 'ज्यान मार्ने उद्देश्यले पार्टीभित्रकै केही गुण्डाहरू परिचालन गरेको' आरोप लगाए ।

सार्वजनिक भएको सो भिडियोमा साह, यादव र सुनार चढेको गाडीलाई विकास सिंहको नेतृत्वमा गएका कार्यकर्ताको एक समूहले हालेको देखिन्छ । उनीहरूले लुकाएर लगेको बोतलबाट कालो मोसो फालेका थिए।

### ४८ वर्षपछि मसलाका काठ बिक्री

# सागरनाथ वनमा एडीबीको डेढ अर्ब डुब्यो

**टुडे समाचारदाता**

मलंगवा। करिब पाँच दशकपटि सर्लाहीको सगरनाथ वन क्षेत्रमा लगाएका मसला काठको बिक्री गरिने भएको छ।

एसियाली विकास बैंकको १३.२ मिलियन अमेरिकी डलर अर्थात् डेढ अर्ब रुपैयाँभन्दा बढी ऋण सहयोगमा सन् १९७७ मा सागरनाथ वन परियोजना शुरु भएको थियो । तर अहिले आएर सो रकम बराबरको प्रगति नभएपछि डुबेको आँकलन गरिएको छ। सागरनाथ वन परियोजनामा परियोजना प्रमुख भएर काम गरेका ज्ञानेन्द्रकुमार मिश्रले जनाए अनुसार परियोजनाको प्रमुख उद्देश्य क्षयीकरण अवस्थामा रहेको प्राकृतिक वनलाई मासेर छिटो-छिटो वृद्धि हुने प्रजातिका रुखहरू लगाएर तराई र काठमाण्डुमा देखिएको बद्दो इन्धनको मागलाई परिपूर्ति गर्नु थियो । त्यसका लागि सर्लाही र महोत्तरी जिल्लाको करिब १० हजार हेक्टर क्षेत्रमा परियोजना सञ्चालन गरियो भने मसलाका बिरुवा अस्ट्रेलियाबाट आयात गरेर लगाइएको थियो ।

बद्दो इन्धनको माग पूर्ति गर्न ४८ वर्षअघि अस्ट्रेलियाबाट आयात गरेर सर्लाहीको सागरनाथ वन परियोजनाले मसला नष्ट गरिएको छ। पञ्चायतकालमा सो रुखखेती गरिएको थियो । त्यसपछि मसला (इकलुप्टस) तराईका सबै जिल्लामा निजी खेतबारीमा समेत किसानले लगाउन थाले र सबैतिर विस्तार गरिएको थियो ।

तर ४६ वर्षपछि सागरनाथ वन परियोजनाका ती रुखका काठहरू बिक्री नहुने समस्या देखिएको थियो । सागरनाथ वन परियोजनाका परियोजनाका प्रमुख खेम विश्वकर्मा मसलाका काठहरू बिक्री हुन छोडेको बताए । उनले भने, 'पहिला मसलाको रुखको पोल साइजका काठहरूलाई ट्रिटमेन्ट गरेर पोलका रूपमा प्रयोग गरिन्थ्यो,' उनले अघि



थप्दैं भने, 'सिमेन्ट र आल्मुनियमका पोलले मसलाको काठ बिक्री हुनै छोड्यो। अन्य प्रयोजनमा पनि काठ बिक्री नभएपछि समस्या भएको छ।'

वनविज्ञ भरत पोखरेलले पनि त्यतिबेला सागरनाथमा मसला प्रजातिका रुखहरू लगाउनुको मुख्य उद्देश्य आर्थिक र इन्धन आपूर्तिसँग सम्बन्धित रहेको बताउँछन् ।

सागरनाथको काठ जनकपुर चुरोट कारखानामा इन्धनका रूपमा प्रयोग गरिन्थ्यो। एलपी ग्यासको प्रयोगले दाउराको प्रयोग विस्थापित हुन पुग्यो भने जनकपुर चुरोट कारखाना बन्द भएपछि सागरनाथको काठ इन्धनका रूपमा बिक्री पनि ठप्प भएको विश्वकर्माले बताए ।

सागरनाथ वन परियोजनामा रहेका मसलाका काठहरू बिक्री हुन छोडेपछि परियोजनाले काठको ट्रिटमेन्ट गरेर झ्याल ढोकाका लागि बिक्री गर्ने तयारी गरेको छ । परियोजनाका प्रमुख विश्वकर्माका अनुसार रेड कार्यान्वयन केन्द्र बबरमहल काठमाडौंमार्फत विश्व बैंकको ५० लाख सहयोगमा काठ ट्रिटमेन्ट प्लान्टको स्थापना, स-मिलको मर्मत सम्भार, जनशक्तिको विकास र आवश्यक संरचना बनाइएको छ।


मसलाको काठबाट बनेका झ्याल ढोका सालको काठभन्दा तीन गुणा सस्तो पर्ने विश्वकर्मा बताउँछन् । 'सालको झ्याल-ढोका भन्दा मसलाको काठको झ्यालढोका तीनगुणा सस्तो पर्छ।

विश्वकर्माका अनुसार सस्तो झ्यालढोकाको रूपमा मसलाको काठ प्रयोग गर्न सकियोस् र सबैको पहुँचमा काठ होस् भन्ने मुख्य उद्देश्य हो । त्यसमा सफल हुँदा आल्मुनियमलाई विस्थापन गर्न सकिन्छ। अहिले बजारमा सालको राम्रो एक गोलिया काठलाई २ हजार २०० रुपैयाँ पर्छ। मसलाको काठ ७०० रूपैयाँमा पाइन्छ। सर्लाहीको सागरनाग वन परियोजनाको सिकाइबाट नेपालको तराई क्षेत्रमा किसानहरूले आफ्नो निजी जग्गामा मसलाका काठहरू लगाएका छन् । तर, काठको मूल्य नपरेपछि अहिले उनीहरूले आफ्ना खेतबारीबाट ती काठहरू हटाउन थालेका छन् । रेड कार्यान्वयन केन्द्रका प्रमुख सह-सचिव नवराज पुडासैनी स्वदेशी काठको प्रयोगमा वृद्धि गरेर झ्याल ढोकाका लागि विदेशबाट आयात हुने काठ तथा आल्मुनियमलाई विस्थापित गर्ने उद्देश्यअनुरुप रेड कार्यान्वयन केन्द्रले पहल गरेर परियोजनालाई सहयोग गरेको बताउँछन् ।

सरकारले सन् १९५७ मा वन राष्ट्रियकरण ऐनमार्फत देशभरका निजी तथा सामुदायिक वनलाई सरकारी स्वामित्वमा लिएको थियो । सरकारले वन फँडानी रोक्न र संरक्षणका लागि वनलाई राष्ट्रियकरण गर्ने नीति ल्याएको भए पनि व्यवहारमा ठ्याक्कै उल्टो भइदिएको थियो ।

शुरुमा जुन उद्देश्यका साथ मसला प्रजातिका रुखहरू रोपिएको थियो, त्यसअनुसार त्यहाँबाट दाउरा उत्पादन गरियो र ती दाउरा जनकपुर चुरोट, उद्योग कारखानासहित काठमाण्डु र तराईमा आपूर्ति गरियो । सुरुमा सन् १९८९ मा पहिलोपटक कटान गरिएको थियो । वन पनि वृद्धि भएको र इन्धनको आपूर्तिका लागि दाउराको आपूर्ति पनि राम्रोसँग भएकाले सुरुमा सागरनाथ वन परियोजनालाई सफल मानियो । तर, पछिल्लो समयमा काठ बिक्री नहुनेजस्ता समस्याले आम्दानीको स्रोतसमेत ठप्प छ । जसले कर्मचारीको तलबभत्ताको नियमिततामै समस्या देखिएको छ ।



# नेपाली भाषा, साहित्य र संस्कृतिलाई एकताको सूत्रमा बाँध्ने काम आदिकविबाट: सभामुख घिमिरे



काठमाण्डु । सभामुख देवराज घिमिरेले नेपाली भाषा, साहित्य र संस्कृतिलाई एकताको सूत्रमा बाँध्ने काम आदिकवि भानुभक्त आचार्यबाट भएको बताउनुभएको छ ।

भानुभक्तको २१२ औँ जन्मजयन्तीका अवसरमा नेपाल प्रज्ञा-प्रतिष्ठान र भानु प्रतिष्ठानले संयुक्त रुपमा आइतबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले भाषा, साहित्य र संस्कृतिमा क्षेत्रमा भानुभक्तले गरेको योगदानकै कारण विश्वभर फैलिएका नेपाली भाषीले उहाँको सम्मान गर्ने गरेको बताउनुभयो । नेपाली भाषालाई अझै विश्वस्तरमा लैजाने गरी काम गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभएको थियो ।

युवापुस्तामा भानुभक्तको विचार पुर्‍याउन अझै काम गर्नुपर्नेमा पनि सभामुख घिमिरेले जोड दिनुभएको थियो । साहित्यका माध्यमबाट देश निर्माणमा योगदान गर्नेको सम्मान हुने वातावरणले नै यसको विकास सहयोग पुग्ने उहाँको भनाइ थियो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले नेपाली भाषालाई आजको अवस्थासम्म ल्याउन भानुभक्तले गरेको योगदान महत्वपूर्ण रहेको बताउनुभयो । नेपाली संसारका विभिन्न भू-भागमा फैलिएसँगै नेपाली भाषाको पनि विस्तार भएको उहाँले सुनाउनुभयो । रामायणमार्फत नै भानुभक्तले नेपाली भाषालाई विश्वभर फैल्याएको मन्त्री पन्तको भनाइ थियो ।

> नेपाली संसारका विभिन्न भू-भागमा फैलिएसँगै नेपाली भाषाको पनि विस्तार भएको उहाँले सुनाउनुभयो । रामायणमार्फत नै भानुभक्तले नेपाली भाषालाई विश्वभर फैल्याएको मन्त्री पन्तको भनाइ थियो ।

प्रज्ञा-प्रतिष्ठानका कुलपति भुपाल राईले राष्ट्रपति रामचन्द्र पौडेलको सक्रियतामा तनहुँमा विभिन्न भाषाभाषीका आदिकविको प्रतिमालगायत संरचना बनाउन लागिनु सुखद रहेको बताउनुभयो । प्रतिष्ठानले पनि विविध भाषाभाषीका प्रतिमा बनाउन लागेको जानकारी पनि उहाँले गराउनुभयो । सम्मानित व्यक्तित्व साहित्यकार तुलसी दिवसले संस्कृति र साहित्यलाई केवल देखाउने रुपमा मात्र नलिइ सांस्कृतिक, साहित्यिक एवं भाषिक व्यक्तिलाई सम्मान गरिनुपर्ने बताउनुभयो । भाषा, साहित्यका लागि आफूले ९० देशमा निमन्त्रणा पाएर त्यहाँ पुगी विचार राखेको स्मरण गर्दै त्यसैका लागि सम्मान पाएको अनुभूति भएको सुनाउनुभयो । नेपाली भाषा, साहित्यमा उहाँले गर्नुभएको योगदानको स्मरण यस वर्षको भानु जयन्तीका अवसरमा अभिनन्दन गरिएको हो ।

कार्यक्रममा साहित्यकार डा नवराज लम्साल, प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा धनप्रसाद सुवेदी, भानु प्रतिष्ठानका पदाधिकारीलगायतले उहाँले नेपाली भाषा, साहित्य र सांस्कृतिक एकीकरणका लागि गर्नुभएको योगदान महत्वपूर्ण रहेकामा जोड दिनुभएको थियो । कार्यक्रमअघि रानीपोखरीस्थित भानु प्रतिमास्थलबाट सुरु भएको र्‍याली प्रज्ञा प्रतिष्ठानको परिसरमा आएर समापन भएको थियो ।रासस

# 'छांगुर बाबा' नेपालको लागि पनि चुनौती

**सञ्जय मिश्र**

जनकपुरधाम । भारतको उत्तर प्रदेश राज्यमा धर्म परिवर्तन गराउने सुनियोजित षड्यन्त्रमा संलग्न एक विवादास्पद कथित बाबाको पर्दाफास भएको छ । 'छांगुर बाबा' को नामले परिचित जलालुद्दीन नामक व्यक्ति उत्तर प्रदेशसंगै नेपालको लागि पनि चुनौतीपूर्ण रहेको घटनाको तथ्यहरुले पुष्टि गरेको छ ।

विभिन्न मुलुकहरूबाट नेपाल हुँदै भारत ३०० करोड भारतीय रुपैयाँभन्दा बढी रकम ल्याइ उनले हिन्दू महिला तथा कमजोर वर्गका मानिसहरूलाई आर्थिक प्रलोभन, डर, धम्की र सामाजिक भ्रम फैलाएर धर्म परिवर्तन गराएको भारतीय अनुसन्धान निकायहरूको दाबी छ ।

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको निर्देशनमा भारतीय आतंकवाद विरोधी दस्ता र प्रवर्तन निदेशालयको संयुक्त अनुसन्धानबाट नक्कली बाबाको आध्यात्मिक चरित्रको आडमा आर्थिक र वैचारिक षड्यन्त्र सार्वजनिक भएको छ ।

आठ जना महिलाहरूलाई प्रलोभनमा पारी मुस्लिम बनाउने कथित झांगुर बाबा र उनका संस्थाहरूको ३०० करोड रुपैयाँभन्दा बढीको कारोबारको खुलासा भएपछि अब इडी (प्रवर्तन निर्देशालय) ले पनि अनुसन्धान गर्ने भएको छ । एटीएस (एण्टी टेररिज्म स्क्वाड) ले यस सम्बन्धमा आफ्नो प्रतिवेदन इडीलाई पठाउन तयार पारेको छ । इडीले सो मामिलाको अनुसन्धान मनी लन्ड्रिङ ऐन अन्तर्गत गर्न सक्छ ।

एटीएसले खुलासा गरेको अनुसार झांगुर बाबाले नक्कली कागजातमार्फत ४० भन्दा बढी संस्था दर्ता गरेका थिए । विदेशबाट आउने रकम ती संस्थाहरूको नाममा खोलिएको खातामा पठाइन्थ्यो । ती खाताबाटै थाहा भयो कि झांगुर बाबाको खातामा ३०० करोड रुपैयाँभन्दा बढीको लेनदेन भइसकेको छ ।

यसका अतिरिक्त केही समयमै झांगुर बाबाले करोडौं रुपैयाँ खर्च गरेर कोठी, विलासी गाडीहरू खरिद गरेका थिए । एटीएसका एक अधिकारीका अनुसार सो गिरोहका अन्य सदस्यहरूको पनि खाताको विवरण संकलन गरिँदैछ । यस सम्बन्धमा पनि एटीएसले अर्को प्रतिवेदन तयार गरेर इडीलाई दिनेछ । एटीएसले अहिलेसम्म प्राप्त प्रमाणहरूको विवरण पनि ईडीलाई पठाउने तयारी गरिरहेको छ ।

उत्तर प्रदेश बलरामपुरमा धर्म परिवर्तनको मुद्दामा चर्चित भएका मुख्य अभियुक्त झांगुर बाबाको आफ्नै छुट्टै गिरोह रहेको खुलेको छ । यस गिरोहमा १४ जना सदस्यहरू महत्वपूर्ण



भूमिकामा थिए । केही समयपछि उनीहरूको नेटवर्क बलरामपुरबाट निस्केर उत्तर प्रदेशका धेरै जिल्लामा फैलिएको थियो । एटीएस र एसटीएफ ती १४ जना फरार सदस्यहरूलाई पक्राउ गर्न लागिपरेका छन्। एसटीएफले छुट्टै तीन टोली परिचालन गरेको छ। एडीजी कानून व्यवस्था अमिताभ यशका अनुसार झांगुरबाट प्राप्त जानकारीका आधारमा थप कारबाही अगाडि बढाइएको छ ।

एटीएस स्रोतका अनुसार झांगुर गिरोहका अधिकांश सदस्यहरू औरैया, सिद्धार्थनगर र आजमगढ़ जिल्लाका छन् । यी सबै मधपुर गाउँमा बस्थे। यही कारण एटीएसका टोलीहरू अहिले गाउँमै डेरा जमाएर झांगुर बाबाका बारेमा गाउँलेहरूबाट जानकारी संकलन गरिरहेका छन्। अब गाउँलेहरूले खुलेर झांगुरका कुकर्महरूको बयान गरिरहेका छन् ।

गाउँलेहरू यस कुरामा अचम्ममा परे कि जसलाई उनीहरूले मुस्लिम परिवार ठानिरहेका थिए – नसरीन, उसका श्रीमान् र छोरी – ती सबै पहिले सिन्धी थिए । झांगुरले उनीहरूलाई ब्रेनवाश गरेर इस्लाम धर्ममा रूपान्तरण गराएको थियो। नीतू नै पछि नसरीन बनेकी थिइन् । उनका श्रीमानको वास्तविक नाम नवीन मोहरा हो। झांगुरले छपाएको किताब "सदर-ए-तैयबा" बाट आसपासका जिल्लामा इस्लामको प्रचार गरिन्थ्यो। यो किताब छपाउनका लागि पनि विदेशबाट फन्डिङ भएको थियो ।

एटीएसका अनुसार झांगुर गिरोहका मुख्य सदस्यहरू महबूब, पिंकी हरिजन, हाजिरा शंकर, एमेन रिजवी (आरोपित पत्रकार), र सगीरको तीव्र रूपमा खोजी भइरहेको छ। उनीहरूको गिरफ्तारी भएपछि गिरोहको थप नेटवर्कबारे जानकारी प्राप्त हुनेछ । गिरोहका केही सदस्यहरू विरुद्ध आजमगढ़को देवगांव थानामा सन् २०२३ मा एफआईआर पनि दर्ता गरिएको थियो। यसको विवरण एटीएसले आजमगढ़ प्रहरीले मागिसकेको छ। एटीएस चाँडै झांगुर र नीतू उर्फ नसरीनलाई रिमाण्डमा लिने तयारीमा छ ।

पाकिस्तान, दुबइ, साउदी अरब, टर्कीजस्ता इस्लामिक राष्ट्रबाट ठूलो परिमाणमा रकम हवालामार्फत नेपाल भित्रिएको र त्यसपछि नेपाली बैंकिङ प्रणाली तथा सीमावर्ती एजेन्टमार्फत भारत पुऱ्याइएको प्रमाण सार्वजनिक भएको छ। यसरी आएको रकमलाई हिन्दूहरूको धर्म परिवर्तन गराउन प्रयोग गरिएको छ ।

अनुसन्धान अनुसार काठमाण्डु, नवलपरासी, रुपन्देही, बाँके लगायत जिल्लाहरूका १०० भन्दा बढी बैंक खाता धर्मान्तरण अभियानमा प्रयोग भएका छन् । यसको अर्थ नेपाल केवल ट्रान्जिट पोइन्ट मात्र नभइ सम्भावित सहकार्यकर्ता राष्ट्र बन्न पुगेको छ । सो विषय नेपाल सरकारका लागि गम्भीर चिन्ताको विषय बन्न पुगेको छ ।

छांगुर बाबा र उनका सहयोगीहरूले विशेषगरी आर्थिक रूपमा कमजोर, सामाजिक रूपमा पिछडिएका वर्गहरूलाई टार्गेट गर्दै आएका थिए । महिलाहरूलाई विशेष रूपमा निशाना बनाइएको थियो, जसमा प्रलोभन, विवाहका झुटा प्रस्ताव तथा धम्कीको समेत प्रयोग गरिएको थियो ।

यसबाट धर्मान्तरण केवल धार्मिक नभई ठूलो आर्थिक कारोबारमा परिणत भएको स्पष्ट हुन्छ ।

जलालुद्दीन उर्फ छांगुर बाबाको युपीस्थित ५ करोड भारुको हवेली - जसमा निजी पावर स्टेशन, विदेशी मार्बल र अत्याधुनिक सुरक्षा प्रणाली थिए - मुख्यमन्त्रीको आदेशमा भत्काइएको छ। यो कदम धार्मिक उन्माद फैलाउने विरुद्धको प्रतीकात्मक तथा कडारुपमा लिइएको कार्य हो।

धार्मिक रूपान्तरण कुनै स्वतन्त्र वैचारिक प्रक्रियाको भाग होइन, अहिले यो राजनीतिक, वैदेशिक, आर्थिक र वैचारिक रूपमा नियोजित षड्यन्त्र बन्न पुगेको छ। छांगुर बाबा प्रकरणले यो खतरा भारतमा मात्रै होइन, नेपालजस्ता सीमावर्ती मुलुकहरूमा पनि प्रवेश गरिसकेको पुष्टि गर्छ ।

सो प्रकरणले भारत-नेपाल सीमालाई आपराधिक गतिविधिको सहज मार्ग बनाइदिएको देखिन्छ । विशेष गरी बैंकिङ प्रणाली, हवाला कारोबार, र सीमामा हुने अवैध कारोबारको दुरुपयोग यसमा स्पष्ट देखिन्छ ।

नेपालको भूमिबाट अवैध पैसा ट्रान्जिट हुनु, नेपाली खाता प्रयोग हुनु, र नेपाली नागरिक पनि संलग्न हुन सक्ने आशंका हुनु नेपालका लागि केवल छविको समस्या होइन, राष्ट्रिय सुरक्षाको सवाल छ । यदि समयमै निगरानी र नियन्त्रण गरिएन भने यस्ता गतिविधिले नेपालमा पनि धार्मिक ध्रुवीकरण र साम्प्रदायिक द्वन्द्वको बीउ रोप्न सक्छ ।

छांगुर बाबा काण्ड केवल भारतको आन्तरिक मुद्दा होइन । यसको चपेटामा नेपाल पनि परेको देखिन्छ। त्यसैले अब नेपाल सरकारले निम्न कदमहरू अविलम्ब लिनुपर्छ ।

धार्मिक उन्माद वा वैदेशिक प्रभावमा आधारित रूपान्तरण गतिविधिमा कडाइ गर्ने कानुनी व्यवस्था निर्माण गर्नेछ ।

यदि यस्ता गतिविधिहरूको समयमै नियन्त्रण गरिएन भने, नेपालमा पनि धार्मिक विखण्डन, अस्थिरता र सामाजिक द्वन्द्व निम्तिन सक्छ, जुन देशको स्थायित्वका लागि गम्भीर चुनौती बन्न सक्छ ।

# जिल्ला अदालत काठमाडौँमा पाँच वर्षमा दोब्बर मुद्दा

काठमाण्डु । जिल्ला अदालत काठमाडौँमा प्रत्येक वर्ष मुद्दाको चाप बढ्दै गएको छ । पाँच आर्थिक वर्षमा यहाँ मुद्दाको चाप दोब्बरभन्दा बढी पुगेको छ ।

पाँच वर्षअघि अर्थात् आर्थिक वर्ष २०७७/७८ मा २१ हजार ८३२ मुद्दा दर्ता भएकामा चालु आर्थिक वर्षको यही असार २७ गतेसम्म मुद्दा सङ्ख्या ५२ हजार १४१ पुगेको छ । यस्तै, आव २०७८/७९ मा २९ हजार ५९५, २०७९/८० मा ३६ हजार ६१४ मुद्दा रहेका थिए । आव २०७०/८१ मा मुद्दा सङ्ख्या ४९ हजार ८२९ रहेका थिए ।

अदालतले आव २०८१/८२ मा ५२ हजार १४१ मुद्दामध्ये २६ हजार ७४४ अर्थात् ५१ दशमलव २९ प्रतिशत मुद्दा फछ्र्यौट गरेको जनाएको छ । पाँचवर्षको मुद्दा फछ्र्यौटको दरलाई हेर्दा यो सबैभन्दा बढी हो । यसअघि आव २०७७/७८ मा ३७ दशमलव ०९ प्रतिशत, आव २०७८/७९ मा ३९ दशमलव २९, आव २०७९/८० मा ४२ दशमलव २५, आव २०८०/८१ मा ४६ दशमलव ८१ प्रतिशत फछ्र्यौट भएका थिए ।

आइतबार आयोजित सञ्चारकर्मीसँग अदालत संवाद कार्यक्रममा न्यायाधीश कमलप्रसाद पोखरेलले जिल्ला अदालत काठमाडौँको इतिहासमा सबैभन्दा बढी मुद्दा फछ्र्यौट भएको जानकारी दिनुभयो । "काठमाडौँमा देशभरका मान्छेहरू बस्ने भएकाले पनि यहाँ धेरै मुद्दा आउँछन्, यस अदालतसँग अन्य अदालतलाई तुलना गरेर हेर्न मिल्दैन", उहाँले भन्नुभयो, "देशको राजधानी पनि भएकाले पनि यहाँ मुद्दाको चाप धेरै छ । तथापि, यस वर्ष इतिहासमा नै सबैभन्दा धेरै मुद्दा फछ्र्यौट गर्न सफल भएका छौँ । सकेसम्म छिटो न्याय दिने तरिकाले काम गरिरहेका छौँ ।"

मुद्दाको प्रकृति फरक हुने र मुद्दासँग सम्बन्धित व्यक्तिका साथै प्रमाण जुटाउन पनि समय लाग्ने भएकाले द्रूतगतिमा मुद्दा फछ्र्यौट गर्न समस्या हुने गरेको न्यायाधीश पोखरेलको भनाइ छ ।

उक्त अदालतमा यस आवमा मात्रै २५ हजार ६३९ नयाँ मुद्दा दर्ता भएका छन् । दुई वर्षभन्दा बढी पुराना मुद्दा एक हजार ८५३ छन् । "मुद्दाको चाप दैनिक बढिरहेको छ । कार्यबोझ बढ्दै गएको छ, जनशक्ति सिमित छ", न्यायाधीश पोखरेलले भन्नुभयो, "सेवाग्राहीको मर्मलाई ध्यानमा राखेर प्राथमिकताका साथ सेवा प्रवाह गर्ने प्रयत्न गरिरहका छौँ ।"

उक्त अदालतमा ४३ न्यायाधीशको दरबन्दी रहेकामा हाल ३९ न्यायाधीश कार्यरत छन् । चार दरबन्दी रिक्त छ ।

प्राप्त तथ्याङ्कअनुसार यस अदालतमा विशेष प्रकृतिका निवेदनहरू पनि दर्ता हुने गरेका छन् । चालु आवमा अधिकृत वारेश दुई हजार १६६, दर्ताद्वारा विवाह दुई हजार ७४२, संरक्षक नियुक्ति २४, मृत्युको न्यायिक घोषणा ३२, धर्मपुत्र धर्मपुत्री राख्ने अनुमति १६ निवेदन परेको थियो । ती सबै निवेदन फछ्र्यौट भएका छन् ।

कानुनी रूपमा २१ दिनभित्र फैसला



लेखी सक्नुपर्ने व्यवस्था भए पनि अदालतमा कार्यबोझका कारण तोकिएकै समयमा नसकिए पनि एक/डेढ महिनाभित्र फैसला लेखी सक्ने प्रयास हुने गरेको अदालतका स्रेस्तेदार तीर्थराज भट्टराईले जानकारी दिनुभयो ।

### मेलमिलापतर्फ १४ प्रतिशत सफलता

जिल्ला अदालत काठमाडौँमा मेलमिलापका लागि दुई हजार ७०५ मुद्दा पठाइएकामा ३०१ अर्थात् १४ दशमलव २० प्रतिशत मुद्दामा सफलता प्राप्त भएको छ । मेलमिलाप शाखामा चालु अवस्थामा ३८४ मुद्दा छन् । मेलमिलाप हुन नसकी फिर्ता भएका मुद्दा दुई हजार २० रहेका स्रेस्तेदार भट्टराईले जानकारी दिनुभयो ।

न्यायाधीश पोखरेलले देवानी प्रकृतिका मुद्दाहरु मेलमिलापमा पठाउने गरिएको बताउनुभयो । "मुद्दामा मेलमिलापको वातावरण बनाउने प्रयास पनि सँगसँगै अगाडि बढाइरहेका छौँ । मेलमिलापतर्फ तुलनात्मक रुपमा राम्रो प्रगति भएको छ", उहाँले भन्नुभयो ।

मेलमिलापका लागि सातवटा केन्द्र रहे भए पनि यो सङ्ख्या पर्याप्त नभएको अदालतले जनाएको छ ।

### फैसला कार्यान्वयन न्यून

विसं २०८२ असार २६ गतेसम्म ३३ हजार ३९३ मुद्दामा फैसला भए पनि चार हजार १८० अर्थात् १२ दशमलव ५१ प्रतिशत मात्रै कार्यान्वयन भएको तथ्याङ्क छ । बाँकी २९ हजार २१३ मुद्दामा भएका फैसला कार्यान्वयन भएका छैनन् । समग्रमा न्यून मुद्दा कार्याज्वयन भए पनि कैदतर्फ ८२ प्रतिशत र जरिवानातर्फ भने ४२ प्रतिशत फैसला कार्यान्वयन भएका अदालतले जनाएको छ ।

फैसला कार्यान्वयन अधिकारी धनबहादुर कार्कीले फैसला कार्यान्वयनलाई प्राथमिकतामा राखेर पहल भए पनि विविध समस्याका कारण सोचेअनुसार प्रगति हुन नसकेको बताउनुभयो । "कार्यान्वयनका लागि निश्चित प्रक्रिया पालना गर्नुपर्ने र प्रक्रियामा जाँदा कतिपय अवस्थामा मुद्दाका पक्ष सम्पर्कमा नआउनेलगायत विविध समस्या देखिने गरेका छन् । जसले समग्र फैसला कार्यान्वयनको प्रगतिमा न्यून देखिएको हो", उहाँले भन्नुभयो ।

### मुद्दा फछ्र्यौटमा चुनौती

यस अदालतमा देशभरका ७७ वटै जिल्लाबाट विशेष प्रकृतिका मुद्दाहरू आउने भएकाले मुद्दाको कार्यबोझ दैनिक बढ्दै गएको हो । त्यसअनुसार न्यायाधीश तथा कर्मचारीको दरबन्दी, भवन तथा भौतिक अवस्था अपुग भएकाले सेवा प्रवाहमा जटिलता देखिएको छ । रासस

# सञ्चारमन्त्री गुरुङ स्वदेश फिर्ता

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ विश्व सूचना समाज सम्मेलनमा सहभागी भई आइतबार स्वदेश फर्कनुभएको छ । स्विट्जरल्यान्डको जेनेभामा सम्पन्न उक्त सम्मेलनका क्रममा सञ्चारमन्त्री गुरुङ नेतृत्वको नेपाली प्रतिनिधिमण्डल तीनवटा छलफल सत्र र चारवटा मुख्य सत्रमा सहभागी भएको थियो ।

यही जुलाई ८ देखि ११ तारिखसम्म सम्पन्न सो सम्मेलनमा कसरी सूचना प्रविधिको प्रयोगबाट दिगो विकास लक्ष्य प्राप्ति गर्न सकिन्छ र अहिलेको एआई प्रविधिलाई मानव विकासमा सकारात्मक प्रयोग गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो । सम्मेलनमा सरकारका तर्फबाट मन्त्री गुरुङले सूचना प्रविधिको प्रयोग र विश्वमा यसको प्रवृत्ति तथा नेपालमा यसका के कस्ता चुनौती देखिएका छन् भन्ने बारेमा धारणा राख्नुभएको थियो ।

त्यस्तै, नेपालले यस सम्बन्धमा देखापरेको खाडललाई सम्बोधन गर्न विभिन्न नीति, योजना, कार्यक्रम अगाडि बढाइरहेकाले त्यसमा सहयोग गर्न पनि सञ्चारमन्त्री गुरुङले सम्मेलनमा आह्वान गर्नुभएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सूचना प्रविधिविज्ञ सल्लाहकार डा शालिग्राम पराजुलीले जानकारी दिनुभयो ।

सम्मेलनका क्रममा मन्त्री गुरुङले सहभागी राष्ट्रका मन्त्रीसँग द्विपक्षीय भेटवार्ता गरी विश्व सूचनाबारे समाजलाई बलियो बनाउनेबारे विचार-विमर्श गर्नुभएको थियो ।

नेपालमा सूचना प्रविधि, ऊर्जालगायतका क्षेत्रमा लगानीको विशाल सम्भावना रहेको उल्लेख गर्दै मन्त्री गुरुङले कोइला प्रयोग गरेर बिजुली निकाल्नुको साटो जलविद्युत्मा लगानी गर्न आग्रह गर्नुभएको थियो ।

सम्मेलनका क्रममा रोबोटिक्स प्रतियोगिता आयोजना गरिएकामा सिनियर समूहमा च्याम्पियन र जुनियर समूहतर्फ नेपाल विश्वमा दोस्रो बन्न सफल भएको विज्ञ सल्लाहकार पराजुलीले बताउनुभयो । मन्त्री गुरुङले नेपालको सूचना तथा प्रविधि क्षेत्रमा लगानीका लागि विभिन्न सङ्घसंस्थाका प्रतिनिधिलाई आग्रह गर्नुभएको थियो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | व्यापारमा फाइदा हुने सम्भावना छ । शिक्षामा प्रगति हुनेछ । |
| वृष : | थोरै मिहिनेतले राम्रो आम्दानी हुनेछ । शिक्षामा सुधार हुनेछ । |
| मिथुन : | साथीभाईकोसहयोगमिल्नेछ।राजनीतिक पहुँचले अवसर प्राप्त हुने सम्भावना छ । |
| कर्कट : | अढैया शनि भए पनि शुभग्रहको प्रभावले सघाउनेछ । |
| सिंह : | एकल लगानीबाट फाइदा पाउने सम्भावना छ । |
| कन्या : | ठुलोव्यक्तिहरुसंगकोसेवारसहयोगको अवसर प्राप्त हुनेछ । |
| तुला : | सञ्चित धन खर्च हुने सम्भावना छ । |
| वृश्चिक : | बिहान पिपलको दर्शन गर्दा मन शान्त हुनेछ । |
| धनु : | गुरुसंग भेटघाटको सम्भावना छ । दैनिक कार्यहरु सहजै सम्पन्न हुनेछन् । |
| मकर : | अनुत्पादक खर्च कटौती गर्नु लाभदायक हुनेछ । सञ्चित धन खर्च हुनेछ । |
| कुम्भ: | आफन्तले तपाईको प्रशंसा गर्नेछन् । |
| मीन : | सञ्चित धन खर्च गर्ने बानीले तनाव सिर्जना गर्न सक्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पूर्व-पश्चिम राजमार्गअन्तर्गत धनुषा र सिरहाको सीमामा पर्ने कमला नदी किनारमा अर्थात गणेशमान चारनाथ नगरपालिका -८ पोर्ताहामा निर्माणाधीन अवस्थामा रहेको **गणेशमान ताल** । *तस्बिरः अमरेन्द्रकुमार यादव*

# आकाशको पानीको भरपर्दा सर्लाहीमा भएन रोपाइँ

बरहथवा । हरिवन नगरपालिका-५ घुर्कौलीका हिरा तामाङ दैनिक आकाश हेरेर थाकिसक्नुभएको छ । असारको दोस्रो सातादेखि धान रोप्ने तयारी गर्नुभएका उहाँले पानी नपरेपछि धान रोप्न पाउनुभएको छैन ।



"असारको पहिलो हप्तातिर हल्का मात्र पानी परेको थियो", उहाँले भन्नुभयो । "तर, यस वर्ष धानको ब्याड राख्ने समयमा पनि पानीले साथ नदिएपछि ढिलो भयो ।" सुक्खामा राखेका बीउ राम्रोसँग नबढेपछि पर्खिँदापर्खिँदै समय घर्किन लागेको उहाँको गुनासो छ ।

सिँचाइको व्यवस्था नभएको एक बिघा खेतमा उहाँले अकासे पानीका भरमा धान रोप्दै आउनुभएको छ । यसरी अकासे पानीका भरमा खेती गर्न केही समययता साह्रै सकस हुन थालेको उहाँले सुनाउनुभयो । "यस वर्ष धानको बीउ राख्ने समय पनि खडेरीमै गयो", उहाँले भन्नुभयो, "पानीको पर्खाइमा बीउ ढिलो भयो, अहिले धान रोप्न उस्तै समस्या छ ।"

मौसम पूर्वानुमान महाशाखाले यस वर्ष औसतभन्दा धेरै पानी पर्ने प्रक्षेपण गरेको छ । तर मधेसका जिल्लामा खडेरी बढ्दै गएको किसान बताउँछन् । असारको दिनमा समेत पानी नपरेपछि धान लगाउन ठिक्क पारेका खेत अहिले बाँझै बसेका छन्भने केही स्थानमा समयमै रोप्न नपाउँदा धानको बीउ छिप्पिन थालिसकेको छ ।

पटकपटक मौसम बदली हुँदै टर्दै गर्न थालेपछि यस वर्ष धान रोप्न नपाइने चिन्ताले सताएको जिल्लाको लालबन्दी नगरपालिका-५ जब्दीका दीपक घिमिरेको भनाइ छ । "पानी बन्दै पर्न छाड्यो", उहाँले भन्नुभयो, "खेतमा पटाउन नहर कुलोको सुविधा छैन । आकाशको पानीको भर हो । यस वर्ष यस्तै होला जस्तो छ ।" झण्डै डेढ बिघा खेतमा वर्षामा अकासे पानी र हिउँदमा डिपबोरिङको भरमा उहाँले खेती गर्दै आउनुभएको छ ।

"डिपबोरिङले सुक्खा समयमा खेतमा पानी भरेर धान रोप्न सकिँदैन", घिमिरेले भन्नुभयो, "सामान्य तरकारी वा अन्य बालीको जराजरामा हाल्नमात्र पुग्छ ।" समयमै वर्षात् नहुँदा बीउ राख्न नपाएका किसान फेरि धान रोप्ने समयमा पानी नपर्दा समस्यामा छन् । यसरी समय घर्किएर रोपेको धानले राम्रो उत्पादन दिनेमा समेत किसानहरूलाई शङ्का छ ।

गत वर्ष यही समयमा ८० प्रतिशत धान रोपाइँ सकिएको सर्लाहीमा यस वर्ष मुस्किलले ३५ प्रतिशत पुगेको जिल्ला कृषि ज्ञान केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहाले बताउनुभयो । धान रोपाइँ ढिलो हुनुमा सिँचाइ प्रमुख कारण रहेको उहाँको भनाइ छ । "अर्कातर्फ धेरै किसानले समयमा बीउ राख्न पाएनन्", उहाँले भन्नुभयो, "राखेको बीउ धेरैको खडेरीले खायो, फेरि राखेको तयार हुन बाँकी छ ।"


यसले धानको उत्पादनमा समेत ह्रास आउने उहाँले बताउनुभयो । जिल्लाको बागमती, बरहथवा, धन्कौल, हरिवन, लालबन्दी, हरिपुरलगायत सिँचाइ सुविधा भएका केही क्षेत्रमा मात्र रोपाइँ भएको प्रमुख कुशवाहाको भनाइ छ । सिँचाइ सुविधा नभएका स्थानका किसान पानी नभएको भन्दै छट्पटाइरहेका छन् । यस क्षेत्रमा बागमती, सोती, मनुसमारालगायतको सिँचाइको व्यवस्था छ ।

छयालीस हजार हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको जिल्लामा झण्डै आधा ५० प्रतिशत भूभागमा सिँचाइको सुविधा पुगेको छैन । यस क्षेत्रका किसान सधैँ अकासे पानीका भरमा खेती गर्छन् । इनार, डिपट्युबेल, रोअलपम्पबाट अन्य खेती गर्ने गरेका भए पनि धान रोप्न सम्भावना नरहेको किसानको भनाइ छ । मानो रोपेर मुरी फलाउने र वर्षभरिको अन्नको गर्जो टार्ने योजना तुहिने चिन्ता रहेको बागमती नगरपालिका-११ का किसान शङ्कर सापकोटाको भनाइ छ ।

यसैबीच यस वर्ष प्रदेश सरकारले मधेसलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको छ । सुक्खाग्रस्त क्षेत्र घोषणासँगै सङ्घ सरकारसँग सोहीअनुसारको राहत माग गर्ने निर्णय प्रदेशस्तरको मन्त्रिस्तरीय बैठकले गरेको छ । किसान भने सुक्खाग्रस्त क्षेत्र घोषणाले के हुन्छ भन्ने कुरामा अन्योलमा देखिएका छन् ।रासस

# खडेरीले सम्झाउँदै "डाक वचन"

महोत्तरी । मधेसको प्राचीन मिथिला क्षेत्रमा अहिले पनि खेतीपाती र मौसमका कुरा उप्किँदा पाका किसान 'डाक वचन' सम्झन्छन् । अनुकूल/प्रतिकूल मौसम र खेतीपातीका सन्दर्भमा सिद्धपुरुष 'डाक'ले करिब तीन सय वर्षअघि गरेका भविष्यवाणी उमेर घर्केका मैथिल (मिथिलाका बासिन्दा) लाई कण्ठस्त छ । मौसमवेत्ता र भविष्यवेत्ता मानिने 'डाक' मैथिल जनजीवनका सम्झिरहने पात्र मानिन्छन् ।



"अखाढ सुक्खा, सावन दुखद, भादो भैंसल, अगहन झखत" (असारमा पानी नपर्दा साउन दुःखकै हुन्छ, अनि भदौ पनि राम्रो हुँदैन, सारमा मङ्सिर टोलाएर बस्नुपर्ने हुन्छ) यसपालि पानी नपरी असार बित्दा दिक्क हुनुभएका भङ्गाहा-५ भूचक्रपुरका ७० वर्षीय दीपनारायण चौधरी थारू डाक वचन सम्झँदै भन्नुहुन्छ, "अखाढक मार सालभर खेप परैय" (असारमा पानी नपरेको मार (मर्का) वर्षभरि झेल्नु पर्छ) ।

मिथिलामा प्रायः मिथिला पञ्चाङ्ग र विद्यापति पञ्चाङ्गको व्यावहारिक प्रचलन हुँदा सौरमासभन्दा चन्द्रमासको गणनामा महिना गनिन्छन् । चन्द्रमासले शुक्रबार नै साउन लागेपछि चौधरीले डाक वचन सम्झँदै साउनको पनि छन्द निको नदेखिएको बताउनुभयो ।

"सावन सुक्खासँगे चलै, किसानक भाग्य अधरमें टलै" (साउनमा पानी नपर्दा किसानको कर्म पासोमा झुन्डिएजस्तै हुन्छ) डाक वचन सम्झँदै चौधरी भन्नुहुन्छ, "सावनक रुइख सेहो निक नई दिखाइय" (साउनको छाँट पनि निको देखिन्न) । शुक्रबार साउन कृष्णपक्ष सुरु भए पनि जेठको प्रचण्ड राप बिर्स्याइरहेको उहाँ बताउनुहुन्छ । यसपालि पानी नपरेर धानबाली लगाउन नपाएका चौधरीजस्तै पाका किसान अहिले दिक्दार देखिन्छन् ।

यहाँ 'डाक वचन' पढेर भनिएका होइनन् । एक अक्षर पढ्न/लेख्न नजान्ने भङ्गाहा-४ पलारका ८० वर्षीय चौठी बाँतरलाई 'डाक वचन'का थुप्रै पङ्क्ति कण्ठस्त छन् । यो भन्ने, सुन्ने प्रक्रियाबाट पुस्तान्तरण हुँदै आएको छ । यद्यपि अहिलेका नयाँ युवा पुस्ताले भने यी पुराना कुरामा ध्यान नदिने गरेका बाँतरको गुनासो छ । आफूले बाजेको काखमा खेल्दैदेखि उहाँबाट डाक वचन सुनेको बाँतर बताउनुहुन्छ ।

अहिलेको मौसम अवस्था पानी पर्ने छाँटको नभएको डाक वचनका आधारमा बाँतरको निष्कर्ष छ । "सावन अन्हार, न बादर न बयार, पिया परदेश किसान लाचार" (साउन न अँध्यारो छ, न बादल न मेघ, प्रियजन परदेश छन्, यस्तो बेला किसान लाचार हुन्छन्) डाक वचनका पङ्क्ति सम्झँदै बाँतर भन्नुहुन्छ, "सावन जौं रहै निरभ्र गगन, खेत सुखाय, मरय जनमन" (साउनमा आकाश बादलबिनाको देखिनु वर्षा नहुने सङ्केत हो । यसले जग्गा रुखो बनाउँछ र जनजीवन सङ्कटमा पर्छ) ।

सिङ्गो असार पानी नपरी बित्दा खेत रोप्न नपाएका किसान साउन लाग्दा पानी पर्छ कि भनेर गरिएको आश पनि निरर्थक भएको बताउँछन् ।

अब त चन्द्रमासले साउन कृष्णपक्ष सुरु भएको छ । तर लक्षणहरूले पानी पर्ने छाँट नदेखिँदा 'डाक वचन' सम्झँदै महोत्तरीको औरही-७ का ७५ वर्षीय मोहन महतो भन्नुहुन्छ, "सावन जो नभ चटकी रहल, बून्द नई टप्केइ खेत ! धान-पानक सगुन घटै रोपनी होई न हेत !" (साउन लाग्दा पनि आकाश सफा देखिए पानी पर्दैन, खेत रुखा हुन्छन्, खेती चौपट हुन्छ) । अहिले ठ्याक्कै यस्तो लक्षण देखिएको महतोको भनाइ छ ।

मिथिलाको जनमनमा बसेका मौसमवेत्ता डाकको समय एकीनसाथ भन्न नसकिए पनि १९औँ शताव्दीको पूर्वार्द्ध हुनसक्ने अड्कल गरिएको छ । गृहस्थ जीवनका सबै पाटामा डाकका भविष्यवाणी छन् । तर मिथिलामा मुख्यतः खेतीपाती र मौसमबारे बढी चासो राखिन्छ । डाकका चौपाइ (श्लोक) का प्रयोग भएका शब्दले यो समय १९औँ शताव्दीको पूर्वार्द्ध हुनसक्ने अड्कल गरिँदै आइएको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस)का मैथिली भाषा साहित्यका उपप्राध्यापक मनोज झा मुक्ति बताउनुहुन्छ ।

यसपालि धानको बीउ राख्नदेखि रोपाइँको समयसम्म अनुकूल वर्षा नहुँदा सिङ्गो मधेस मुख्यबाली लगाउन नपाएर आक्रान्त छ ।

खडेरीले पिल्सिएका मैथिल दिनको लक्षण र 'डाक वचन'का उक्ति सम्झेर विरक्तिएका छन् । अन्नको भण्डार मानिने मधेसमा धानबाली लगाउन नपाएपछि किसान विलखबन्द परेका छन् ।

खेतीपाती र मौसमीय अड्कल गरिन केही दशक पहिलेसम्म निकै भरपर्दो मानिने 'डाक वचन' पछिल्ला केही दशकयता भने देखिने अवस्था र उक्तिका बीच मेल खान छाडेको कतिपय बताउँछन् ।

निश्चित समयमा देखिने मोसमीय अवस्था र त्यससँग जोडिएका डाकका वचनमा अब तारतम्य त्यति मिल्न छाडेको भङ्गाहा-७ मेघरोलका बासिन्दा वातावरण तथा चुरे विज्ञ डा विजयकुमार सिंह बताउनुहुन्छ । "अचेल डाक वचनका कतिपय सन्दर्भ मिल्दैनन्, तर यसको कारण डाक वचन गलत भएर होइन, पछिल्लो जलवायु परिवर्तनको असर हो", सिंह भन्नुहुन्छ, "जलवायु परिवर्तनको असरले पुराना उक्ति र अवस्थाबारे गरिने अड्कल मेल खान छाडेका हुन् ।" अनि प्राकृतिक सम्पदाहरूको संरक्षण अवस्था पनि पहिलेजस्तो नहुँदा अहिले कतिपय सन्दर्भ मेल नखाने देखिने गरेका उहाँको भनाइ छ ।

यसपालिको लामो खडेरीले यहाँको मुख्यबाली धान लगाउन पाइएको छैन । यसैबीच मधेस प्रदेश सरकारले गत बिहीबार नै वातावरणीय असन्तुलनले वर्षा नहुँदा धानखेती गर्न नपाइएपछि प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको छ । प्रदेश सरकारको सुक्खाग्रस्त क्षेत्र घोषणाले मात्र राहत नहुने किसानको पीडा छ । अब तीनै तहका सरकारले यो खडेरीबाट जोगाउन र नयाँ बाली लगाउने काममा किसानलाई उत्प्रेरित गर्न सक्नुपर्ने किसान बताउँछन् ।

"प्रदेश सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा त गर्‍यो, यति घोषणाले त किसानलाई राहत हुँदैन नि, अब धानबाली लगाउन नपाएका किसानलाई अर्को बाली लगाउन उत्प्रेरित गर्नसँगै साधन स्रोतको पहुँच दिनपर्छ", महोत्तरीकै बासिन्दा अखिल नेपाल किसान महासङ्घका केन्द्रीय सदस्य लक्ष्मण महतो भन्नुहुन्छ, "यसबीच विभिन्न राहतका कार्यक्रमले जनतालाई जोगाइराख्न तत्काल पहलकदमी बढाइनु पर्छ ।"

मिथिला क्षेत्रमात्र नभएर यसपालि सिङ्गो मधेसमै रोपाइँ निकै पछि परेको छ । चन्द्रमासले असार सकिएर साउन लागिसक्दासम्म मधेसमा धान रोपाइँ २५ प्रतिशत कटेको छैन ।

अझ महोत्तरीको धान रोपाइँ त १० प्रतिशत पनि पुगेको छैन । मधेसका आठ जिल्लामध्ये सबैभन्दा कम रोपाइँ भएको महोत्तरी नै हो । जम्मा ७१ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये करिब ४५ हजार हेक्टर (प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको अभिलेखमा ४२ हजार ५०० हेक्टर उल्लेख छ) धानखेतीको क्षेत्र मानिन्छ ।

जसमध्ये हालसम्म चार हजार हेक्टरमा रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ । रोपाइँ भएको खेतमा पनि लामो खडेरीले धजा फाटेर धानका बोट पहेँलिएका छन् ।

मधेसमा तीन लाख ७२ हजार ६४५ हेक्टर क्षेत्रफल धानखेतीका लागि योग्य मानिन्छ । तर यहाँ अहिलेसम्म करिब ९३ हजार हेक्टरमा मात्र धान रोपाइँ भएको छ । रोपाइँ भएका खेत पनि महोत्तरीका जस्तै धजा फाटेका प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ ।रासस

# नेपाली भाषाको श्रीवृद्धिमा आदिकवि भानुभक्तको योगदान महत्त्वपूर्ण

गण्डकी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाली भाषाको श्रीवृद्धि र राष्ट्रिय एकता प्रवर्द्धनमा आदिकवि भानुभक्त आचार्यले पुर्‍याउनुभएको योगदान महत्त्वपूर्ण रहेको बताउनुभएको छ ।



आदिकवि भानुभक्तको २१२औँ जन्म जयन्तीका अवसरमा आइतबार शुभकामना सन्देश दिँदै उहाँले भानुभक्तका विचार र आदर्शहरूलाई आत्मसात् गर्दै नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा निरन्तर लागिरहनुपर्ने उल्लेख गर्नुभएको हो ।

"घाँसीको प्रेरणाबाट महत्त्वपूर्ण कृति जन्माउनुभएको घटनाले उहाँको सरलता र महानता झल्कन्छ, रामायणजस्तो चर्चित र लोकप्रिय ग्रन्थलाई नेपालीमा अनुवाद गरी जनजनमा पुर्‍याएर नेपाली भाषाको श्रीवृद्धिमात्र होइन राष्ट्रिय एकता प्रवर्द्धन उहाँले गर्नुभएको योगदान सदा स्मरणीय छ", मुख्यमन्त्री पाण्डेद्वारा जारी गरिएको सन्देशमा जनाइएको छ ।रासस

# मौद्रिक नीति सकारात्मकः नेपाल चेम्बर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ल्याएको मौद्रिक नीति सकारात्मक र वित्तीय सहजीकरण गर्ने खालको भएको नेपाल चेम्बर अफ कसर्मले जनाएको छ ।




मौद्रिक नीतिले आर्थिक पुनःउत्थान एवं सहज कर्जा प्रवाहमार्फत वित्तीय क्षेत्र चलायमान हुने विश्वास चेम्बरले व्यक्त गरेको हो ।

चेम्बरद्वारा आइतबार जारी प्रेस विज्ञप्तिमा मौद्रिक नीतिले राखेको १२ प्रतिशत कर्जा विस्तारको लक्ष्य पूरा गर्न सकिए हालको अधिक तरलता समस्या समाधान हुने जनाएको छ ।

"ब्याजदर करिडोरको माथिल्लो सीमाका रुपमा रहेको बैंकदरलाई साढे छ प्रतिशतबाट घटाएर छ र नीतिगत दरलाई पाँच प्रतिशतबाट घटाएर साढे चार प्रतिशत कायम गरिएको छ । यसले बजारमा तरलता व्यवस्थापन र ब्याजदर बढ्न नदिने विश्वास छ", विज्ञप्तिमा भनिएको छ ।

निजी आवासीय घर निर्माण तथा खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा रू दुई करोडबाट बढाएर रू तीन करोड कायम गरिने मौद्रिक नीतिमा उल्लेखित व्यवस्थालाई पनि चेम्बरले स्वागत गरेको छ । त्यस्तै, कर्जा प्रवाहका लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्थाले घरजग्गा क्षेत्रको व्यवसायमा विस्तार हुने र यसले अर्थतन्त्र चलायमान बनाउन सघाउ पुऱ्याउने चेम्बरको ठहर छ ।

हाउजिङ तथा रियलस्टेट व्यवसायमा प्रवाह गरिएको कर्जाको पुनःतालिकीकरण एवं पुनःसंरचना गरिने मौद्रिक नीतिमा उल्लेखित व्यवस्थालाई पनि चेम्बरले सकारात्मक भनेको छ । त्यस्तै, निर्माण व्यवसायमा आएको शिथिलतालाई दृष्टिगत गरी सो क्षेत्रको पुनःस्थापनाको लागि मौद्रिक नीतिमा गरिएका व्यवस्थाहरु स्वागतयोग्य रहेको विज्ञप्तिमा उल्लेख छ ।

"चालुपुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउसलगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रका आधारमा आवश्यकतानुसार परिमार्जन गरिने व्यवस्था सकारात्मक रहेको चेम्बरले ठहर गरेको छ", विज्ञप्तिमा भनिएको छ ।

विद्यमान कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था अध्ययन गरी आवश्यकतानुसार पुनरावलोकन गरिने व्यवस्थामा थप स्पष्ट पारिनुपर्ने चेम्बरले जनाएको छ ।रासस

# मौद्रिक नीतिपछिको पुँजी बजारः नेप्से परिसूचकमा २९ अङ्कको सुधार

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति सार्वजनिक भएपछिको कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उल्लेख्य सुधार देखिएको छ । बैंक र लघुवित्त कम्पनीहरुको शेयरमा लगानीकर्ता चासो देखिएको छ ।




आइतबार नेप्से परिसूचक २९ अङ्कले बढेर दुई हजार ७६० दशमलव ८० बिन्दुमा कायम भएको छ । आजको कारोबारमा ३११ कम्पनीको तीन करोड २५ लाख ९२ हजार ३० कित्ता शेयर एक लाख पाँच हजार ४१५ पटक खरिदबिक्री हुँदा रू ११ अर्ब ४१ करोड ६४ लाख २८ हजार ४६७ बराबरको कारोबार भएको छ ।

सबैभन्दा धेरै बैंकिङ समूह तीन दशमलव ३७ र लघुवित्त समूह तीन दशमलव ५० प्रतिशतले बढेको छ । त्यस्तै, विकास बैंक एक दशमलव ४७, वित्त एक दशमलव ८७, होटल तथा पर्यटन शून्य दशमलव ४८, जीवन बीमा शून्य दशमलव ०२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३१ र म्युचुअल फन्ड एक दशमलव ०८ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ ।

जलविद्युत् शून्य दशमलव ८३, लगानी शून्य दशमलव ०८, निर्जीवन बीमा शून्य दशमलव ३४, व्यापार शून्य दशमलव २६ र अन्य समूह शून्य दशमलव २७ प्रतिशतले घटेको छ ।

एनआईसी एसिया बैंक लिमिटेड र खानेपानी हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागको छ । सबैभन्दा धेरै घट्नेमा हिमालयन हाइड्रोपावरको शेयर मूल्य नौ दशमलव ९३ प्रतिशतले घटेको छ ।


कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै एनआईसी एसिया बैंक लिमिटेडको सबैभन्दा धेरै रू ३७ करोड १४ लाख ९९ हजार ३२ बराबरको कारोबार भएको भएको छ ।रासस

# काठमाडौं महानगरपालिकाले २५ अर्ब ७६ करोड बराबरको बजेट ल्यायो

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८२/८३ का लागि काठमाडौं महानगरपालिकाले रु २५ अर्ब ७६ करोड ४३ लाख बराबरको बजेट ल्याएको छ ।

महानगरका उपप्रमुख सुनिता डङ्गोलले आइतबार काठमाडौं महानगरपालिका नगरसभाको १७औँ अधिवेशनमा आगामी आर्थिक वर्षको विनियोजन पेस गर्नुभएको हो ।

"आगामी आर्थिक वर्षका लागि आर्थिक विकास, कार्यालय सञ्चालन तथा प्रशासनिक, पूर्वाधार विकास, सामाजिक विकास र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रबाट सञ्चित कोषमा भार पर्ने खर्च रु २५ अर्ब ११ करोड ४३ लाख ११ हजार र जग्गा एकीकरण आयोजनाहरू तथा अन्य निकायबाट प्राप्त हुने कार्यक्रमका लागि खर्च रकम रु ६५ करोड सञ्चित कोषमा भार नपर्ने गरी कुल रु २५ अर्ब ७६ करोड ४३ लाख ११ बराबर विनियोजन गरिएको छ", उपप्रमुख डङ्गोलले भन्नुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# छानबिन समिति मात्र

मधेश प्रदेश सरकारले फेरि एउटा छानबिन समिति गठन गरेको छ। विचौलियाको अनुकुलता अनुसार प्रदेश सरकारको बजेट बनाइएको छ। व्यवसायीले आपूर्ति गर्ने समान र त्यसको खरिदमा मन्त्रीले मोटो रकम कमिसन पाउने सहमति भएको छ। आवश्यक क्षेत्रमा बजेटको लगानी न्यून छ। तर कमिसन आउने क्षेत्रमा अर्बौ रुपैयाँ विनियोजन गरिएको छ। असन्तुलित बजेटलाई अब सुधार गर्ने संभावना न्यून छ। बजेटमा भएका सबै गडबडी यथावत रहनेछ। विपक्षी दलहरुले गरेको माग पूरा भएको छैन । प्रदेश सभाले बजेटमा भएको गडबडी छानबिन गर्न १४ सदस्यीय समिति गठन गरिएको छ। यस अघि गत वर्षको बजेटमा विचौलिया मार्फत योजनाहरु बिक्री भएको छानबिन गर्न पनि समिति गठन गरिएको छ। तर त्यो छानबिन समितिको प्रगति हालसम्म सार्वजनिक भएको छैन। त्यस अघिपनि गठन भएको समितिहरुले दिएको प्रतिवेदन थन्किएकै अवस्थामा छ। बजेटको छानबिन गर्न गठन भएको समितिले काम शुरु गर्लान् । तर त्यो भन्दा पहिले नै बजेट पारित भइसक्ने छ। बजेट पारित भएपछि त्यो समितिले गर्ने छानविन र त्यसको प्रतिवेदनको कुनै ओचित्य हुने छैन् ।मधेश प्रदेशमा जनमत पार्टी नेतृत्वको सरकार छ । बजेट बनाउन मुख्यमन्त्री सतीशकुमार सिंह, एमाले संसदीय दलका नेता समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादव, नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादवको प्रमुख भूमिका रहेको थियो । सरकारमा रहेका अन्य दल अथवा मन्त्रीको भूमिका बजेटमा खासै थिएन। विचौलियाको अनुकुलता अनुसार नै बजेट बनाइएको छ । बजेटमा झण्डै १ अर्ब रुपैयाँ पोषणको सामग्री खरिदका लागि छुट्याइएको छ। गत आर्थिक वर्षमा पनि पोषण कार्यक्रमका लागि झण्डै साढे ९ करोड रुपैयाँ बजेट विनियोजन गरिएको थियो। त्यो बजेटको टेण्डर भएर आगामी आर्थिक वर्षमा पोषण सामग्री आपूर्ति हुनेछ। यस्ता कयौं शीर्षकमा विचौलियाको सुविधा अनुसार मन्त्रालयहरुमा बजेट राखिएको छ । मन्त्रालयले समान खरिद गरी बिक्री गर्ने र उपभोक्ता मार्फत हुने बाहेकका महत्वपूर्ण कार्यहरुलाई समेत बजेटमा स्थान दिएको छैन । पर्यटन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, खेलकुद तथा समाजकल्याण मन्त्रालय, कृषि मन्त्रालय लगायतमा विचौलियाहरुको बलियो पहुँच देखिएको छ । पूर्ण रुपमा कमिसन आउने कामलाई मात्र बजेटमा सरकारले प्राथमिकता दिएको छ । त्यस्ता कार्यहरुको छानबिन गर्न समिति बनेको छ। असमान्य बजेटलाई पुनर्लेखनको माग गरिरहेका विपक्षी दलहरु छानबिनमा चित्त बुझाएका छन् । हुन त विपक्षीहरुले छानबिनमा चित्त नबुझाएको भए सरकारले मार्शल लगाएर भए पनि प्रदेश सभाको बेठक सञ्चालन गर्ने तयारी गरेको थियो ।

# नेपालको तराई-मधेश क्षेत्रमा मरुभूमिकरण र खडेरीको बढ्दो प्रवृत्ति जीविकोपार्जन र जनस्वास्थ्य खतरा



डा.केदार कार्की

एरिक पी. एकहोल्मले नेपालका पहाडको समेत चर्चा गरेर लेखेको लुजिङ ग्राउन्ड, इन्भाइरोमेन्टल स्ट्रेस एन्ड वर्ल्ड फूड प्रोसपेक्टस् पुस्तकमा 'पर्यावरणको क्षयीकरण आर्थिक, सामाजिक र राजनीतिक अपर्याप्तता अर्थात् गरीबीको कारणले हुन्छ' भनेका छन्। सन् १९७६ मा प्रकाशित यो पुस्तकमा लेखकले अर्थशास्त्री, वनविज्ञ, इन्जिनियर, कृषिविज्ञ र पर्यावरणविद्ले देशको विकासमा देखिएका समस्या समाधानका उपायको आआफ्नै ढङ्गले व्याख्या गरे पनि उनीहरूबीच समन्वय नहुने गरेको उल्लेख गरेका छन्।

जब पहाडमा पर्यावरणीय परिवर्तन हुन्छ, त्यो बिस्तारै उपत्यकामा अनि समथर भ-भूभागमा पनि हुन्छ। पहाडमा बस्ने १० प्रतिशत मानिसको जीवनशैलीले गर्दा समथरमा बस्ने ४० प्रतिशतलाई असर पुग्छ, तर नेपालको पहाडमा बस्ने जनसङ्ख्या तराईको हाराहारीमा छ भने असर कस्तो होला!

आजभन्दा करीब ७० वर्षअघि संयुक्त राष्ट्रसंघबाट खटिएका फरेस्टरले नेपालका पहाडको भूक्षय अवस्थालाई 'महाविपत्ति' को संज्ञा दिएका थिए। त्यस्तै, ५३ वर्षअघि भारतले पनि कोशी नदीले ल्याउने बालुवा लगायत पूर्वी क्षेत्रको भूक्षयबारे उत्तरी सिमानासम्म अध्ययन गरेको थियो। त्यही वेलादेखि भइरहेको कटान तथा बगाएर ल्याउने बालुवा र माटोका कारण बिहारमा विपत्ति निम्तिने भएकाले कोशीलाई 'विहारको श्राप' पनि भन्ने गरिएको थियो।

त्यति वेला पहाडको भूक्षय, नदीले भिरालो जमीनबाट बगाउने उर्वर माटो र बाढीका कारण तराईको जमीन कटानलाई प्रमुख समस्याका रूपमा लिने गरिएको थियो। यसको प्रमुख कारक वन फँडानी र अव्यवस्थित बस्ती विकासलाई लिइन्थ्यो। जसले पहाडको मलिलो माटो बगाउँथ्यो।पहाडी क्षेत्र विशेष गरी चुरे पहाडमा वन फँडानी, बसोबास, बस्तीलाई जोड्न सडक निर्माण, खेतीपाती र चरिचरनका कारण भूक्षय हुन थाल्यो।

तर, पहाडको भूक्षयले तराईमा गर्ने असरबारे त्यति गहिरिएर हेरिएको थिएन, त्यसलाई समस्याका रूपमा लिइएको थिएन। पहाडको भूक्षयको समस्यालाई सम्बोधन गर्न ४८ वर्षअघि भू तथा जलाधार संरक्षण विभाग गठन गरिएको थियो।

बिस्तारै पहाडमा भौतिक विकासको क्रम बढ्दै भयो। त्यसपछि नदीले मलिलो माटो मात्र नभएर सडक खन्दा र त्यसका कारण पहिरो जाँदा बग्ने ढुङ्गामुढा, गिटी र बालुवा पनि बगाएर तराईतिर थुपार्न थाल्यो।

यस्तै, भौतिक पूर्वाधार विकासको क्रममा तराई-मधेशका जिल्लाबाट चुरे खनेर उत्तरतिर सडक बनाउन थालियो। प्रायः हरेक जिल्लाबाट कम्तीमा एउटा सडक बनेका छन्। उत्तर-दक्षिण करिडोर, मध्यपहाडी सडक र पछि आएर मदन भण्डारीमार्ग बन्दै गर्दा चुरे र अन्य पहाडहरू पनि छियाछिया भएका छन्।

त्यसमाथि हरेक स्थानीय तहले डोजर चलाएर सडक खनेका छन्। अव्यवस्थित र अवैज्ञानिक तरीकाले चुनढुङ्गा उत्खनन गरिएको छ। पहाडी क्षेत्र विशेष गरी चुरे पहाडमा वन फँडानी, बसोबास, बस्तीलाई जोड्न सडक निर्माण, खेतीपाती र चरिचरनका कारण भूक्षय हुन थाल्यो। जसले गर्दा नदीनालाले माटोसँग ढुङ्गा, गिटी, बालुवा बगाएर तराईका समथर फाँटमा थुप्रिन थाल्यो। अझ कमजोर बनावटका कारण चुरेको एक ठाउँमा मात्र उत्खनन गर्दा पनि धैरै क्षेत्र प्रभावित हुने गरेको छ।यसरी पहाड र चुरेबाट बगेको नदीजन्य पदार्थले मैदानी भूभागलाई बगरमा परिणत गरी तराई-मधेशको ठूलो भूभाग मरुभूमीकरण हुँदै गएको छ।

मधेश प्रदेशमा मात्र ११ करोड घनमिटर नदीजन्य पदार्थ बगेर आउने गरेको पाइएको छ। अध्ययनमा देखिए अनुसार, २० प्रतिशत बगेर भारत जाने गरेको अनुमान गर्दा र मधेश प्रदेशमा विकास निर्माण क्रम बढेकाले वार्षिक अधिकतम एक करोड घनमिटर अर्थात् ३५ करोड घनफिट नदीजन्य पदार्थ आवश्यक पर्छ। त्यसपछि बाँकी करीब आठ करोड घनमिटर नदीजन्य पदार्थ मधेशकै भूभागमा थुप्रिन्छ। केही मात्रामा अवैध रूपमा प्रयोग गरिन्छ वा भारततिर बेचबिखन पनि हुँदै आएको छ।

यति धैरै मात्रामा बगेर आउने नदीजन्य पदार्थले खेतीयोग्य जमीनलाई र नदी किनारका भूभागलाई बगरमा परिणत गर्दै छ। विकास निर्माणमा खर्च भएको बाहेक सामान्य तरीकाले हिसाब गर्दा दुई मिटर औसत गहिराइ मानेर आठ करोड घनमिटर नदीजन्य पदार्थ फैलिंदा हजारौं रोपनी जग्गा बगरमा परिणत हुन्छ।

यही क्रममा नदीजन्य पदार्थ तराईमा पुग्ने हो, चुरे तथा पहाडी क्षेत्रमा संरक्षण नगर्ने र तराई-मधेशमा जम्मा भएको नदीजन्य पदार्थ वैज्ञानिक रूपमा उत्खनन नगर्ने हो भने पूर्वदेखि पश्चिमसम्म तराईको हजारौं बिघा जमीन बगरमा परिणत हुने पक्का छ। अर्थात्, नदीजन्य पदार्थको क्षयीकरण पहाडमै नियन्त्रण नगर्ने हो र तराई-मधेशमा जम्मा भइराख्ने हो भने मधेश मरुभूमीकरण हुन धैरै समय लाग्नेछैन।

नेपालको तराई-मधेश क्षेत्रमा मरुभूमिकरण र खडेरीको बढ्दो प्रवृत्तिले जीविकोपार्जन र जनस्वास्थ्यमा गम्भीर खतरा निम्त्याएको छ। जलवायु परिवर्तनले यी प्रभावहरूलाई बढावा दिएको छ, जसले गर्दा बारम्बार र तीव्र चरम मौसमी घटनाहरू भइरहेका छन्। परिणामहरूमा कृषि उत्पादकत्वमा कमी, बसाइँसराइमा वृद्धि र पानीजन्य रोगहरूको सम्भावित प्रकोप समावेश छ।

**जीविकामा कमी**:

**कृषि उत्पादकत्वमा कमी**:

बढ्दो तापक्रम, खडेरी र अनियमित वर्षाको ढाँचाले बाली उत्पादन र पशुधन उत्पादनमा उल्लेखनीय प्रभाव पारिरहेको छ, जसले किसान र कृषिमा आश्रित मानिसहरूको जीविकोपार्जनलाई असर गरिरहेको छ।

**जैविक विविधताको क्षति**:

मरुभूमिकरण र खडेरीले बहुमूल्य बोटबिरुवा र पशु प्रजातिहरूको क्षति निम्त्याउन सक्छ, पारिस्थितिक प्रणालीलाई असर गर्छ र यी स्रोतहरूमा निर्भर जीविकोपार्जनलाई सम्भावित रूपमा असर गर्न सक्छ।

**बढ्दो बसाइसराइ**:

खडेरी र जमिनको क्षयीकरणले मानिसहरूलाई काम र स्रोतसाधनको खोजीमा ग्रामीण क्षेत्रबाट शहरी केन्द्रहरूमा बसाइँ सर्न बाध्य पार्न सक्छ, जसले शहरी पूर्वाधारमा दबाब दिन्छ र सम्भावित रूपमा सामाजिक द्वन्द्वलाई बढावा दिन्छ।

**गैर-कृषि जीविकोपार्जनमा प्रभाव**:

मौसम ढाँचामा परिवर्तन र पहिरो र बाढीको बढ्दो जोखिमले पर्यटन र अन्य गैर-कृषि गतिविधिहरूलाई असर गर्न सक्छ, जसले गर्दा जीविकोपार्जनमा थप असर पर्छ।

**पानीको अभाव**:

खडेरीले पानीको अभावलाई बढाउँछ, जसले गर्दा कृषि उत्पादन र पिउने र सरसफाइको लागि घरपरिवारको पानीको पहुँच दुवै प्रभावित हुन्छ।

**जनस्वास्थ्यमा प्रभाव**:

**पानीजन्य रोगहरूको बढ्दो जोखिम**:

खडेरीले पानीको गुणस्तर र उपलब्धता घटाउन सक्छ, जसले गर्दा मलेरिया, डेंगु ज्वरो, झाडापखाला र हैजा जस्ता रोगहरूको जोखिम बढ्छ।

**गर्मीसाग सम्बन्धित रोगहरू**:

बढ्दो तापक्रम र बारम्बार गर्मीका लहरहरूले गर्मी स्ट्रोक र अन्य गर्मीसँग सम्बन्धित रोगहरू निम्त्याउन सक्छ, विशेष गरी कमजोर जनसंख्यालाई असर गर्छ।

**श्वासप्रश्वास समस्याहरू**:

मरुभूमिकरणले बढाएको धुलो र बालुवाको आँधीले श्वासप्रश्वास समस्याहरूलाई अझ खराब बनाउन सक्छ।

**कुपोषण**:

कम कृषि उत्पादन र खाद्य असुरक्षाले विशेष गरी बालबालिका र गर्भवती महिलाहरूमा कुपोषण बढाउन सक्छ।

**नेपालको तराई-मधेश क्षेत्रमा बढ्दो मरुभूमिकरण रोक्न**:

**खडेरी अनुगमन र प्रारम्भिक चेतावनी प्रणाली**:

प्रभावकारी न्यूनीकरण र अनुकूलन रणनीतिहरूको कार्यान्वयनको लागि खडेरीको सही र समयमै अनुगमन महत्त्वपूर्ण छ।

**दिगो भूमि व्यवस्थापन अभ्यासहरू**:

पानी संरक्षण र माटो पुनर्स्थापना जस्ता दिगो भूमि व्यवस्थापन अभ्यासहरूको प्रवर्द्धनले मरुभूमिकरण कम गर्न र भूमि उत्पादकता सुधार गर्न मद्दत गर्न सक्छ।

**जीविकोपार्जनको विविधीकरण**:

वैकल्पिक आय-उत्पादन गतिविधिहरूको विकासलाई प्रोत्साहन गर्नाले कृषिमा निर्भरता कम गर्न र समुदायहरूलाई जलवायु झट्काको लागि अझ लचिलो बनाउन सकिन्छ।ग्रामीण क्षेत्रहरूमा जनसंख्या वृद्धि व्यवस्थापन र दिगो जीविकोपार्जन प्रवर्द्धन गर्नाले भूमि स्रोतहरूमा दबाब कम गर्न सकिन्छ।

**समुदाय-आधारित अनुकूलन**:

अनुकूलन रणनीतिहरूको डिजाइन र कार्यान्वयनमा स्थानीय समुदायहरूलाई संलग्न गराउनु तिनीहरूको प्रभावकारिता र दिगोपन सुनिश्चित गर्न आवश्यक छ।दिगो अभ्यासहरूलाई प्रवर्द्धन गर्न र सामुदायिक सहभागितालाई प्रोत्साहित गर्न मरुभूमिकरणको कारण र परिणामहरूको बारेमा जनचेतना जगाउनु आवश्यक छ।किसान र अन्य समुदायका सदस्यहरूलाई दिगो भूमि व्यवस्थापन र पानी संरक्षण प्रविधिहरूमा तालिम प्रदान गर्नु महत्त्वपूर्ण छ।स्थानीय रूपमा संचालित पहलहरूलाई समर्थन गर्नु र समुदायहरूलाई उनीहरूको विशेष आवश्यकताहरू अनुरूप समाधानहरू विकास र कार्यान्वयन गर्न सशक्त बनाउनु दीर्घकालीन सफलताको लागि महत्त्वपूर्ण छ।

**स्वास्थ्य प्रणालीहरूलाई सुदृढीकरण**:

खडेरी र मरुभूमिकरणको स्वास्थ्य प्रभावहरू विरुद्ध लड्न सार्वजनिक स्वास्थ्य पूर्वाधार र क्षमता निर्माणमा लगानी गर्नु महत्त्वपूर्ण छ।

**जलवायु-लचिलो कृषि**:

बाली परिक्रमा र संरक्षण जोताइ (माटोको अशान्ति कम गर्ने विधिहरू) लागू गर्नाले माटोको स्वास्थ्य र उर्वरतामा सुधार आउन सक्छ।कृषि प्रणालीमा रूख र झाडीहरूलाई समावेश गर्नाले माटो संरक्षण, पानी धारण क्षमतामा सुधार र जैविक विविधतामा वृद्धि सहित धैरै फाइदाहरू प्रदान गर्न सकिन्छ।जैविक खेती अभ्यासहरूलाई प्रोत्साहन गर्नाले कृत्रिम मल र कीटनाशकहरूमा निर्भरता कम हुन्छ, जसले माटोको स्वास्थ्यलाई हानि पुऱ्याउन सक्छ र मरुभूमिकरणमा योगदान पुऱ्याउन सक्छ।टेरासिङ, कन्टूर जोताइ र आवरण बालीहरूको प्रयोग जस्ता उपायहरूले मरुभूमिकरणको प्रमुख कारण माटोको क्षय रोक्न मद्दत गर्न सक्छ।

जलवायु-लचिलो कृषि अभ्यासहरू, जस्तै खडेरी-प्रतिरोधी बाली र पानी-कुशल सिँचाइ प्रविधिहरूको प्रवर्द्धनले खाद्य सुरक्षा र जीविकोपार्जन सुधार गर्न मद्दत गर्न सक्छ।दिगो चरन अभ्यासहरूलाई प्रोत्साहन गर्नु र वैकल्पिक आयआर्जन गर्ने गतिविधिहरूलाई प्रवर्द्धन गर्नाले अति चरन र भूमिको क्षयीकरण कम गर्न मद्दत गर्न सक्छ।

खडेरी र मरुभूमिकरणको प्रभावलाई कम गर्न न्यूनीकरण र अनुकूलन रणनीतिहरू मार्फत जलवायु परिवर्तनलाई सम्बोधन गर्नु महत्त्वपूर्ण छ।

यी उपायहरू लागू गरेर, तराई-मधेश क्षेत्रले थप मरुभूमिकरण रोक्न र क्षय भएका भूमिहरू पुनर्स्थापित गर्न काम गर्न सक्छ, जसले गर्दा यसको समुदाय र पारिस्थितिक प्रणालीहरूको लागि अझ दिगो भविष्य सुनिश्चित हुन्छ।

जलस्रोत व्यवस्थापनः

पानीको अभावलाई सम्बोधन गर्न र सबैका लागि पानीमा समान पहुँच सुनिश्चित गर्न प्रभावकारी जलस्रोत व्यवस्थापन महत्त्वपूर्ण छ।

यी उपायहरू लागू गरेर, नेपालले तराई-मधेश क्षेत्रमा मरुभूमिकरण र खडेरीको प्रभावहरूप्रति लचिलोपन निर्माण गर्न र आफ्ना समुदायहरूको जीविकोपार्जन र जनस्वास्थ्यको रक्षा गर्न काम गर्न सक्छ।साना बाँध र पोखरीहरू निर्माण गर्ने जस्ता वर्षाको पानी संकलन प्रविधिहरू लागू गर्नाले सुख्खा अवधिमा सिँचाइ र अन्य प्रयोगको लागि पानी भण्डारण गर्न मद्दत गर्न सक्छ। थोपा सिँचाइ प्रयोग गर्नाले पानीको बर्बादी कम गर्न र बालीनालीहरूलाई कुशल पानी आपूर्ति सुनिश्चित गर्न सकिन्छ।सीमेसारको संरक्षण र पुनर्स्थापनाले पानीको प्रवाहलाई नियमन गर्न, भूजल रिचार्ज गर्न र खडेरीको प्रभावलाई कम गर्न मद्दत गर्न सक्छ।

पुनर्वनीकरण र वृक्षारोपणः

पुनर्वनीकरण प्रयासहरू, जसमा क्षय भएका क्षेत्रहरूमा रूख रोप्ने र वनीकरण, पहिले अनुपस्थित क्षेत्रहरूमा रूख रोप्ने समावेश छ, माटोलाई स्थिर बनाउन, क्षय कम गर्न र पानी धारण क्षमता सुधार गर्न मद्दत गर्न सक्छ।सामुदायिक वन कार्यक्रमहरू मार्फत वन व्यवस्थापन र संरक्षण गर्न स्थानीय समुदायहरूलाई सशक्त बनाउनु मरुभूमिकरण विरुद्ध लड्न अत्यधिक प्रभावकारी हुन सक्छ।

यसका लागि २०७१ सालमा लिइएको नदीजन्य पदार्थको उत्खननमा कडाइ गर्ने र खोलामा नदीजन्य पदार्थ उत्खनन गर्न नदिने नीतिलाई जलस्रोतविज्ञ, भूगर्भविद्, भूमि र कृषिविज्ञ, वनविज्ञ लगायतसँग छलफल गरेर पुनर्विचार गर्नुपर्छ। त्यस्तै, पहाडमा गरिने भौतिक विकासका पूर्वाधारका मापदण्ड कडा बनाउन, चुरे क्षेत्रमा भूक्षय हुन नदिन थप पूर्वाधार विकास नगर्ने नीति बनाउन, तराई-मधेशमा जम्मा हुने नदीजन्य पदार्थको वैज्ञानिक उपयोग गरेर विकास र अर्थतन्त्रलाई गति दिन स्थानीय, प्रदेश र संघीय सरकार लाग्न जरुरी भइसकेको छ। यससँगै तराई-मधेशलाई मरुभूमीकरणबाट जोगाउन बहुआयामिक अध्ययन, अनुसन्धान, नीतिको विकास र कार्यक्रम बनाउन पनि आवश्यक छ।

त्यस्तै, चुरे संरक्षणको कडा नीति ल्याउन, पहाडी क्षेत्रमा पहाड काटेर गरिने भौतिक पूर्वाधार निर्माणमा उचित मापदण्ड बनाउन, तराई-मधेशलाई मरुभूमीकरण हुनबाट रोक्न र सुशासनको पक्षलाई सबल बनाउने गरी कदम चाल्न ढिलाइ गर्नुहुन्न। वैज्ञानिक रूपले व्यवस्थापन गरिएको नदीजन्य पदार्थले विकास निर्माण, अर्थतन्त्र, रोजगारी सिर्जना, आयआर्जन र राजस्ववृद्धि दिने योगदानको अध्ययन र मूल्याङ्कन हुन पनि जरुरी छ।

चुरे समितिले गराएका अध्ययनले पनि त्यस्तै निष्कर्ष निकालेको छ। नदीजन्य पदार्थको उपयुक्त परिमाणमा वैज्ञानिक रूपले उत्खनन नहुँदा खेतीयोग्य भूभाग मरुभूमीकरण हुँदै गएको अध्ययनले देखाएको छ। यी दुई अध्ययनलाई शुरूआत मानेर चुरेको दिगो संरक्षण र तराई-मधेशमा जम्मा हुने नदीजन्य पदार्थको व्यवस्थित प्रयोगका लागि नीति र दृष्टिकोणमा परिवर्तन गर्नुपर्छ। यसमा सबै निकाय र सरकारले गम्भीरतापूर्वक पहल गर्नुपर्छ।

नेपालको तराई-मधेश क्षेत्रमा बढ्दो मरुभूमिकरणलाई उल्टाउन दिगो भूमि व्यवस्थापन अभ्यास, पुनर्वनीकरण, सुधारिएको पानी व्यवस्थापन र समुदायको सहभागिताको संयोजन अत्यावश्यक छ। यसमा कृषि वनीकरणको प्रवर्द्धन, खडेरी प्रतिरोधी बालीहरूको प्रयोग, पानी संकलन प्रविधिको कार्यान्वयन र संरक्षण प्रयासहरूमा स्थानीय समुदायको सक्रिय संलग्नता समावेश छ।

# मधेश प्रदेशमा पर्यटन विकासको चुनौती र सम्भावना:



प्रा.डा. सूर्य नाथ मिश्र

मधेश प्रदेश नेपालको मध्य-दक्षिणी क्षेत्रमा अवस्थित छ। यस प्रदेशको पूर्व दिशामा कोशी प्रदेश, उत्तर दिशामा कोशी प्रदेश र बागमती प्रदेश, पश्चिम दिशामा बागमती प्रदेश र दक्षिणमा भारतको बिहार प्रदेश छ। यसको क्षेत्रफल ९६६१ वर्ग कि.मि. र जनसंख्या ६१,२६,२८८ रहेको छ। यो प्रदेश क्षेत्रफलको आधारमा मुलुकको सबै भन्दा सानो, तर जनसंख्याको आधारमा दोश्रो ठूलो प्रदेश हो। यसमा मुलुकका ७७ वटा जिल्ला मध्ये सिर्फ ८ वटा जिल्ला ( सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा ) छन्। शौभाग्यवस, यसको प्रत्येक जिल्लामा प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्व वोकेका केही सुप्रसिद्ध पर्यटकीय स्थलहरु छन्। यी प्रमुख पर्यटकीय स्थलहरु निम्नानुसार छन :

यस प्रदेशको सप्तरी जिल्लामा कंकालिनी भगवती मन्दिर, छिन्नमस्ता भगवती मन्दिर राजदेवी मन्दिर, कोशी टप्पु वन्यजन्तु आरक्ष; सिरहामा सलहेस फूलवारी, पतारि मेला, राजदेबी मन्दिर ( ढोडना ), कमल दह, मनिक दह र हाथि दह; धनुषामा जानकी मन्दिर, राम मन्दिर, धनुष सागर, गंगा सागर, रंग भूमि, बिबाह मण्डप, धनुषाधाम, कपिलेश्वरनाथ महादेव मन्दिर र क्षिरेश्वरनाथ महादेव मन्दिर; महोत्तरीमा जलेश्वरनाथ महादेव मन्दिर , मटिहानी स्थान, परौल स्थान, सोना माई स्थान, कन्चन वन, ध्रुब कुण्ड, सिंघवाहिनी मन्दिर र गौशालाधाम; सर्लाहीमा चमेली माई मन्दिर, सितला माई मन्दिर, तारकेश्वर महादेव मन्दिर, मुक्तेश्वरनाथ मन्दिर, पथरकोट मन्दिर, नुनथर पहाड, नेडिमेन लेक, भरत दह र नवलपुर फार्म; रौतहटमा निजानन्दधाम, रानीवास मन्दिर, मौलापुर मधानी र बागमती बैराज; बारामा गढीमाई मन्दिर , सिमरौन गढ दरवार र परवानीपुर फार्म; र पर्सामा गहवामाई, बुद्ध विहार मन्दिर, घडिअर्वा पोखरी र पर्सा राष्ट्रिय निकुञ्ज छन्। यी पर्यटकीय स्थलहरुमा धार्मिक चाडपर्वहरुमा आन्तरिक ( नेपालका अन्य प्रदेशहरुबाट ) र वाह्य ( भारतका बिभिन्न प्रदेशहरुबाट ) पर्यटकहरु लाखौंको संख्यामा बर्षेणी आँउछन्। तर, यिनीहरुको ठहराव ज्यादै छोटो ( एकाध दिनको मात्रै ) हुन्छ। हाम्रो देशको कुल गार्हस्थ उत्पादनमा पर्यटनको योगदान ६.७ प्रतिशत छ। यस उद्योगको बैदेशिक मुद्राको आर्जनमा पनि उल्लेखनीय योगदान छ। यसबाट परिवहन, पाहुना घर, होटल-रेष्टुरेणट, शिल्पकृति तथा हस्तकला व्यावसायीहरु पनि अप्रत्यक्ष रुपमा निकै लाभान्वित हुन्छन्। र, मुलुकमा रोजगारीको अवसरको पनि सृजना हुन्छ। दुर्भाग्यवश, मधेश प्रदेशको कुल गार्हस्थ उत्पादनमा यस उद्योगको योगदान सिर्फ ०.८८ प्रतिशत छ। यस प्रदेशमा पर्यटन विकासका प्रमुख चुनौतीहरु निम्नासुार छनः

**जीर्णसीर्ण पर्यटकीय स्थल**

प्राचीन मिथिला राज्य / वर्तमान मधेश प्रदेशको राजधानी जनकपुरधाम संसारका १.२ अरब हिन्दू धर्मावलम्बीका आराध्य देबी जानकी ( सीता ) को जन्मभूमि हो। यो पावन भूमि खास गरी धार्मिक पर्यटनको लागि सुप्रसिद्ध छ। यहाँ संसारका बिभिन्न देशबाट उल्लेख्य संख्यामा धार्मिक पर्यटकहरु वर्षेणी आँउछन्। हिन्दू धर्ममा स्नान गर्नुलाई धार्मिक अनुष्ठानको एउटा हिस्सा मानिने भएकोले उनीहरु यहाँका तलाउहरुमा स्नान गरेपछि बिभिन्न मन्दिरहरुमा गएर पूजा-आजा गर्दछन्। दुर्भाग्यवस, यहाँका अधिकांश तलाउको पानी प्रदूषित छ। र, मन्दिरहरु जीर्णसीर्ण अवस्थामा छन्। उनीहरुले यहाँ भोग्नु परेका तिता अनुभव घर फर्किएपछि आ-आफ्ना नातेदारहरुलाई साझा गर्नु स्वभाविकै हो। यसबाट सम्भावित पर्यटकहरु दुरुत्साहित हुन्छन्। साँच्चै भन्ने हो भने, यहाँका जीर्णसीर्ण पर्यटकीय स्थलहरु पर्यटनको विकासमा एक महत्वपूर्ण चुनौती हो। हाम्रो प्रादेशिक र स्थानीय सरकारले यिनीहरुको समय-समयमा सरसफाई, मरमत्तसम्हार, जिर्नोद्धार र सौन्दर्यीकरण गर्नु / गराउनु अत्यन्त जरुरी छ।

**अपर्याप्त पुर्वाधार**

यस प्रदेश स्थित जिल्लाका सदरमुकामहरु बाहेकका पर्यटकीय स्थलहरुमा अझै पनि पक्की बाटो, बिजुलीबती, खाने पानी, टहरो र शौचालयको अभाव छ। यो अपर्याप्त पुर्वाधार पनि यसको पर्यटन विकासमा एउटा मुख्य चुनौती हो। हाम्रो प्रदेश र स्थानीय सरकारले पर्यटकीय स्थलहरुको पुर्वाधार विकासलाई प्राथमिकता दिनु जरुरी छ। स्मरणीय छ, पर्यटन उद्योगको पुर्वाधार विकासमा गरिने पूँजीगत खर्च दीर्घकालीन प्रतिफल दिने एक उत्पादक लगानी हो।

> यस प्रदेशको राजधानी जनकपुरधामको सबैभन्दा ठूलो चुनौती अव्यवस्थित ढल तथा फोहोर विसर्जन हो। यसका मुल सडक र गल्लीका छेउछाउ जताततै फोहोरको डंगुर रहन्छ। खास गरी बर्सातको समयमा यसका नालाहरुमा जमेको हिलो अधिप्रवाहित भएर सम्पूर्ण बाटोघाटो हिलोहिलामय हुन्छ। यस समस्याबाट यसका सबै जिल्लाका सदरमुकामहरु थोरधेर ग्रसित छन। यस्तो अवस्थामा यहाँ पर्यटकहरुको संख्या बर्षा याममा ह्वातै घट्नु स्वभाविकै हो। अत:, हाम्रो स्थानीय सरकारले खास गरी पर्यटकीय स्थलहरुमा ढल तथा फोहोरको समुचित व्यवस्थापन अविलम्ब गर्नु / गराउनु अपरिहार्य छ।

**अव्यवस्थित ढल तथा फोहोर विसर्जन**

यस प्रदेशको राजधानी जनकपुरधामको सबैभन्दा ठूलो चुनौती अव्यवस्थित ढल तथा फोहोर विसर्जन हो। यसका मुल सडक र गल्लीका छेउछाउ जताततै फोहोरको डंगुर रहन्छ। खास गरी बर्सातको समयमा यसका नालाहरुमा जमेको हिलो अधिप्रवाहित भएर सम्पूर्ण बाटोघाटो हिलोहिलामय हुन्छ। यस समस्याबाट यसका सबै जिल्लाका सदरमुकामहरु थोरधेर ग्रसित छन। यस्तो अवस्थामा यहाँ पर्यटकहरुको संख्या बर्षा याममा ह्वातै घट्नु स्वभाविकै हो। अतः, हाम्रो स्थानीय सरकारले खास गरी पर्यटकीय स्थलहरुमा ढल तथा फोहोरको समुचित व्यवस्थापन अविलम्ब गर्नु / गराउनु अपरिहार्य छ।

**अत्यन्त न्यून तथा दुर्गन्धित शौचालय**

यस प्रदेशका पर्यटकीय स्थलहरुमा तीर्थालुको आगमन संख्याको अनुपातमा शौचालयको संख्या ज्यादै न्यून छ। र, यी शौचालयहरु पानीको अभावमा ज्यादै फोहोर तथा दुर्गन्धित हुन्छन्। बिचरा तीर्थालुहरु बाटघाटामैं दिसा-पिसाब गर्न बाध्य हुन्छन्। सम्पूर्ण पर्यटकीय स्थल प्रदुषित हुन्छ। उनीहरु आ-आफ्ना भ्रमणको अवधिलाई छोट्याउन बाध्य हुन्छन्। पर्यटन क्षेत्रको आय प्रभावित हुन्छ। र, स्थानीय जनता प्रदुषणबाट पीडित हुन्छन्। यस समस्याको बारेमा प्रत्येक वर्ष रामनवमी, बिबाहपंचमी, आदिको भोलि पल्ट व्यापक चर्चापरिचर्चा गरिन्छ। तर, यसको समाधान अझै पनि हुन सकेको छैन। अतः, स्थानीय सरकारले आवश्यकतानुसार शौचालय निर्माण र त्यसमा पानीको पर्याप्त आपूर्ति यथाशीघ्र गर्नु / गराउनु जरुरी छ।

**अपर्याप्त पाहुना घर**

यस प्रदेशका पर्यटकीय स्थलहरुमा बिभिन्न धार्मिक र सांस्कृतिक चाडपर्वहरूमा तीर्थालुहरु लाखौंको संख्यामा आँउछन्, तर उनीहरुको ठहरावको अवधि ज्यादै छोटो हुन्छ। यसका बिभिन्न कारणहरु मध्ये अपर्याप्त पाहुना घर पनि एक हो। पर्यटकीय आयलाई उकास्नको लागि उनीहरुको ठहराव अवधिलाई बढाउनु अत्यन्त जरुरी छ। यसको लागि न्यून्तम सात दिने भ्रमण प्याकेज तयार पार्नु आवश्यक छ। र, उनीहरुको रात्रि विश्राम तथा भोजनको लागि उपयुक्त सात वटा स्थलमा आवश्यक पाहुना घर, होटल र रेष्टुरेणट निर्माणार्थ सम्बन्धित क्षेत्रका व्यावसायीबरुलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउनु र उनीहरुलाई दश वर्षको कर अवकाश दिनु जरुरी छ।

**निष्प्रभावी ट्राभेल एजेन्सी तथा टुर अपरेटर**

यस प्रदेशको पर्यटन विकासमा स्थानीय ट्राभेल एजेन्सी तथा टुर अपरेटरहरुको भूमिका प्रायः प्रभावहीन छ। यिनीहरुको अन्तर्राष्ट्रिय ( भारतीय ) पर्यटकहरुलाई मधेश प्रदेशमा आकर्षित गर्नु, उनीहरुको लागि भ्रमण योजना तथा कार्यक्रम बनाउनु, आवश्यक परिवहन, पाहुना घर तथा होटलको व्यवस्था मिलाउनु, यस प्रदेश स्थित महत्वपूर्ण पर्यटकीय स्थलहरुमा भ्रमण गराउनु, उक्त स्थलहरुको प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वको बारेमा विस्तृत जानकारी गराउनु र उक्त भ्रमणलाई सहज, सुखद र सार्थक बनाउनु भन्दा बढी ध्यान यस प्रदेशका जनतालाई भारतीय तीर्थस्थलहरुको यात्राको लागि अभिप्रेरित गर्नु र उनीहरुकोलागि आवश्यक परिवहन तथा अन्य व्यवस्था मिलाउनुमा केन्द्रित भएको देखिन्छ। हाम्रो प्रदेश सरकारले स्थनीय ट्राभेल एजेन्सी तथा टुर अपरेटरहरुसंग सामुहिक रुपमा अन्तर्क्रिया गर्नु, यिनीहरुका समस्याहरु बुझ्नु, उक्त समस्याहरुको समुचित समाधान गर्नु र यिनीहरुलाई आवश्यक सुविधा तथा सहुलियत सम्बन्धित निकायहरुबाट उपलब्ध गराई प्रोत्साहित गर्नु जरुरी छ।

**खस्किदो शान्ति-सुरक्षा**

यस प्रदेशमा शान्ति-सुरक्षाको खस्किदो अवस्था पनि पर्यटनको विकासमा एउटा महत्वपूर्ण चुनौती हो। वर्तमान यान्त्रिक युगमा जति सुकै सुरक्षा सावधानी अपनाउदा पनि कहिलेकाहीं सडक दुर्घटना घटित भैहाल्दारहेछन्। दुर्भाग्यवस, सडक दुर्घटना घटित हुँदाखेरि पनि यहाँ चालकलाई बेस्सरी कुटिन्छ र सडक तथा बजार बन्द गरिन्छ। यसबाट पर्यटकहरुको योजना र कार्यक्रम प्रभावित हुन्छ। वास्तवमा भन्ने हो भने टूरिष्ट बसलाई जस्तो सुकै अवस्थामा पनि निर्बाध रुपमा संचालन हुनदिनु पर्दछ। साथै, यहाँ मेला महोत्सवहरुमा पाकेटमारी, लुटपाट र छेडछाड जस्ता आपराधिक घटनाहरु पनि घटित भैरहन्छन्। यसबाट पर्यटकहरु भयभीत तथा हतोत्साहित हुन्छन्।

# भानुभक्त मातृभाषालाई माया गर्ने साझा कविः राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले भानुभक्त नेपाली भाषा मात्रै नभई मातृभाषालाई माया गर्ने साझा कवि भएको बताउनुभएको छ ।

आइतबार २१२ औँ भानुजयन्तीका अवसरमा नेपाल प्रज्ञा-प्रतिष्ठान र भानु साहित्य उद्यानले शीतल निवासमा आयोजना गरेको विशेष समारोहमा राष्ट्रपतिले प्रत्येक भाषाका स्रष्टाले भानुभक्तबाट प्रेरणा लिएर आफ्नो मातृभाषामा साहित्य सिर्जना गरी नेपाली समाजलाई विविध भाषा र साहित्यको सुन्दर बगैँचाका रूपमा सिँगार्न सक्नुपर्नेमा जोड दिनुभयो ।

भानु साहित्य उद्यानले अघि सारेको चुँदीरम्घालाई साहित्यिक तीर्थस्थलका रूपमा विकास गर्ने अवधारणामा पनि यस्तै साझा सांस्कृतिक परिवेश निर्माण गर्ने चाहना प्रतिविम्बित गर्न उहाँले आग्रह गर्नुभयो ।

राष्ट्रपति पौडेलले भन्नुभयो, "भानुभक्तलाई केन्द्रमा राखेर नेपाली भाषाका प्रमुख र नेपालका विविध भाषाका स्रष्टालाई एकसाथ जोड्नुपर्छ, त्यसबाट साझा नेपाली संस्कृतिलाई बलियो बनाउन सकिन्छ ।" उहाँले भानुभक्तको जन्मस्थल चुँदीरम्घालाई विश्वभरि छरिएर रहेका नेपाली र नेपाललाई बुझ्न चाहने विश्वका मानिसले जीवनमा कम्तीमा एकपटक भ्रमण गर्नैपर्ने ठाउँका रुपमा विकास गर्न आवश्यक रहेको बताउनुभयो । यसबाट उक्त स्थानको पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने उहाँको भनाइ थियो ।

राष्ट्रपति पौडेलले भानु उद्यानलाई नेपाली संस्कृतिको साझा केन्द्रका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुहुँदै नेपालका सातवटै प्रदेशका प्रमुख सांस्कृतिक केन्द्रलाई प्रतिविम्बित गरी त्यसलाई सप्तधामका रूपमा अघि बढाउन आग्रह गर्नुभयो ।

राष्ट्रपति पौडेलले भानुभक्तको युगमा नेपाली राष्ट्रियताको जग बस्दै गरेको र राष्ट्रनिर्माणको अभियानमा नेपाली योद्धाहरू पूर्वमा टिस्टा नदीसम्म र पश्चिममा काँगडासम्म पुगेको बताउनुभयो । तत्कालीन समयमा राज्यको नीति लोककल्याणतर्फ उन्मुख नभएको उहाँको भनाइ थियो ।

त्यस अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले अहिले जस्तो सञ्चार र सूचनाको प्रभावकारी माध्यम नभएका समयमा रामायणले नेपाली भाषीबीचमा एकता कायम गर्न ठूलो योगदान गरेको र उक्त योगदान आदिकविको भएको बताउनुभयो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भुपाल राईले सबै भाषाभाषीका अग्रजहरुलाई समेट्ने गरी तनहुँमा अघि बढाइएको उद्यानजस्तै प्रज्ञा-प्रतिष्ठानभित्र त्यसप्रकारको अवधारणामा काम सुरु गर्ने लक्ष्य लिइएको बताउनुभयो । त्यसका लागि स्रोत व्यवस्थापनको काम गर्ने प्रयास भइरहेको उहाँको भनाइ छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति वैरागी काइँलाले आदिकविले लोकको हित गरुँ भनी गर्नुभएको रचना अहिलेको लोककल्याणकारी राज्यको आदर्शसँग मिल्दोजुल्दो रहेको बताउनुभयो । त्यस अवसरमा डा नवराज लम्साल र धीरेन्द्र प्रेमर्षिलगायत १० जना कविहरुले भानुभक्त आचार्य र रामायाणसँग सम्बन्धित विषयमा कविता वाचन गर्नुभएको थियो ।रासस

# विपद्सम्बन्धी तयारी अवस्थामा छौँः गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले मनसुनजन्य विपद्सम्बन्धी पूर्वसूचना प्राप्ति र प्रतिकार्यका लागि मातहतका निकाय देशभर नै तयारी अवस्थामा रहेको बताउनुभएको छ ।

राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आइतबारको बैठकमा उहाँले प्राकृतिक प्रकोपको जोखिमबाट हुने क्षति न्यूनीकरण गर्नका लागि पूर्वसूचना पहिलो आवश्यकता भएको बताउनुभयो ।गृहमन्त्री लेखकले भन्नुभयो, "पूर्वानुमानलाई सूचनाका रुपमा सम्प्रेषण गरियो भने जनधनको क्षति रोक्न सक्छौ । हाम्रो मनसुनको पूर्वाअनुमान गर्ने निकायको प्रक्षेपण नतिजा राम्रो छ, पूर्वसूचनालाई प्राथमिकतामा राखेर काम गरिरहेका छौ ।"

प्राकृतिक भूगोलका हिसाबले नेपाल अत्यन्त जोखिम अवस्थामा रहेको बताउँदै उहाँले भूकम्पलगायतका विपद् र प्राकृतिक प्रकोपका हिसाबले जुनसुकै बेला जेसुकै हुनसक्ने अवस्था रहेको धारणा व्यक्त गर्नुभयो । गृहमन्त्री लेखकले भन्नुभयो, "नेपाल भूकम्प, खण्डवृष्टि, अतिवृष्टि, अनावृष्टिका कारण निम्तन सक्ने बाढी, पहिरो, डुवानजस्ता प्राकृतिक प्रकोपको जोखिममा छ, आजैका दिनपनि एकातिर बाढी छ भने अर्कातर्फ तराईमा सुक्खा भएर खानेपानीको समेत समस्या भइरहेको छ । चट्याङको पनि त्यस्तै समस्या छ ।"

पूर्वतयारीका सन्दर्भमा मनसुन अगाडि नै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललाई बाढी, पहिरो, डुवानपछिको प्रतिकार्यलाई समन्वयकासाथ चुस्त



"पूर्वानुमानलाई सूचनाका रुपमा सम्प्रेषण गरियो भने जनधनको क्षति रोक्न सक्छौ । हाम्रो मनसुनको पूर्वाअनुमान गर्ने निकायको प्रक्षेपण नतिजा राम्रो छ, पूर्वसूचनालाई प्राथमिकतामा राखेर काम गरिरहेका छौ ।"

तुल्याउन तथा सूचना प्रणालीलाई चुस्त र व्यवस्थित गरी पहिले नै सूचना दिने व्यवस्था निर्देशन दिइसकेको उहाँले बताउनुभयो ।

विपद् भएको खण्डमा प्रतिकार्यका क्रममा खोज, उद्धार, राहत, पुनःनिर्माण र पुनःस्थापनालाई प्राथमिकता निर्धारण गरिने बताउँदै उहाँले भन्नुभयो, "रसुवामा भएको घटनामा अहिले खोज र उद्धारमै संलग्न छौँ । त्यसपछि राहत र पुनःनिर्माणको काम अघि बढ्छ ।"

बाढी पहिरोजस्ता विपद्मा परेका व्यक्तिलाई राहत प्रदान र घाइतेको निःशुल्क उपचार गर्ने व्यवस्था सरकारले मिलाएको जानकारी दिँदै उहाँले रसुवामा २० जना व्यक्ति नेपाली भूमिबाट तथा ११ जना चीनको भू-भागबाट हराएको भन्ने खबर प्राप्त भएको बताउनुभयो । त्यसमध्ये ११ जनाको शव भेटिएकामा दुई जनाको मात्रै सनाखत भएको उहाँको भनाइ छ । "अहिले खोज र उद्धार क्रममा १० दिनसम्म फेला नपरेमा परिवारलाई मृतक परिवार सरह राहत उपलब्ध गराइनेछ, पुनःनिर्माण र पुनःस्थापनका लागि पनि सरकार तयारी अवस्थामा छ, त्यसमा कुनै कमी कम्जोरी हुनेछैन", गृहमन्त्री लेखकले भन्नुभयो ।

यसअघि समिति सदस्यहरुले विकास र विपदलाई जोडेर काम गर्न नसकिएमा ठूलो क्षति हुने विषयलाई गम्भीरताकासाथ आत्मसात गर्न सरकारलाई सुझाव दिँदै विपद्का समयमा के गर्ने भन्नेबारे जनप्रतिनिधिसमेतलाई प्रशिक्षणको खाँचो औल्याउनुभयो ।सुरक्षामा खटिने सुरक्षाकर्मीकै कार्यालय र बासस्थान असुरक्षित रहेकाले त्यसतर्फ गम्भीर हुन सरकारलाई सुझाव दिँदै उहाँहरुले विपद्मा परेकालाई समयमै राहत उपलब्ध गराउने चुस्त व्यवस्थापन मिलाउन सल्लाह दिनुभयो ।

समिति सदस्यहरुले विपद् भनेको खोज, राहत र उद्धारलाई मात्र नबुझीदिन आग्रह गर्दै यसपटक रसुवामा भएको बाढीको घटनापछि सरकारले चालेका खोजतलास र उद्धारको कार्य प्रशंसनीय रहेको धारणा राख्नुभयो । यसअघि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख ई दिनेश भट्टले रसुवा हिमबाढीको क्षति, खोज तथा उद्धारसम्बन्धी हालसम्मको अवस्था संसदीय समितिलाई जानकारी गराउनुभएको थियो ।रासस

# त्रुटि छानबिन गर्न गठित समितिको संयोजक पदलाई सभापति परिणत



काठमाण्डु।प्रतिनिधिसभाअन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहित सदनमा प्रस्तुत भएको सङ्घीय निजामती सेवा विधेयक, २०८० मा त्रुटि भएको विषयमा छानबिन गर्न गठित विशेष समितिको संयोजक पदलाई सभापतिमा परिणत गरिएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकले उक्त अध्ययन समितिमा सभापति रहने सहमति दिएको हो । सभामुख देवराज घिमिरेले समिति गठन भएको दिनबाटै लागू हुनेगरी संयोजक पदलाई सभापति काम गरिएको बताउनुभयो ।

सङ्घीय निजामती सेवा विधेयक, २०८० माथिको राज्यव्यवस्था समितिको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा अध्ययन तथा छानबिन गर्नका लागि यही असार २३ गते प्रतिनिधिसभाद्वारा विशेष समिति गठन भएको थियो । प्रतिनिधिसभाद्वारा गठित उक्त विशेष समितिको संयोजक तोकिएकामा सदनभित्रै त्यसको विरोधसमेत भएको थियो ।

निजामती सेवा विधेयकलाई राज्यव्यवस्था समितिबाट प्रतिनिधिसभामा पठाउँदा अवकाशप्राप्त निजामती कर्मचारीको 'कुलिङ पिरियड'सम्बन्धी व्यवस्थामा छेडखानी भएका विषयमा अध्ययन तथा छानविनका लागि उक्त विशेष समिति गठन भएको थियो ।रासस

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिकालाई प्रभावकारी बनाइनुपर्ने

काठमाण्डु । सांसदहरुले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिकालाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभएको छ ।

राष्ट्रियसभाअन्तगर्तको सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको आइतबार सिंहदरबारमा बसेको बैठकमा सांसदहरुले वित्तीय सङ्घीयताका लागि आयोगलाई सक्रिय बनाउन र प्राकृतिक स्रोतको राजश्व बाँडफाँटलाई समन्ययिक बनाउन आवश्यक कानुन तर्जुमा गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । सांसद उदयबहादुर बोहोराले वित्तीय सङ्घीयताका लागि आयोगले प्रभावकारी भूमिका खेल्न नसकेको जिकिर गर्नुभयो।सांसदशेखरकुमार सिंहले स्थानीय सरकारले सङ्घीयता सवलीकरणका लागि बढी मेहेनत गर्न जरुरी भएको बताउनुभयो । सांसद जगप्रसाद शर्माले सङ्घीयता सवलीकरणका लागि आयोगलाई नीतिगत रुपमा बलियो बनाइनुपर्नेमा जोड दिनुभयो ।



सांसद इन्दिरादेवी गौतमले प्राकृतिक स्रोतसाधनको पहिचान र व्यवस्थापनतर्फ ध्यान दिन सुझाव दिनुभयो । सांसद विष्णुकुमारी सापकोटाले सङ्घीयतालाई सफल बनाउने आधार स्थानीय सरकार भएको भन्दै प्राकृतिक कच्चापदार्थको सदुपयोग गरेर आर्थिक सवलीकरण गर्नुपर्नेमा जोड दिनुभयो । सांसद किरणबाबु श्रेष्ठले वित्त आयोग र सरकारको कामबीच प्रभावकारी समन्वय हुन जरुरी रहेको बताउनुभयो । सांसद नारायणदत्त मिश्रले प्राकृतिक स्रोत र राजश्व बाँडफाँटलाई सन्तुलित र जवाफदेही बनाइनुपर्ने बताउनुभयो ।

वित्तीय सङ्घीयता कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट भएका कामकारबाही, आयोगका सिफारिस र सोको कार्यान्वयनको अवस्थाका बारेमा समितिले आयोगका पदाधिकारीहरूसँग छलफल गरेको हो । समितिका सभापति सोनाम गेल्जेन शेर्पाले प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनतर्फ आयोगको ध्यान जानुपर्नेमा जोड दिनुभयो । उहाँले आयोगको कामकारबाहीलाई थप प्रभावकारी र पारदर्शी बनाउन सरोकार भएका पक्षसँग छलफल गरी थप रणनीति तय गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

आयोगका कार्यवाहक अध्यक्ष जुद्धबहादुर गुरुङले आयोगका सिफारिस कार्यान्वयनमा विलम्ब भइरहेको गुनासो गर्नुभयो । आयोगले ५७ वटा सुझाव दिएकामा पाँच वटामात्रै आंशिक रुपमा कार्यान्वयनमा आएको उहाँले उल्लेख गर्नुभयो ।आयोगका तर्फबाट प्रस्तुतीकरण गर्दै कार्यवाहक अध्यक्ष गुरुङले प्राकृतिक स्रोतसम्बन्धी एकीकृत कानुन तर्जुमा गरी कार्यान्वयन ल्याउन सरकारसमक्ष माग गर्नुभएको छ । आयोगका सिफारिस र सुझाव कार्यान्वयन हुनुपर्ने तथा राजस्व अनुमान यथार्थपरक बनाउन मार्गदर्शन गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

आन्तरिक ऋणको परिचालन र उपयोगलाई ऋणको पासोमा नपर्नेगरी व्यवस्थापन गर्न, प्राकृतिक स्रोतबाट प्राप्त हुने राजश्व बाँडफाँटलाई समन्यायिक बनाउँदै तीन तहको सरकारबीचको अनुपात पुनरावलोकन गरी सिफारिस कार्यान्वयनका सन्दर्भमा आवश्यक निर्देशनको अपेक्षा गरेको कार्यवाहक अध्यक्ष गुरुङले बताउनुभयो ।रासस

# एमालेलाई कसैले पराजित गर्न सक्दैन : अध्यक्ष ओली

झापा । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्रको एकतालाई मजबुत बनाएर सङ्कल्पका साथ लाग्ने हो भने एमालेलाई कसैले हराउन नसक्ने बताउनुभएको छ ।

एमालेको जिल्लास्तरीय कार्यकर्ता भेलालाई आइतबार सम्बोधन गर्दै उहाँले पार्टीमा लामो समय बसेर विभिन्न जिम्मेवारी र लाभ लिएका कतिपय स्वार्थी नेताहरूले विगतमा पार्टी विभाजन र पार्टी सिध्याउने षड्यन्त्र गरे पनि कार्यकर्ता र जनताले एमालेलाई बचाएर पुनः राष्ट्रिय शक्ति बनाएको बताउनुभयो ।

आफूबिनाको एमाले देख्न चाहने प्रतिक्रियावादीहरूको खेल भएको टिप्पणी गर्दै अध्यक्ष ओलीले पार्टीभित्र र बाहिरबाट भइहेका षड्यन्त्र चिर्दै ढुक्कका साथ सही नीति र नेतृत्वको पक्षमा लाग्न आग्रह गर्नुभयो । "एमालेबिनाको देश र केपी ओलीबिनाको एमाले होस् भन्नेहरूको कामना पूरा हुँदैन । एमाले साना स्वार्थ बोक्ने पार्टी होइन । यसको काँधमा देश बनाउने महान उद्देश्य छ । यो राष्ट्रिय हितका लागि बलिदानबाट आएको पार्टी हो", उहाँले भन्नुभयो, "एमालेविरुद्ध जाल बुन्नेहरू सफल हुँदैनन् । माकुरोको जालोमा कहिल्यै भैसी पर्दैन । हाम्राविरुद्धको भ्रामक प्रचारको पछि लाग्नु हुँदैन । केपी ओली र एमालेले भ्रष्टाचार गर्दैन । हामी सहकारी ठगेर मुद्दा झेलेपछि आफ्नो पक्षमा हस्ताक्षर अभियान चलाउने पार्टीजस्ता हुँदै होइनौँ ।"

अध्यक्ष ओलीले एमालेले नसके अरु कसैले पनि देश बनाउन नसक्ने भन्दै आफू प्रधानमन्त्री भएपछि फलामखानी र पेट्रोलियम पदार्थको उत्खनन, सुरुङमार्ग निर्माणजस्ता अनेकौँ विकास र समृद्धिका काम थालनी भएकामा त्यसको प्रतिफल आउन थालेको बताउनुभयो । हाल नेपालको अन्तरराष्ट्रिय छवि देखिने र सुनिने अवस्थामा रहेको उल्लेख गर्दै उहाँले पछिल्लो स्पेन भ्रमणको सफलता सुन्न नचाहने विपक्षीले वाइसिएल प्रयोग गरेर स्पेन भ्रमणमा मान्छे छाडेर आयो भन्ने दुस्प्रचार गरेको टिप्पणी गर्नुभयो । त्यस अवसरमा अध्यक्ष ओलीले सयौँ युवालाई पार्टी प्रवेश गराउनुभएको थियो ।रासस

# मन्त्रीका सम्बन्धमा उठेका प्रश्नको जवाफ दिन सरकारको ध्यानाकर्षण

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्र पाण्डेले सरकारका मन्त्रीहरुले घुस लिएको विषय सार्वजनिक प्रचारमा आएको भन्दै दोषीमाथि कारबाहीको माग गर्नुभयो ।

उहाँले सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीमाथि प्रश्न उठेकाले सरकारले तत्काल जवाफ दिनुपर्नेमा माग गर्नुभयो । कम्पनी रजिष्ट्रार कार्यालयमा भइरहेको ढिलासुस्तीप्रति ध्यानाकर्षण गराउँदै सांसद पाण्डेले कर्मचारीहरुबाट भइरहेको सेवाग्राहीको हितविपरीतको गतिविधि तत्काल बन्द गर्न र जरिवाना छुटको प्रबन्ध गर्न आग्रह गर्नुभयो ।



जनता समाजवादी पार्टीका सांसद सुशीला श्रेष्ठले झापाको झापा गाउँपालिकामा अवस्थित लसुना नाकालाई थप व्यवस्थित गर्न भन्सार कार्यालय स्थापना गरी राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन र भौतिक पूर्वाधारको यथोथित संरक्षण गर्न माग गर्नुभयो ।

जनमत पार्टीका सांसद अब्दुल खाँनले रसुवागढीमा काम गर्न गएका बर्दियाका नागरिक बाढीमा परी बेपत्ता भएको उल्लेख गर्दै उनीहरुको खोज गरी पीडित परिवारलाई राहत उपलब्ध गराउन आग्रह गर्नुभयो । बाढीपहिरोका कारण नेपाल-चीन सीमामा रहेको मितेरी पुल बगेको, दर्जनौँ सवारीसाधन बगाएको तथा जनधनको क्षति भएकाले तत्काल पुनः निर्माणको काम गर्नुभयो ।

जनता समाजवादी पार्टी नेपालका सांसद रेखा यादवले तराई-मधेसका विभिन्न जिल्लामा खानेपानीको समस्या विकराल बन्दै गएकाले यथोचित प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।लोकतान्त्रिक समाजवादी पार्टीका सांसद रामप्रकाश चौधरीले तराई-मधेसलाई जलसङ्कट क्षेत्र घोषणा गर्न माग गर्नुभयो । उहाँले पर्याप्त वर्षा नहुँदा सिँचाइ नहरबाहेकका क्षेत्रमा रोपाइँ हुन नसकेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले चालु आर्थिक वर्षको पुँजीगत खर्च न्यून हुनु दुःखद् रहेको धारणा राख्नुभयो । मुलुकमा व्यापारघाटा चुलिँदै गएको, दाल, चामल, खाद्य पदार्थसमेत विदेशबाट आयात गरिँदा घाटाको ग्राफ बढेको उहाँको भनाइ छ ।

राष्ट्रिय जनमोर्चा पार्टीका सांसद चित्रबहादुर केसीले सरकारमा बस्नेहरुले देश र जनताको हितमा काम नगर्दा व्यवस्थाकाविरुद्ध आवाज उठ्ने गरेको तर्क गर्नुभयो । उहाँले सरकार प्रमुख र मन्त्रीले सम्पत्ति विवरण सार्वजनिक नगरेकामा आपत्ति प्रकट गर्नुभयो ।

आमजनता पार्टीका सांसद प्रभु साहले काठमाडौँका विभिन्न स्थानमा बसोबास गर्ने सुकुम्बासी बस्तीमा खानेपानीको उपलब्धता हुन नसकेकाप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले तराई-मधेसमा खानेपानीको चरम अभाव देखिएको भए पनि सरकारकोतर्फबाट कुनै सार्थक प्रयास नभएकामा गुनासो गर्नुभयो ।

स्वतन्त्र सांसद योगेन्द्र मण्डलले विराटनगर रङ्गेलीमा निर्माणाधीन हुलाकी राजमार्गको काममा भइरहेको ढिलासुस्तीबारे चर्चा गर्दै स्थानीयवासीलाई धुलो र हिलोको समस्या समाधान गर्न माग गर्नुभयो । नेपाली कांग्रेसका सांसद नागिना यादवले केही दलका सांसदले सदनमा अप्रमाणित विषयमा पटकपटक धारणा राखेका कारण सांसदहरुको मर्यादा र गरिमामाथि प्रश्न उठेको बताउनुभयो । रासस

# तराईलाई सुक्खा क्षेत्र घोषणा गरेर राहतका कार्यक्रम ल्याउन माग

काठमाण्डु । असारको अन्तिम सातासम्म पनि मधेसका केही जिल्लामा वर्षा नहुँदा रोपाइँ हुन नसकेकामा सांसदहरुले सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा उहाँहरुले तराईलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेर राहतका कार्यक्रम गर्न संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) समाजवादीका कृष्णकुमार श्रेष्ठले बारा, पर्सालगायत जिल्लामा खानेपानीको चरम अभाव भएको बताउनुभयो ।

स्वतन्त्र सांसद अमरेशकुमार सिंहले वीरगञ्जदेखि जनकपुरसम्म खडेरीका कारण खानेपानी र सिँचाइको अभाव भएको बताउनुभयो । नेपाली कांग्रेसका रामकृष्ण यादवले पनि तराईका विभिन्न जिल्लामा खडेरी परेको, त्यहाँका नागरिकले पिउने पानी नपाएका र किसानले रोपाइँ पनि गर्न नपाएका बताउनुभयो । तराई क्षेत्रमा चापाकल र इनारहरु सुकिरहेकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाहीले जुम्लास्थित खानेपानी तथा ढल व्यवस्थापन कार्यालय खारेज गरिएकामा त्यसको स्थानीयले विरोध गरेका बताउँदै संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का छिरिङल्हामु लामाले पनि जुम्लाबाट खानेपानी कार्यालय खारेज गर्न नहुने बताउनुभयो । जुम्लाको धौलीगाड बृहत् खानेपानी आयोजना चाँडो सम्पन्न गर्न आयोजनामा आवद्ध निकायहरूको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कांग्रेसकी कान्तिका सेजुवालले पनि कर्णालीका नागरिकलाई विकासमा विभेद गरिएको बताउँदै खानेपानी तथा ढल व्यवस्थापन कार्यालय खारेज गरेर त्यहाँका नागरिकप्रति सरकारले अन्याय गरेको बताउनुभयो ।

नेपाली कांग्रेसकी सीताकुमारी रानाले आंशिक प्राध्यापकहरुको विरोध र धर्नाका कारण मध्यपश्चिम विश्वविद्यालयको पढाई अवरुद्ध भएको बताउनुभयो । उक्त विश्वविद्यालयका आंशिक प्राध्यापकको व्यवस्थापनका लागि तयार पारिएको अध्ययन प्रतिवेदन कार्यान्वयन हुनुपर्नेमा उहाँले जोड दिनुभयो । रासस

# भारतमा बीमाका नाममा यसरी ठगिन्छन् सर्वसाधारण

बीबीसी

काठमाण्डु । भारतको उत्तर प्रदेश राज्यको सम्भलमा प्रहरीले बीमाका नाममा ठगी गरी पैसा असुल्ने एक गिरोहको खुलासा गरेको दाबी गरेको छायसै वर्षको ज्यानुअरीबाट सुरु गरिएको अनुसन्धानपछि ६० जनाभन्दा बढी मानिसहरूलाई पक्राउ गरेको प्रहरीले बताएको छ।

अनुसन्धानको नेतृत्व गरिरहेकी सम्भलकी प्रहरी अधिकारी एएसपी अनुकृति शर्माका अनुसार गिरफ्तार हुनेहरूमा महिला स्वास्थ्य स्वयंसेविका ('आशा वर्कर'), ब्याङ्कसँग सम्बन्धित कर्मचारी, बीमा दाबी परीक्षकहरू तथा अन्य छन्। बीमाको पैसा हडप्नका लागि गम्भीर बिरामीहरूको बीमा गर्ने तथा पहिल्यै मरिसकेकाहरूलाई जिउँदो दाबी गर्ने मात्र नभई हत्या नै समेत हुने गरेको प्रहरीको दाबी छ। यस्तो ठगीका लागि 'आधार कार्ड'को तथ्याङ्क परिवर्तन गर्ने गरेको पाइएको छ। कतिपय अवस्थामा सम्बन्धित व्यक्तिको जानकारीबिना उनीहरूको ब्याङ्क खाता खोल्ने गरेको पनि देखिएको छ। बीबीसीले प्रहरीद्वारा आरोपित सबै पक्षसँग कुरा गरी उनीहरूको भनाइ समेट्ने प्रयास गरेको भए पनि कसैले पनि जबाफ दिएका छैनन्। बुलन्दसहरको भीमपुर गाउँकी बासिन्दा सुनीता देवीका पति सुभाष गम्भीर बिरामी थिए। त्यसै बेला बीमा गराउने समूहले एक 'आशा वर्कर'को साथमा उनलाई सम्पर्क गऱ्यो। सुनीताका पतिले पनि बीमा गरे।

जुन २०२४ मा उनका पतिको मृत्यु भयो। त्यसपछि सुनीताको ब्याङ्क खातामा बीमाबापत आएको रकम उक्त गिरोहले निकालेको प्रहरीको दाबी छ।प्रहरीले खबर नगरुन्जेल सुनीतालाई यसबारे केही पनि थाहा थिएन। प्रहरीले गिरफ्तार अभियुक्तहरूको फोनमा सुनीताका कागजपत्रहरू फेला पारेको थियो।

एएसपी अनुकृति शर्मा भन्छिन्, "हामीले अभियुक्ताका फोनबाट सयौँ मानिसहरूको बीमासँग सम्बन्धित कागजात फेला पाऱ्यौँ। अनुसन्धानका लागि हामीले आफूवरिपरिकै घटनाहरू छानेका थियौँ। तर सुनीतालाई हामीले सम्पर्क गर्दा न उनलाई उनका पतिको बीमा गरिएको थाहा थियो न उनको खाताबाट रकम निकालिएको कुरा।" अशिक्षित सुनीताको परिवार अति नै गरिब छ। भीमपुरमै एक छिमेकीको घरमा बस्ने सुनीताले भनिन्, "सुरुमा आशा वर्कर आएका थिए। उनीहरूले फारम भराए, आधार कार्ड र अन्य कागजपत्र लिए अनि सही गराए। उनीहरूले मलाई सरकारले नै आफूलाई बीमाको पैसा दिने र पतिको उपचार हुने बताएका थिए।"

शर्मा भन्छिन्, "यस प्रकरणमा आशा वर्करदेखि ब्याङ्कका कर्मचारीहरूसमेत मिलेका थिए। सुनीता कुनै ब्याङ्क नै गएकी छैनन् तर उनको 'केवाईसी' फारम भराएर खाता खोलिएको छ। अनि 'सेल्फचेक'को माध्यमबाट पैसा निकालिएको छ। यसबारे छानबिन गर्न हामीले ब्याङ्कका दुई उपप्रबन्धकहरूलाई पनि पक्राउ गरेका छौँ।"

बीबीसीले यस्ता गतिविधि हुन नदिन ब्याङ्क के गर्दै छ भनेर सम्बन्धित ब्याङ्कलाई सोधे पनि त्यसको जबाफ प्राप्त भएको छैन। प्रहरीका अनुसार बीमा ठगीमा



संलग्न गिरोहहरूले गम्भीर अवस्थाका बिरामी व्यक्तिहरूलाई खोज्थे। उनीहरूलाई सरकारी सहयोगको आश्वासन दिन्थे र परिवारबाट कागजातहरू लिने गर्थे। जब ती बिरामीको मृत्यु हुन्थ्यो गिरोहले तिनै कागजात प्रयोग गरेर बीमाको पैसा निकाल्थ्यो।सम्भलको एक गाउँमा बस्ने प्रियङ्का शर्मा पनि यस्तो गिरोहको फन्दामा परिन्। उनका पति दिनेश शर्मा क्यान्सरका रोगी थिए।

"म मेरा पतिलाई अस्पताल लैजाँदै थिएँ। उनीहरूले सरकारको तर्फबाट गम्भीर बिरामीहरूलाई सहयोग गर्न आएको भन्दै उपचारको लागि पाँच लाख रुपैयाँ दिने आश्वासन दिए। मेरा पतिलाई केही भइहाले २० लाख रुपैयाँ दिने उनीहरूले सुनाए," प्रियङ्का भन्छिन्। प्रियङ्काका अनुसार सहयोग गर्ने वाचा गरेर ती व्यक्तिहरूले उनीबाट उल्टै एक लाख ४० हजार रुपैयाँ लिए र उनका सबै कागजातहरू पनि लिएर गए।प्रियङ्काका पति दिनेशको सन् २०२४ को मार्चमा क्यान्सरबाट मृत्यु भयो।सम्भलमा बीमा ठगीको अनुसन्धान सुरु भएपछि प्रियङ्काले पनि प्रहरीमा उजुरी दिइन्। उनलाई ठगेका तीन जना आरोपीमध्ये दुई जना अझै फरार छन्।

पतिको निधन भएपछि बीमाको नाममा भएको ठगीले प्रियङ्कालाई स्तब्ध बनाएको छ। उनले आफ्नो जग्गा समेत धितोमा राखेकी छिन्। उनी दूध बेचेर आफ्ना तीन जना सन्तान हुर्काइरहेकी छिन्। बीमा ठगीको अनुसन्धानका क्रममा मृत्यु भइसकेका व्यक्तिहरूलाई पनि कागजातमा जीवित देखाएर बीमा गरिएको फेला परेको थियो। दिल्लीमा बस्दै आएका त्रिलोक यस्तै एउटा घटनाका पात्र थिए। सन् २०२४ को जुनमा त्रिलोकको क्यान्सरबाट मृत्यु भएको थियो।दिल्लीको निगम बोध श्मशान गृहमा उनको दाहसंस्कार गरिएको रसिद पनि सुरक्षित छ।

तर ठगी गर्ने गिरोहले दाहसंस्कार समेत भइसकेका त्रिलोकको नाममा दिल्लीको एउटा ब्याङ्कमा खाता खोले। बीमा पोलिसी पनि लिए। त्यसपछि मात्रै उनीहरूले दिल्लीको जीबी पन्त अस्पतालबाट उनको मृत्यु भएको प्रमाणपत्र बनाए। तर यो गिरोहले बीमा रकम लिन सफल चाहिँ भएन। रकम लिनुअघि नै सम्भल प्रहरीले उनीहरूलाई पक्राउ गऱ्यो।बुटिक चलाएर आफ्नो परिवारको पालनपोषण गरिरहेकी त्रिलोककी श्रीमतीले आफ्ना पतिको मृत्युपछि पनि थप पीडा सहनुपऱ्यो। सपना आफ्ना पतिलाई सम्झेर भावुक हुन्छिन्। "हामीले सबैतिर उपचार गरायौँ, तर क्यान्सर बढ्दै गयो। उनको मृत्युपछि म धेरै नै मर्माहत भएँ," सपना भन्छिन्। त्रिलोकको मृत्यु भएको तीन महिनापछि, बीमाको ठगी गर्ने समूहले सपनालाई सम्पर्क गऱ्यो र सरकारी सहयोग पाउने आश्वासन दियो। सरकारबाट सहयोगको पर्खाइमा रहेकी उनले विश्वास गरेर उनीहरूलाई आफ्नो पतिका सबै कागजातहरू दिइन् पनि। तर त्यसपछि ती व्यक्तिहरूले उनको फोन उठाउन बन्द गरे। बीमा घोटालाको अनुसन्धानको क्रममा सम्भल प्रहरी सपनाकहाँ पुग्दासम्म पनि उनलाई आफ्ना पतिको मृत्युपछि बीमा गरिएकोबारे सुइँको थिएन।"प्रहरी आउँदा त म धेरै डराएँ। प्रहरी आएपछि सबैले म विधवाले केही गल्ती गरेको ठानेका थिए। तर अनुकृति शर्माले मलाई फोन गरेर म माथि अपराध भएको र मेरा पतिलाई कागजमा जीवित राखेर फेरि मारिएको कुरा सुनाइन्," उनले भनिन्।

खोलिएको ब्याङ्क खातामा आएको थियो। तर गिरोहका सदस्यहरूले उक्त पैसा निकाल्नु अघि नै प्रहरीले उनीहरूलाई पक्राउ गऱ्यो। बीमाको पैसाका लागि हुने ठगीका लागि गम्भीर बिरामी वा मृतकहरूलाई मात्रै प्रयोग गरिएको छैन प्रहरीले बीमाको पैसा हडप्न हत्या पनि गरिएको दाबी गरेको छ।

प्रहरी अधिकारी अनुकृति शर्माले अनुसन्धानको क्रममा कम्तीमा चार वटा हत्याका घटनाहरू फेला पारिएको बताएकी छन्।हत्या गरिएको ठानिएका चार जनामध्ये एक जना २० वर्षीय अमन थिए। पश्चिमी उत्तर प्रदेशको एक सुनसान ठाउँमा भएको दुर्घटनामा उनको मृत्यु भएको देखाएर बीमाको रकम असुल गरिएको थियो। पछि अनुसन्धानका क्रममा प्रहरीले बीमा ठगी गिरोहले उनको हत्या गरेको ठहर गऱ्यो।

"अभियुक्तबाट हामीले अमनका धेरै नीतिगत कागजातहरू बरामद गरेका थियौँ। उनको पोस्टमार्टम रिपोर्टमा टाउकामा चार ठाउँमा चोट बाहेक कुनै चोटपटक थिएन," शर्मा भन्छिन्। उनका अनुसार पक्राउ परेका गिरोहका सात जनामध्ये एक जनाले आफूहरूले हत्या

> "म मेरा पतिलाई अस्पताल लैजाँदै थिएँ। उनीहरुले सरकारको तर्फबाट गम्भीर बिरामीहरुलाई सहयोग गर्न आएको भन्दै उपचारको लागि पाँच लाख रुपैयाँ दिने आश्वासन दिए। मेरा पतिलाई केही भइहाले २० लाख रुपैयाँ दिने उनीहरुले सुनाए,"

"यस्ता गिरोहले पहिले नै समस्यामा परेका म जस्ता मानिसहरूलाई निशाना बनाइरहेका छन्। यदि प्रहरीले मेरो अवस्था नबुझेको भए, म यो ठगीको दोषी बन्ने थिएँ, किनभने मैले दिएकै कागजातहरू त्यहाँ प्रयोग गरिएका थिए।"अनुकृति शर्माका अनुसार बीमाको पैसा भुक्तानी लिन मृत्युको प्रमाणपत्र आवश्यक पर्छ। गिरोहले बीमा दाबीका लागि दिल्लीको जीबी पन्त अस्पतालबाट उनको नक्कली मृत्यु प्रमाणपत्र बनाएको थियो। प्रहरीलाई दिएको जबाफमा उक्त अस्पतालले त्रिलोकको मृत्यु प्रमाणपत्र नक्कली भएको बताएको थियो।

प्रहरीले अस्पतालका एक जना सुरक्षा गार्ड र अर्का एक जना कर्मचारीलाई पनि पक्राउ गरेको छ। त्रिलोकको बीमा भुक्तानीको २० लाख रुपैयाँ उनको नाममा

पनि गर्ने गरेको स्वीकारेका थिए। "सलीम नाम गरेका एक जना युवकको हत्या गरेको उनले स्वीकार गरे। यो हत्या पनि त्यसै गरी गरिएको थियो र उनीहरूले बीमा बापतको ७८ लाख रुपैयाँ भुक्तानी लिएका थिए," शर्मा भन्छिन्।

अमनको आधार कार्ड दिल्लीको छतरपुर क्षेत्रबाट बनाइएको थियो। तर स्थानीय मानिसहरूका अनुसार उनी कहिल्यै त्यहाँ बसेका थिएनन्। अनुसन्धानबाट भारतमा नागरिकहरूको अभिलेख राखिने 'आधार डेटा'मा समेत परिवर्तन भएको र नक्कली उमेर र ठेगानाहरू दर्ता गरिएको पत्ता लागेको थियो।"बीमा गिरोहको सञ्जालले निकै जटिल सुरक्षा उपायहरूलाई समेत छलेर अभिलेखमा परिवर्तन गरेको पाइयो," प्रहरी अधिकारी शर्मा भन्छिन्।

बीबीसीले यूआईडीएआई अर्थात् भारतीय विशिष्ट पहिचान प्राधिकरणसँग आधार डेटामा गरिएका परिवर्तन र यस्ता ठगी रोक्न भएका प्रयासबारे सोधेको थियो। तर कुनै जबाफ प्राप्त भएन।बीमा दाबीको जाँच गर्ने ओँकारेश्वर मिश्रा पक्राउ परेपछि यो ठगीको अनुसन्धान सुरु भएको थियो। उनी हाल जेलमा छन्। उनका वकिल नीरज तिवारीले उनी निर्दोष रहेको र छिट्टै धरौटीमा छुट्ने दाबी गरे।

यो ठगीको आरोप लागेका धेरैजसो अभियुक्तहरू उत्तर प्रदेशको सम्भल जिल्लाको सानो सहर बाबरालाका छन्। प्रहरी अनुसन्धान पछि आरोपी सचिन शर्मा र गौरव शर्माको घरमा ताला लागेको छ। उनीहरूका धेरै छिमेकीहरूले आफ्नो नाम नखुलाईकन करिब एक दशक अघिसम्म उनीहरूको बुबाले साइकलको टायर टाल्ने पसल चलाउने गरेको बताएका छन्। सचिन शर्मा र गौरव शर्माको परिवारका ग्रेटर नोएडामा पनि धेरै घरहरू छन्। उनीहरूको कुरा बुझ्न हामीले ग्रेटर नोएडामा बस्ने परिवारका सदस्यहरूलाई भेट्यौँ, तर कुनै जबाफ आएन।

प्रहरीले बीमा ठगी अन्य राज्यमा पनि फैलिएको हुनसक्ने आशङ्का गरेको छ। बीमा रकम प्राप्त गर्नको लागि सबैभन्दा महत्त्वपूर्ण कागजात मृत्यु प्रमाणपत्र हो। यो ठगी बाहिर आएपछि, अभिवक्ता प्रवीण पाठकले मृत्यु प्रमाणपत्र जारी गर्ने प्रक्रियामा पारदर्शिताको माग गर्दै दिल्ली उच्च अदालतमा जनहितको मुद्दा दर्ता गराएका छन्।

ठूलो स्तरको बीमा ठगीको घटना बाहिरिएपछि बीमा कम्पनीहरू पनि चिन्तित बनेका छन्।एसबीआई लाइफका प्रमुख कार्यकारी रजनीश मधुकर आफ्नो कम्पनीले बिमकहरूलाई असुविधा नहुने गरी बीमा दाबीको भुक्तानी गर्ने गरेको तर ठगी गर्नेले त्यसको गलत फाइदा उठाएको दाबी गरे।

बीमा ठगीको प्रमुख कारण केवाईसी अर्थात् ग्राहक पहिचान सम्बन्धी कागजातहरूको दुरुपयोग रहेको प्रहरीले बताएको छ।बीमा जोखिम व्यवस्थापन सङ्घका डा. रमेश खरेका अनुसार यस्तो ठगी बाहिरिएपछि आधार कार्ड र प्यान कार्ड प्रयोग गरिएका व्यक्तिहरू समेत समस्यामा पर्ने बताउँछन्।

भारतीय बीमा नियामक तथा विकास प्राधिकरणले बीमा क्षेत्रमा ठगी रोक्न सन् २०२४ मा निर्देशिका जारी गरेको छ जसमा कुनै पनि ठगीबारे थाहा भएपछि त्यसको अनुसन्धान अनिवार्य गरिएको छ।बीमा ठगी कुन स्तरमा हुने गरेको छ भन्नेबारे कुनै आधिकारिक तथ्याङ्क छैन। यद्यपि अर्बौं रकमको ठगी भएको हुनसक्ने अनुमान गरिएका छन्।

सम्भलमा हालै आयोजित बीमा सम्मेलनमा प्राधिकरणकी कार्यकारी निर्देशक मीना कुमारीले बीमा ठगी निरन्तर बढिरहेको स्वीकार गरिन्। मीना कुमारीका अनुसार अस्वाभाविक बीमा दाबी बढ्दा त्यसको प्रत्यक्ष असर बीमा गरेका अन्य ग्राहकहरूमा पर्छ।"हामी पाँच महिनादेखि अनुसन्धान गरिरहेका छौँ। करिब ६० जनालाई पक्राउ गरिएको छ, हजारौँ नक्कली पोलिसीहरू बाहिर आएका छन्। हामीले अहिलेसम्म करिब १० प्रतिशत मात्रै काम गरेका हुन सक्छौँ। यस्ता ठगी रोक्न अझै धेरै काम गर्न बाँकी छ।"

# उत्तर कोरियाली नेता किमद्धारा लाभरोभसँगको वार्तामा युक्रेन युद्धमा रुसलाई पूर्ण समर्थन

एएफपी

सियोल । उत्तर कोरियाली नेता किम जोङ उनले रुसका विदेशमन्त्री सर्गेई लाभरोभसँगको वार्ताका क्रममा युक्रेनमा जारी युद्धमा मस्कोलाई पूर्ण समर्थन गर्ने प्रस्ताव राख्नुभएको छ ।

किएभ विरुद्ध रूसको आक्रमणबीच दुवै देशले सैन्य र राजनीतिक सम्बन्धलाई गहिरो बनाउँदै गर्दा लाभरोभको उत्तर कोरिया भ्रमण मस्कोका शीर्ष अधिकारीहरूको उच्च-प्रोफाइल भ्रमणको शृ‌ंखलामा पछिल्लो थियो । प्योङयाङले युक्रेनी सेनालाई हटाउन रुसको कुर्स्क क्षेत्रमा हजारौँ सेना पठाएको थियो र रुसी सेनालाई तोप र क्षेप्यास्त्र प्रदान गरेको थियो ।

दुई नेताले सन् २०२४ जुनमा भएको ऐतिहासिक उत्तर कोरिया-रुस शिखर वार्तामा भएका सम्झौताहरू विश्वासपूर्वक कार्यान्वयन गर्ने महत्त्वपूर्ण विषयहरूमा छलफल गर्नुभयो", केसिएनएले भन्यो । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको उत्तर कोरियाको दुर्लभ भ्रमणका क्रममा दुई भारी प्रतिबन्धित मुलुकले गत वर्ष आपसी रक्षा खण्डसहित सैन्य सम्झौतामा हस्ताक्षर गरेका थिए ।

रूसी राज्य एजेन्सी तासका अनुसार लाभरोभले किमलाई पुटिनले 'निकट भविष्यमा प्रत्यक्ष सम्पर्क जारी राख्ने आशा' गर्नुभएको बताउनुभयो । रुस र



किम र लाभरोभले शनिबार 'न्यानो कमरेडेली विश्वासले भरिएको वातावरण' मा भेट गर्नुभएको आधिकारिक केसिएनए समाचार एजेन्सीले जनाएको छ । रुसको विदेश मन्त्रालयले टेलिग्राममा दुई जनाले हात मिलाउँदै र एकअर्कालाई अँगालो हालेर अभिवादन गरेको भिडियो पोस्ट गरेको छ र यो वार्ता देशको पूर्वी तटमा रहेको वोनसानमा भएको बताएको छ । वोनसानमा यस महिनाको सुरुमा एक विशाल रिसोर्ट खोलिएको थियो ।

किमले लाभरोभलाई उत्तर कोरिया 'युक्रेनी सङ्कटको मूल कारणको सामना गर्ने सन्दर्भमा रूसी नेतृत्वले चालेका सबै उपायलाई बिना शर्त समर्थन र प्रोत्साहन गर्न तयार छ' भन्नुभएको केसिएनएले बताएको छ ।उत्तर कोरियाली नेताले 'देशको मर्यादा र आधारभूत हितको रक्षा गर्ने पवित्र उद्देश्य पूरा गर्न रूसी सेना र जनताले निश्चित रूपमा विजय हासिल गर्नेछन् भन्ने दृढ विश्वास' पनि व्यक्त गर्नुभयो ।

उत्तर कोरियाका सरकारी मिडियाले लाभरोभ आइतबारसम्म रहने बताएका छन् ।

यसअघि शनिबार लाभरोभले आफ्ना समकक्षी चो सोन हुईसँग भेटवार्ता गर्नुभयो र रुसलाई सहयोग गर्न तैनाथ गरिएका 'वीर' उत्तर कोरियाली सैनिकहरूलाई धन्यवाद दिनुभयो ।

"दुवै पक्षले उत्तरपूर्वी एसिया र सम्पूर्ण एसिया-प्रशान्त क्षेत्रमा तनाव बढाउँदै गैर-क्षेत्रीय खेलाडीहरूको आकांक्षालाई संयुक्त रूपमा सामना गर्ने आफ्नो दृढ सङ्कल्पमा जोड दिए", रूसको विदेश मन्त्रालयले भन्यो ।भ्रमणअघि रुसले मस्को र प्योङ्याङबीच हप्तामा दुई पटक उडान सुरु गर्ने घोषणा गरेको थियो । लाभरोभले वोनसनलाई 'एक राम्रो पर्यटकीय आकर्षण' भनेर प्रशंसा गर्दै भन्नुभयो, "हामी आशा गर्छौं कि यो स्थानीय नागरिकहरूमाझ मात्र नभई रूसीहरूमाझ पनि लोकप्रिय हुनेछ ।"

# 'युरोपेली हितको रक्षा गर्ने' वार्ता केन्द्रित हुनुपर्ने राष्ट्रपति म्याक्रोँको भनाइ

एएफपी

पेरिस ।फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपेली सङ्घमा ३० प्रतिशत कर लगाउने चेतावनीको विरोध गर्दै युरोपेली हितको दृढतापूर्वक रक्षा गर्न इयूको वार्ता समूहलाई आग्रह गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मेक्सिको र युरोपेली सङ्घमाथि अगष्ट १ देखि लागू हुने गरी ३० प्रतिशत कर वृद्धि हुने चेतावनी दिनुभएको छ ।

उक्त घोषणाप्रति फ्रान्सको ' कडा असहमति' व्यक्त गर्दै म्याक्रोँले अगष्ट १ सम्ममा दुवै पक्ष सहमतिमा पुग्न असफल भएमा 'सबै उपकरण परिचालन गरेर विश्वसनीय प्रतिकारको तयारीलाई तीव्रता दिन' आग्रह गर्नुभएको छ । उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "अगष्ट १ सम्ममा पारस्परिक रूपमा स्वीकार्य सम्झौतामा पुग्न तीव्र हुने वार्तामा फ्रान्सले युरोपेली आयोगलाई पूर्ण समर्थन गर्दछ । यसले युरोपेली सङ्घ र संयुक्त



राज्य अमेरिकाजस्ता व्यापारिक साझेदारहरूले एकअर्काप्रति गर्नुपर्ने सम्मानलाई प्रतिबिम्बित गर्दछ ।"

यसअघि शनिबार युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनले ट्रम्पले अगस्ट १ देखि लागु गर्ने भनिएको नयाँ करको सम्बन्धमा आलोचना गर्नुभएको थियो । युरोपेली आयोगकी प्रमुख भोन डेर लेयेनले एक विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, "इयूको निर्यातमा ३० प्रतिशत कर लगाउँदा एटलान्टिक महासागरका दुवैतर्फका व्यवसाय, उपभोक्ता र बिरामीलाई हानि पुग्ने गरी आवश्यक ट्रान्साटलान्टिक आपूर्ति श्रृ‌ंखलामा खलल पुग्नेछ ।"

उहाँले भन्नुभयो, "हामी अगष्ट १ सम्ममा सम्झौताका लागि काम गर्न तयार छौं । साथै, हामी इयूको हितको रक्षाका लागि आवश्यक सबै कदम चाल्नेछौं, जसमा आवश्यक परेमा समानुपातिक प्रतिकारको उपाय अपनाउने उपाय पनि समावेश छ ।" युरोपेली सङ्घ र अन्य दर्जनौं अर्थतन्त्रमाथि बुधबारदेखि अमेरिकी करको स्तर १० प्रतिशतको आधार रेखाबाट वृद्धि गर्ने तयारी गरिएको थियो तर ट्रम्पले शनिबार यो समय सीमालाई अगस्ट १ सम्मका लागि पछाडि सार्नुभएको थियो ।

अमेरिकी राष्ट्रपति ट्रम्पले मेक्सिको र युरोपेली सङ्घ (इयू) लाई लक्षित गर्दै ३० प्रतिशत कर वृद्धि गरिएको घोषणा शनिबार गर्नुभएको थियो । उहाँ आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा पोस्ट गरिएको औपचारिक पत्रमा भन्नुभएको छ, "करसम्बन्धी यी दुवै घोषणा अगस्ट १ देखि लागू हुनेछन् । राष्ट्रपति ट्रम्पले संयुक्त राज्य अमेरिकामा अवैध लागूपदार्थको प्रवाहमा मेक्सिकोको भूमिका र इयूसँगको व्यापार असन्तुलनलाई करवृद्धि गर्नुपर्नाको कारणको रूपमा उल्लेख गर्नुभएको छ।

इयूले यो घोषणाको तीव्र आलोचना गर्दै यसले आपूर्ति श्रृ‌ंखलामा खलल पुऱ्याउने चेतावनी दिएको छ, तर समय सीमाभन्दा अगाडि नै सम्झौतामा वार्ता जारी राख्ने बताएको छ ।

राष्ट्रपति ट्रम्पले युरोपलाई ३० प्रतिशत कर लगाउने धम्की दिए ।

# वार्षिक ७० लाखको अकाल मृत्यु : संयुक्त राष्ट्रसंघ

एएनआई

जेनेभा ।संयुक्त राष्ट्रसङ्घको विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) को हालैको एक प्रतिवेदनले जलवायु परिवर्तनले तीव्र बनाएको बालुवा र धुलोको आँधीले गम्भीर स्वास्थ्य र वातावरणीय समस्याहरू निम्त्याउँदै एक सय ५० देशका ३३ करोडभन्दा बढी मानिसलाई असर गरिरहेको खुलासा गरेको अल जजिराले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घको महासभाले शनिबार बालुवा र धुलोको आँधीसँग लड्ने अन्तर ाष्ट्रिय दिवस मनाउँदै सन् २०२५-२०३४ लाई बालुवा र धुलोको आँधीसँग लड्ने संयुक्त राष्ट्रसङ्घको दशकका रूपमा घोषणा गरेको छ ।"यी आँधीहरू हाम्रो समयको सबैभन्दा बेवास्ता गरिएका तर व्यापक पहुँच भएका विश्वव्यापी चुनौतीहरूमध्ये एक बन्दैछन्... यी जलवायु परिवर्तन, भूमिको क्षरण र अस्थिर अभ्यासहरूद्वारा सञ्चालित छन्", महासभाका अध्यक्ष फिलेमोन याङले भन्नुभयो ।

डब्लुएमओका महासचिव सेलेस्टे साउलोले यी आँधीहरूको प्रभाव दृश्यताका समस्याहरूभन्दा धेरै व्यापक भएको कुरामा जोड दिनुभयो । उहाँले यसले जनस्वास्थ्यलाई उल्लेखनीय रूपमा असर गरेको र कृषि, यातायात र सौर्य ऊर्जा जस्ता नवीकरणीय ऊर्जा स्रोतहरूमा बाधा पुऱ्याएको उल्लेख गर्नुभयो ।

अल जजिराका अनुसार याङले बालुवा र धुलोको आँधीबाट हावाबाट हुने कणहरू



मुख्यतया श्वासप्रश्वास र हृदय रोगका कारण प्रत्येक वर्ष लगभग ७० लाख समयपूर्व मृत्युसँग जोडिएको बताउनुभयो । यी आँधीले बालीको उत्पादन २५ प्रतिशतसम्म घटाउन सक्छ, भोकमरी बढाउन सक्छ र जबरजस्ती बसाइसराइमा योगदान पुऱ्याउन सक्छ ।

संयुक्त राष्ट्रसङ्घका लागि डब्लुएमओका प्रतिनिधि लौरा प्याटरसनले पनि यस मुद्दाको परिमाणलाई चित्रण गर्दै वार्षिक रूपमा दुई अर्ब टन धुलो वायुमण्डलमा छोडिने बताउनुभयो । उहाँका अनुसार यो गिजाको महान् पिरामिडको लगभग तीन सय वटाको बराबर द्रव्यमान हो भन्नुभयो ।

उहाँका अनुसार यस धुलोको ८० प्रतिशतभन्दा बढी उत्तरी अफ्रिका र मध्यपूर्वको मरुभूमिबाट उत्पन्न हुन्छ तर हजारौँ किलोमिटर यात्रा गरेर यसको स्रोतबाट टाढाका क्षेत्रहरूलाई असर गर्दछ ।यसैबीच, संयुक्त राष्ट्रसङ्घका उपमहासचिव तथा पश्चिमी एसियाका लागि आर्थिक तथा सामाजिक आयोगका प्रमुख रोला दश्तीले आर्थिक क्षति आश्चर्यजनक रहेको बताउनुभयो ।

मध्यपूर्व र उत्तरी अफ्रिकामा मात्रै बालुवा र धुलोको आँधीसँग जुध्न वार्षिक लागत एक खर्ब ५० अर्ब अमेरिकी डलर वा यस क्षेत्रको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को दुई दशमलव पाँच प्रतिशत हुने अनुमान गरिएको अल जजिराले जनाएको छ।

दश्तीले अरब क्षेत्रको विशेष गरी कठोर वसन्त मौसमलाई औँल्याउनुभयो । इराकमा आँधीहरूले अस्पतालहरू र कुवेत र इरानमा यस्तै घटनाहरू विद्यालय र कार्यस्थलहरू बन्द गर्न बाध्य तुल्यायो । सहारा मरुभूमिबाट निस्कने धुलो क्यारेबियन र फ्लोरिडासम्म पुगेको पत्ता लगाइएको छ। अल जजिराका अनुसार नेचरमा प्रकाशित अनुसन्धानलाई उद्धृत गर्दै अमेरिकामा धुलो र हावाको क्षरणबाट हुने क्षति सन् २०१७ मा एक खर्ब ५४ अर्ब अमेरिकी डलर पुगेको छ। यो सन् १९९५ को तुलनामा चार गुणा बढी हो।

डब्लुएमओ र विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले बढ्दो स्वास्थ्य सङ्कटको चेतावनी दिँदै भनेका छन्, "सन् २०१८ र सन् २०२२ को बीचमा विश्व जनस‌ं‌ख्याको आधाका नजिक अर्थात करिब तीन अर्ब ८० करोड अर्ब मानिस डब्लुएचओ सुरक्षा स्तरभन्दा माथिको धुलोको सघनताको सम्पर्कमा आएका थिए।

# खडेरीले सुक्न थाल्यो बेतना सिमसार

बेलबारी । बेलबारी नगरपालिकास्थित बेतना सिमसार क्षेत्र दिनप्रतिदिन पानीको अभावले सुक्न थालेको छ । यहाँ पानी सुकेसँगै माछा मर्न थालेका छन् भने त्यस क्षेत्र आसपासका जमिनमा सिँचाइको समेत समस्या भएको छ ।

लामो समयदेखि पर्याप्त पानी पर्न नसक्दा रोपाइँ हुनसकेको छैन । सोही सिमसार क्षेत्रको पानीबाट बेलबारीको सयौँ बिघा जमिन सिँचाइ हुने गरेको भए पनि यस वर्ष सिँचाइ हुन नसकेको बेलबारी-४ का वडाध्यक्ष चन्द्रबहादुर लिम्बू बताउनुहुन्छ । सिमसारको पानी ड्याम गरेर राख्ने हो भने किसानले धान रोप्न नपाउने भएकाले ड्याम खुला गरेर धान रोप्न पानी लगिएको अध्यक्ष लिम्बू बताउनुहुन्छ । पूर्वपश्चिम राजमार्गसँगै जोडिएर रहेका बेतना सिमसारमा दुईवटा पोखरी छन् । दुवै पोखरी सुक्न थालेपछि पोखरीमा रहेका माछासमेत धमाधम मर्न थालेका हुन् ।

पोखरीमा रहेको पानीको सतह घटेपछि सोही पोखरीबाट ६ पैनी हुँदै बाह्र सय बिघा बढी खेतीमा गरिएको सिँचाइसमेत नहुँदा धानलगायत बालीनाली सुक्न थालेका छन् । किसानले लगाएको माछाहरू मर्न थालेपछि समस्या समाधानका लागि पहल भइरहेको बताउनुभयो ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका संरक्षण अधिकृतसमेत रहनुभएका सिमसार अध्येता गोविन्दप्रसाद पोखरेलका अनुसार सिमसार क्षेत्रमा पानीको मात्रा सुक्दै जानुमा अधिक मात्रामा पानीको प्रयोग, संरचना निर्माण, जथभावी रूपमा पानीको प्रयोग, खेती प्रणालीमा अधिक मात्रामा पानीको प्रयोगजस्ता मानवीय कारणहरू हुनसक्ने बताउनुभयो ।

मोरङका सबै सिमसारहरूको अध्ययनसमेत गर्नुभएका संरक्षण अधिकृत पोखरेलका अनुसार बेतना सिमसार क्षेत्रमा आसपासका जङ्गल तथा ससाना खोल्साबाट आउने पानी भण्डारण गरेर बनाइएको हो । पानीलाई भण्डारण गरेर आसपासका क्षेत्रमा सिँचाइका लागि प्रयोग हुँदै आएको छ । कङ्क्रिटका संरचना निर्माणले पानी अडिन गाह्रो हुने उहाँले बताउनुभयो । उहाँका अनुसार भू तथा जलसतहमा हुने नकरात्मक प्रभावका कारण पनि पानी सुक्नसक्ने हुन्छ ।

यस्तै, पछिल्ला वर्ष वर्षभरि पर्ने पानी एकै समयमा पर्ने र



धानलगायत बालीनालीमा पानी नहुँदा बालीनाली सुक्न थालेको बेलबारी-४ का किसान हरिप्रसाद मिश्रले बताउनुभयो । पोखरीमै रहेका जरुवा पानीका मूल र अन्यत्रबाट बगेर आउने पानीसमेत सुकेका छन् । लामो समयसम्म पानी नपरेपछि पानीको मुहान सुक्न थालेको जानकारहरू बताउनुहुन्छ ।

पछिल्लो एक महिनायता पानी नपरेपछि सबै मूलहरू सुकेका र पोखरीमा पानीको सतह घटेपछि थप चिन्ता थपिएको बेतना सिमासार सामुदायिक वन उपभोक्ता समूहका सहसचिव राजन प्रसाईँ बताउनुहुन्छ । उहाँले पोखरीमा पानीको सतह घट्दै जानु र अन्य महिनामा सुक्खा हुँदा जमिन रसाउने र पानी भण्डारण हुने क्रम घट्दा पनि पोखरी तथा जलासय क्षेत्रमा पानीको मात्रा कम हुने पोखरेलले बताउनुभयो । यद्यपि यस विषयमा अनुसन्धान गरिनुपर्ने उहाँले जोड दिनुभयो ।

अनुसन्धानकर्ता पोखरेलले आसपास पानीका मुहानहरू सुक्दा पनि बेतना सिमसारको जलासय क्षेत्रको पानी घट्न सक्ने अर्को कारणका रूपमा लिन सकिने उहाँले बताउनुभयो । उहाँले पारस्थितीकीय प्रणालीहरूको पुनःस्थापना, पानी पुनःभरण, जलासय क्षेत्रको सुधार, पानीको दिगो उपयोगमा जोड दिए समस्या समाधान गर्न सकिने सुझाव दिनुभयो ।रासस

# चाँगुनारायणको काँखमा कलाकारको रङमा साहित्यकारको कलम कोरियो...

भक्तपुर । चाँगुनारायणमन्दिरकोउत्तरपङ्क्तिकोसत्तलको छेडोबाट सेतो क्यान्भासमा चर्चित कलाकार मुकेश श्रेष्ठ रङ पोत्न व्यस्त देखिन्थे । अन्तरराष्ट्रियस्तरमै ख्याति कमाइसकेका सूर्यविनायक नगरपालिका-१ सिरुटारवासी श्रेष्ठको क्यान्भासमा रङ पोत्न थालेको यो पहिलो दृश्य भने होइन ।

विश्वमा नेपाल चिनाउने हजारौँ क्यान्भासमा चित्र कोरिसक्नुभएका ४० वर्षीय मुकेशले एउटै चित्र २७ लाख रुपैयाँसम्ममा बिक्री मात्रै गरेनन् विभिन्न सात वटा देशमा नेपाल चिनाउने सयौँ चित्रहरु प्रदर्शनी गरिसक्नुभएको छ ।


श्रेष्ठले मन्दिरको काँखमा बसेर चाँगुनारायण नगरपालिका-१ स्थित मनोहरा फाँटमा देखिएका सुन्दर दृश्यहरुलाई क्यान्भासमा उतारेपछिको दृश्य अझै सुन्दर र मनमोहक देखिन्थ्यो । कलाकार मुकेशकै छेउमा मध्यपुरथिमि नगरपालिका बाडे निवासी जुजुभाइ बाँस श्रेष्ठ त्यसैगरी क्यान्भासमा चित्र उतार्न तल्लीन देखिनुहुन्थ्यो ।

प्रत्येक वर्ष वैशाख २ गते बोडेमा मनाइने प्रसिद्ध जिब्रो छेड्ने जात्रामा आठ पटक जिब्रो छेडाएर प्रसिद्ध कमाउनुभएको जुजुभाइको अर्को पहिचान चित्रकार पनि हो भन्ने धेरैलाई थाहा नहुन सक्छ । धार्मिक सम्पदा, ऐतिहासिक एवं नेपाली जनजीवन झल्कने चित्र कोर्दै आउनुभएका उहाँले चाँगुनारायणमा मन्दिरको छेवैमा बसेर चाँगुनारायण नगरपालिका-१ सरस्वतीखेलमा रहेको प्रसिद्ध सरस्वती मन्दिरलाई क्यान्भासमा उतार्नुभयो ।

पाठ्यक्रम विकास केन्द्रको नोकरीसँगै चित्रमै प्रसिद्धि कमाउनुभएका भक्तपुर नगरपालिका खौमाका अर्का कलाकार दिपेन्द्रमान बनेपालीले क्यान्भास रङ्याउँदै तामाङ्ग सेलो गीतमा डम्बु बजाउँदै नृत्य गरेको आकर्षक चित्र उतार्दै गर्दा नजिकै चाँगुनारायणकै स्थायी निवासी सरोज लामिछानेले नगरकोट क्षेत्रमा पर्यटकमाझ चर्चित बनेको रानीझुला (लामो झोलुङ्गे पुल)लाई क्यानभासमा उतार्दा निकै आकर्षक देखियो ।

स्थानीय कलाकार अञ्जन अधिकारीले बाँस्तोला गाउँको भूकम्प अगाडिको होमस्टेलाई हुबहु उतारेर इतिहासलाई जीवन्त बनाउनुभयो । भूकम्पले भत्काएपछि पुरानो स्वरुप हटाएर बाँस्तोलाले गाउँको आधुनिक र ढलान घरमा देखिने होमस्टेलाई नभई पुरानो स्वरुपको होमस्टेलाई आकर्षक रुपमा चित्रमा उतार्नुभयो ।

चाँगुनारायण मन्दिर क्षेत्रमै छरिएर चित्र कोर्न व्यस्त देखिनुभएका पर्वत श्रेष्ठले सरस्वती स्थानमा रहेको महामञ्जुश्री मन्दिर, अशुराम खाईजुले नगरकोट भ्यू प्वाइन्ट, मङ्गलकृष्ण प्रजापतिले माउण्टेन रेञ्ज, राजन श्रेष्ठले ज्योतिर्लिङ्गेश्वर महादेव मन्दिर, रामशरण प्रजापतिले चाँगुनारायण मन्दिर, गौरीमाया कोजुले वाल्मिकेश्वर महादेव मन्दिर, दिपेशमान सिंप्रधानले बोझिनी ड्यामलाई चित्रमा निकै आकर्षक रुपमा उतार्नुभयो । कलाकार झलक केसीले चाँगुनाराण मन्दिर, चन्द्रा श्रेष्ठले तामाङ



जनजीवन, राधेश्याम कर्माचार्यले त्रिपुरासुन्दरी, किशोर नकर्मी गौतमले बुद्धलगायत विभिन्न चित्रहरु क्यानसमा उतार्नुभयो ।

**भानुजयन्ती कला र साहित्यको महोत्सवमय**

विश्वसम्पदा सूचीमा रहेको ऐतिहासिक चाँगुनारायण मन्दिरमा असार २९ गते भानु जयन्तीको अवसर पारेर चाँगुनारायण नगरपालिका नगरकोट भ्रमण वर्ष-२०८२ सचिवालयले आयोजना गरेको 'चाँगुनारायण कला, कलामा साहित्य महोत्सव' निकै आकर्षक देखिन्थ्यो ।

कलाकारले चाँगुनारायण क्षेत्रका धार्मिक, ऐतिहासिक सम्पदाहरुको चित्र कोर्ने मात्रै होइन, काठमाडौँ राजधानी शहरबाट बिहान ९ बजे चाँगुनारायण मन्दिर परिसर पुग्नुभएका राष्ट्रियस्तरमा ख्यातिप्राप्त वरिष्ठ कवि एवं साहित्यकारहरुको जमघटले थप आकर्षित बनाएको थियो ।

पहिलोपटक मन्दिर पुग्नुभएका धेरै साहित्यकारहरुले कुन सम्पदाको कविता कोर्ने भन्ने छलफलसँगै मन्दिरको सेरोफोरोमा बाँधिएर कापीमा कलमले कविताका लाइनहरु कोर्न थाल्नुभयो । अनि बग्न थाल्यो कापीका सेता पानामा काला अक्षरका हरफहरु जसरी कलाकारले क्यान्भासमा चित्र कोरेर सरसर रङ पोत्दा देखिएका आकर्षक दृश्य जस्तै कविहरुका रचनाले पहिलोपटक चाँगुनारायण पनि फुरुङ्ग बन्यो ।

नेपालकै पुरानो ऐतिहासिक धरोहर एवं आस्थाका केन्द्रको रुपमा रहेको धार्मिक स्थल चाँगुनारायण र यहाँको सम्पदालाई विश्वमाझ पुऱ्याउँदै विश्वका पर्यटकको पहिलो रोजाइ बनाउन आयोजना गरेको नगरपालिकाले भ्रमण वर्षअन्तर्गत सञ्चालन गरेका चित्रकला महोत्सवमा कोरिएका चित्रहरुको प्रदर्शनीले चाँगुनारायण आएका विदेशी तथा स्वदेशी पर्यटक एवं पाहुनालाई मात्रै नभई स्थानीयहरुलाई समेत प्रदर्शनीमा राखिएका चित्रहरुले नौलो अनुभूति दिइरहेको थियो ।

चाँगुनारायण मन्दिको प्राङ्गनमा चित्र हेर्दै कोरेका कविताहरुलाई चर्चित कविहरु डा सुलोचना मानन्धर, पुरु लम्साल, स्नेह सायमी, श्रवण मुकारुङ, नारायण श्रेष्ठ, गीता त्रिपाठी, मणि लोहनी, अभय श्रेष्ठ, सन्ध्या पहाडी, राधिका कल्पित, हरिहर तिमिल्सिना, डा. सरोज धिताल, विमला तुम्खेवाले कविता वाचन गर्नु हुनेछ । उहाँहरुले चाँगुनारायणका सम्पदा एवं पर्यटकीय क्षेत्रहरु चाँगुनारायण मन्दिर, ज्योतिर्लिङेश्वर, मत्स्यनारायण, नगरकोट भ्याली भ्यू, विष्णु नारायण, तामाङ समुदायको सांस्कृतिक नृत्य, त्रिशूल, रानीझुला, महामञ्जुश्री, वाल्मिकेश्वर, मुहानपोखरी, बोझिनी ड्याम, बाँस्तोला गाउँ होमस्टे, सरस्वती मन्दिर, मनोहराफाँटलगायत विभिन्न चित्रलाई कवितामा उतार्नुभएको थियो ।

मन्दिर प्राङ्गणमा कोरिएका चित्र र कविताका सङ्गमलाई नियाल्दै मन्दिरका मूल पुजारी चक्रधरानन्द राजोपाध्यायले चाँगुनारायण पहिलोपटक कला र साहित्यको मिलन बिन्दु बनेर उत्सव मनाउँदा खुसी लागे बताउनुभयो । पहिलोपटक चाँगुनारायण नगरपालिकाले आयोजना गरेको कला र साहित्यको सङ्गमले चाँगुनारायणको वर्णन चित्र र शब्दमा पाउँदा नौलो अनूभूति भएको उहाँको भनाइ छ । यस्ता कार्यक्रमको चर्चाले नै सम्पदाको पहिचान बढ्ने र पर्यटकलाई आकर्षित गर्ने उहाँले बताउनुभयो ।

प्रचारको दृष्टिकोणले चाँगुनारायण निकै पछाडि परेको बताउँदै चाँगुनारायण मन्दिर परिसरमा रहेको किलेश्वर महादेव मन्दिरका पुजारी शङ्कर भट्टले चाँगुनारायणको ऐतिहासिक, धार्मिक पक्षलाई विश्वमाझ प्रचारका रुपमा फैलाउने हो भने विदेशी पर्यटकको घुइँचो लाग्ने उहाँको बुझाई छ । चाँगुनारायण मन्दिर देशकै उत्कृष्ट धरोहर भएकाले यसको संरक्षण, सम्वर्द्धन र प्रचारका लागि स्थानीय सरकारले मात्रै नभई प्रदेश र केन्द्रीय सरकारले पनि चासो दिनुपर्ने उहाँले बताउनुभयो ।

नेपालकै पुरानो ऐतिहासिक संरचना र धार्मिक धरोहरका रुपमा रहेको चाँगुनारायण र यहाँको सम्पदालाई विश्वमाझ पुऱ्याउँदै विश्वका पर्यटकको पहिलो रोजाई बनाउन नगरपालिकाले भ्रमण वर्ष आयोजना गरेको नगर प्रमुख जीवन खत्रीले बताउनुभयो । त्यसै भ्रमण वर्षका अवसरमा चाँगुनारायणको प्रचारप्रसार र यसको महत्व विश्वमाझ पुऱ्याउने लक्ष्य कला र साहित्य महोत्सवले पूरा गर्ने विश्वास रहेको उहाँले बताउनुभयो ।

नगरप्रमुख खत्रीले भन्नुभयो, "कलाकारले उतारेका चाँगुनारायणभित्रका सम्पदासँगै पर्यटकीय क्षेत्रको चित्रहरुको प्रदर्शनी मात्रै नभएर यो एउटा वरिष्ठ कलाकार र साहित्यकारको कला एवं साहित्यिक भ्रमण पनि हो, मन्दिरमा एकपटक पनि नआउनुभएका कलाकार तथा साहित्यकारले मन्दिरको आँगनमा बसेर गहिरो रुपमा मन्दिरलाई नियाल्न पाउनु भएको छ त्यो पनि प्रचार हो, यो महोत्सव नौलो र फरक ढङ्गले चित्रकारसँग कविलाई जोड्दै पर्यटनको आगमनमा टेवा पुऱ्याउने कडीका रुपमा लिएका छौँ ।"

नगरपालिकाका उपप्रमुख रमेश बुढाथोकी चाँगुनारायण नगरकोट भ्रमण वर्षमा चाँगुनारायणमा नौवटै वडामा सम्पदास्थलमा पर्यटक पुऱ्याउने लक्ष्यका साथ सुरु भ्रमण वर्षले १० लाख पर्यटक भित्र्याउन टेवा पुग्ने बताउनुहुन्छ । नेपाल प्रज्ञा-प्रतिष्ठानका कूलपति भूपाल राईले चाँगुनारायण मन्दिरको प्राङ्गणमा उभिएर इतिहास, धर्म, कला, संस्कृति र सम्पदालाई कलाकारको कुची र साहित्यकारको कलमले उतार्ने कार्यले कला, कलाकार, साहित्य र साहित्यकारलाई पनि बडो उत्साह मिल्ने बताउनुभयो । चाँगुनारायणको कला, धार्मिक सम्पदा, ऐतिहासिक धरोहरलाई, यहाँका अनगिन्ती पर्यटकीय गन्तव्यलाई विश्व माफ फैलाउन अझै पछाडि परेको अवस्थामा नगरपालिकाले भ्रमण वर्षको आयोजनाले पर्यटकीय गन्तव्यलाई बढाउदै पर्यटकीय बसाइलाई लम्ब्याउने गरी पर्यटकलाई आकर्षित गर्न भ्रमण वर्षको घोषणा गरिएको छ ।

**यस्तो छ चाागुनारायण मन्दिरएको ऐतिहासिक पक्ष**

नेपालको प्रसिद्ध तीर्थस्थलमध्येको एक र प्राचीन पुरातात्विक शिलास्तम्भसमेत रहेको चाँगुनारायण मन्दिरको लिच्छवीकालीन राजा हरिदत्त वर्माले ईसापूर्व ३२३ मा निर्माण गरेको इतिहासमा उल्लेख छ । ऐतिहासिक, कलात्मक र धार्मिक दृष्टिकोणले उत्कृष्ठ मानिएको उपत्यकामा रहेको सात विश्व सम्पदा सूचीमध्ये चाँगुनारायाण पनि एक हो । सन् १९६९ मा युनेस्कोले विश्वसम्पदा सूचीमा सूचीकृत गरेको हो ।

चाँगुनारायणलाई चम्पकनारायण, चाँगुनारायण र गरुडनारायणजस्ता नामले पनि चिनिन्छ । लिच्छवीकालमा यस मन्दिरको नाम डोलाशिखर स्वामी रहेको र नेपाल भाषामा 'चाँप' लाई 'च' र 'वन' लाई 'गुँ' भन्ने गरिएअनुसार त्यो शब्द अपभ्रंश भएर चाँगुनारायण हुन गएको हो भन्ने भनाइ छ ।

यस मन्दिरको निर्माण लिच्छवीकालमा राजा हरिदत्त बर्माले गरेका भए तापनि अर्का राजा मानदेवले ५२१ सालमा चाँगुनारायण मन्दिरको गरुडको मूर्ति स्थापना गराउनुभएको थयो । चातुष्कोण आकारको दुई तलाको यस मन्दिरमा तल्लो तलामा गरुडबाहन विष्णुको प्रस्तर मूर्ति रहेको छ भने यसै तल्लाको चार दिशामा चार ढोकाहरु रहेका छन् ढोकामा गङ्गा, यमुना तथा अन्य देवीदेवताका मूर्तिहरु राखिएका छन् । ढोकाहरुको माथि धातुबाट बनेका तोरणहरुमा विभिन्न कलाकृतिहरु कुँदिएका छन् ।

मन्दिरको भित्री गर्भगृहमा गरुडासनमा विराजमा चतुर्बाहु, शङ्ख, चक्र, गदा र पद्मसमेतका आयुधहरु धारण गरेका भगवान नारायण नेर पूजा गरिन्छ भने बौद्धहरुले समेत हरिहर वाहन लोकेश्वरका रुपमा पूजा गर्दै आइरहेका छन् । मन्दिरको प्रवेशद्धारमा दायाँबायाँ ढुङ्गे हात्ती छन् । तीनद्वारमध्ये बीचकोमा ढलौटको तोरण रहेको छ । छानाको कुन एवं अन्य सीमान्त भागमा घण्टहरु एवं दियोहरुले गर्दा मन्दिर शोभायमान देखिन्छ । मन्दिरका टुँडालहरु बहुहस्त भएका देवदेवी एवं झल्लरहरु विशेष किसिमले सजिएको छ । मन्दिर बाहिर ढुङ्गे चोकहरुमा घण्टाहरु रहेको छ ।

मन्दिरमा १० फिट अग्लो स्तम्भमा ठूलो शङ्ख लगायत विष्णुका अन्य प्रतीक चिन्हहरु राखिएका छन् । धातुकै सानो बारभित्र १७ औँ शताब्दीको भूपतिन्दै मल्ल तथा उनकी रानीको शालिक रहेका छन् । चोकमा मन्दिरभन्दा पर शृङ्खलाबद्ध रुपमा साना मन्दिर तथा प्राचीन मूर्तिहरु रहेका छन् । मन्दिरमा विभिन्न शताब्दीमा स्थापना भएका अवलोकितेश्वर, गरुड नारायण, दुर्गा, विष्णुका दुई मूर्ति, सूर्य, शिवलिङ्ग, गणेश, छिन्नमस्त लगायत थुप्रै प्राचिन ऐतिहासिक सम्पदाले भरिपूर्ण छ ।

गोपालराज वंशावलीमा उल्लेख भएअनुसार इस्वीको १४औँ शताब्दीमा चारनारयण अर्थात काठमाडौँ उपत्यका भित्रका चाँगु, इचंगु, शेष र विशङ्खु मध्ये एक चाँगुनारयाण स्थापना भएको हो । काठमाडौँबाट करिब १६ किमी पूर्वभक्तपुर जिल्लामा रहेको यो मन्दिर समुद्री सतहबाट करिब पाँच हजार फिटको उचाइमाथि डाँडामा अवस्थित छ ।रासस

# तीन सय रोपनी खेत बन्यो बगर

गलकोट ।जैमिनी नगरपालिका-४ निवासी डम्मरबहादुर सार्कीको जैमिनी नगरपालिका-१० सहेला फाँटमा रहेको नौ रोपनी धान लगाइएको खेत बाढी पसेर बगर बन्यो ।



भर्खरै रोपेको धानसहितको खेत बाढीका कारण सखाप भएपछि सार्कीको निद्रा छैन । खेतमा कालुङखोला पसेपछि खेत बगरमा पणित भएको उहाँको भनाइ छ । असार २४ गते राति कालुङखोलाको जलविद्युत् बगाउने गरी आएको बाढीले भर्खर धान रोपेको खेत कटान गर्नुका साथै बगर बनेको सार्कीको भनाइ छ ।

सार्कीको मात्र होइन, कालुङखोला र ठेउलेखोलाको क्षेत्र नगरपालिका वडा नं १०, वडा नं ९ र वडा नं ४ मा रहेको भर्खर धान लगाइएको खेत बगर बनेको हो । जैमिनी नगरपालिकाका अनुसार सबैभन्दा बढी क्षति जैमिनी नगरपालिका-९ पैयुथन्थापमा भएको छ ।

पैयुथन्थापमा मात्र एक सय ५० रोपनी धानखेत बगर बनेको जैमिनी नगरपालिका कृषि शाखा प्रमुख सुवास सापकोटाले जानकारी दिनुभयो । सापकोटाका अनुसार अहिले नगरपालिकाको कृषि प्राविधिक, इञ्जिनियर र जनप्रतिनिधिको सक्रियतामा तथ्याङ्क सङ्कलन भएको छ ।

उहाँले नगरपालिकाभर तीन सय रोपनी धान लगाइएको खेत बाढीले क्षति पुर्याएको अनुमान गरिएको बताउँदै अहिले सम्म एक सय ५० रोपनी धानखेतको क्षति भएको तथ्याङ्क सङ्कलन गरिएको छ । अहिले जैमिनी नगरपालिका-९ मा मात्र एक सय ५० रोपनी खेतीयोग्य जग्गा बगरमा परिणत भएको र ५० रोपनी जग्गा पुनः खेतमा फर्काउनै नसक्ने गरी नदीले कटान गरेको सापकोटाले बताउनुभयो ।

अविरल बर्षाका कारण असार २४ गते मङ्गलबार राति आएको बाढीले जैमिनी नगरपालिकाको कालुङखोला र ठेउलेखोला आसपासको धानखेत बगरमा परिणत गरेको र रु एक अर्बभन्दा बढीको क्षति पुर्याएको हो । कालुङखोलामा आएको बाढीले कालुङखोला जलविद्युत् आयोजनामा पूर्ण रूपमा क्षति पुर्याएको छ ।

एउटा जलविद्युत्गृह बगाएको, झण्डै तीन सय रोपनी खेतमा क्षति पुर्याएको र नौवटा सिँचाइ कुलोमा क्षति पुर्याएको जैमिनी नगरपालिकाले जनाएको छ । जलविद्युत् आयोजना बाढीले बगाउँदा पैयुथन्थापका एक सय २२ परिवार अन्धकारमा बस्न बाध्य भएका छन् । जैमिनी नगरपालिकाले क्षतिको विवरण सङ्कलन गरिरहेको बताउँदै क्षतिको मूल्याङ्कनका आधारमा राहत दिने नगरप्रमुख नरबहादुर पुनले जानकारी दिनुभयो ।रासस

# पानी अभावले रोपाइँ हुन सकेन

अदानचुली ।साउन लाग्नै गर्दा पनि हुम्लाको सयौँ हेक्टर खेतबारी अझै सुक्खै छन् । धान र कोदोको बीउ तयार भए पनि खेतबारीमा पानी छैन । किसान बनेर आकाशतिर हेरिरहन्छन् । बर्खाको भरमा धान लगाउने किसान यस वर्ष वर्षा नभएपछि निराश छन् ।

अदानचुली गाउँपालिकाका किसान भन्छन्, "धान र कोदो रोप्न बीउ तयार छ, बीउ उम्रिसक्यो, तर पानी छैन । नहरका लागि पानीको मुहान पनि छैन । आकासे पानीका बसेका छौँ ।"

असारभर राम्ररी वर्षा नहुनु र वैकल्पिक सिँचाइ योजना पनि नहुनुले समस्या भएको यहाँका किसान बताउँछन् । अधिकांश ठाउँमा सिँचाइका नहर भए पनि गत वैशाखमा आएको बाढीले क्षतिग्रस्त छन् । आकाशबाट आएको पानीले खोला बढेपछि सोही खोलाको पानीले खेत रोप्नका लागि बनाइएका कुलोमा झारमात्र उम्रिएको छ । योजनाहरू प्रायः व्यक्तिगत छन् । सिँचाइका योजना छैनन् ।

अदानचुली गाउँपालिकामा सङ्घ, प्रदेश र स्थानीय सरकारले हरेक वर्ष करोडौँ रुपैयाँ विकास योजनामा विनियोजन गरेको हुन्छ तर व्यक्तिगत पर्खाल, गेट, मोटरेबल सडक र रङ्गीन बोर्डहरूमा बजेट खर्च भइरहेछ ।रासस


## मालपोत कार्यालय, ढल्केवर, धनुषा

### हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

बेदनिधी अधिकारीको नाति ठूले अधिकारी भन्ने जिवनाथ अधिकारीको छोरा जिल्ला धनुषा साबिक भरतपुर गा.बि.स. वार्ड नं.२ बस्ने बर्ष ७० को बिष्णु प्रसाद अधिकारी र बर्ष ६५ को बाल कुमार अधिकारी समेत जना-२ ले तपसिलमा उल्लेखि जग्गा मेरो नाताको बाबु ठूले अधिकारी भन्ने जिवनाथ अधिकारीको नाममा दर्ता रहेको छुट जग्गा दर्ता नामसारी दर्ता गरी पाउँ भनि द.नं.२३६०७ मिति २०७०/०१/३१ को निवेदनबाट माग दाबी गरेकाले माग बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला । अन्यथा कानुन बमोजिम भइजाने ब्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

| जिल्ला | गा.बि.स. | वडा न. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | तल्लो गोदार | ३।क | १ | ०-७-६-० |
| धनुषा | तल्लो गोदार | ३।क | ३८ | ०-४-२-० |

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषाबाट प्रकाशित हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा जनकपुर न.पा. वडा नं.१ मा बरने रामचन्द्र साह समेतले बादी जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा.वडा नं.१ वस्ने अनिता कुमारी साह आगे प्रतिवादी ऐ.ऐ. मा. बस्ने रामचन्द्र साह समेत भएको मुद्दा नं. १२०१ को अंशदर्ता मुद्दामा वण्डा लगत नं. १४१/४८ बमोजिम विशेश्वर साहको नाउँमा दर्ता रहेको तपसिल बमोजिमको जग्गाहरुबाट निवेदकहरु रामचन्द्र साह र बसन्त कुमार साह समेतको अंशभागमा परेको जग्गा दा.खा.दर्ता गरी पाउँ भनी यस कार्यायलयमा दं.नं.२८७१८ मिति २०८२/०३/११ गतेको माग निवेदन गरेकोमा माग निवेदन वमोजिम मोठ रोक्का भिडाउँदा उक्त जग्गाहरुमा मिति २०८१/१२/२५ मा दा.खा. भिडेको भनि सम्बन्धित मोठ फाँटबाट लेखि आएकोले हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०३/२९ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी तमोजिम निवेदकको नाममा दा.खा. दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | बेंगाशिवपुर | ३क | ५९२ | ०-६-१८ | कि.नं.५९२ र ५९७ मध्ये अनिता कुमारी साहको अंशभागमा परेको जग्गादेखि दक्षिणतर्फबाट ४ भागको १ भाग जग्गा रामचन्द्र साहको अंश भागमा परेको । कि.नं.५९२ मध्ये दक्षिण तर्फवाट ४ भागको १ भाग बसन्त कुमार साहको अंश भागमा परेको । कि.नं.५९७ मध्ये उत्तर तर्फबाट ४ भागको १ भाग बसन्त कुमार साहको अंश भागमा परेको । |
| धनुषा | वैगाशिवपुर | ३क | ५९७ | ०-०-१९-८ | |

# मधेश सरकारसंग राहतका कार्यक्रम ल्याउन माग

**टुडे समाचारदाता**

जनकपुरधाम । असारको अन्तिम सातासम्म पनि मधेशका केही जिल्लामा वर्षा नहुँदा रोपाइँ हुन नसकेकामा सांसदहरुले सरकारको ध्यानाकर्षण गराएको छ।



प्रतिनिधिसभाको आजको बैठकमा उहाँहरुले तराईलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेर राहतका कार्यक्रम गर्न संसद्मार्फत सरकारको ध्यानाकर्षण गराएको छ । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) समाजवादीका कृष्णकुमार श्रेष्ठले बारा, पर्सालगायत जिल्लामा खानेपानीको चरम अभाव भएको बताए।

स्वतन्त्र सांसद अमरेशकुमार सिंहले वीरगञ्जदेखि जनकपुरसम्म खडेरीका कारण खानेपानी र सिँचाइको अभाव भएको बताए । नेपाली कांग्रेसका रामकृष्ण यादवले पनि तराईका विभिन्न जिल्लामा खडेरी परेको, त्यहाँका नागरिकले पिउने पानी नपाएका र किसानले रोपाइँ पनि गर्न नपाएका बताए। तराई क्षेत्रमा चापाकल र इनारहरु सुकिरहेकामा उहाँले चिन्ता व्यक्त गरे।

राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाहीले जुम्लास्थित खानेपानी तथा ढल व्यवस्थापन कार्यालय खारेज गरिएकामा त्यसको स्थानीयले विरोध गरेका बताउँदै संसद्मार्फत सरकारको ध्यानाकर्षण गरे।

नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका छिरिङल्हामु लामाले पनि जुम्लाबाट खानेपानी कार्यालय खारेज गर्न नहुने बताए। जुम्लाको धौलीगाड बृहत् खानेपानी आयोजना चाँडो सम्पन्न गर्न आयोजनामा आवद्ध निकायहरूको ध्यानाकर्षण गराए।

नेपाली कांग्रेसकी कान्तिका सेजुवालले पनि कर्णालीका नागरिकलाई विकासमा विभेद गरिएको बताउँदै खानेपानी तथा ढल व्यवस्थापन कार्यालय खारेज गरेर त्यहाँका नागरिकप्रति सरकारले अन्याय गरेको बताए।

नेपाली कांग्रेसकी सीताकुमारी रानाले आंशिक प्राध्यापकहरुको विरोध र धर्नाका कारण मध्यपश्चिम विश्वविद्यालयको पढाई अवरुद्ध भएको बताए । सो विश्वविद्यालयका आंशिक प्राध्यापकको व्यवस्थापनका लागि तयार पारिएको अध्ययन प्रतिवेदन कार्यान्वयन हुनुपर्नेमा उहाँले जोड दिए। नेकपा (माओवादी केन्द्र) का रेखा शर्माले स्वास्थ्य बीमा कार्यक्रमलाई सरकारले जटिल बनाएको तथा केही अस्पताललाई प्रथम सेवाकेन्द्रको सूचीबाट हटाएको भन्दै आपत्ति जनाए।

सोही दलकी दुर्गा राईले कास्की जिल्ला मालपोत प्रमुख र भूमि आयोगका प्रमुख नियुक्तिमा आर्थिक लेनदेन भएको आरोप लगाए।

राष्ट्रिय स्वतन्त्र पार्टीका सुमना श्रेष्ठले भिजिट भिसा प्रकरणबारे उच्चस्तरीय छानबिन समिति वा आयोग गठनका लागि आफ्नो दलको पुरानै माग दोहोर्‍याए । उनले बोलिसकेपछि उक्त दलका सांसद बैठक कक्षबाट बाहिए।

# भारत–नेपाल सीमामा मस्जिद–मदरसाको बाढी

**अनिल तिवारी**

वीरगञ्ज । केही वर्ष अघिसम्म वीरगञ्जको छपकैयामा दुइ वटा मस्जीद थियो। तर अहिले छपकैयामा मात्र सातवटा मस्जीद खडा भएको छ । वीरगञ्जको छपकैया मात्रै होइन सीमावर्ती सबै गाउ बजारमा मदर्सा र मस्जिदका संख्या अनौठो रुपमा थप्पिएको नेपाल जनता पार्टिका पारस द्धिवदीको आरोप छ।



उनले भने, 'नेपालका हिन्दु मुस्लीममा सधै भाइचाराको सम्बन्ध रहेको छ । तर मधेश आन्दोलन पछि प्रदान गरिएको नागरिकतामा विदेशी घुसपैठियाहरुको कारण तराईमा धार्मिक सुरक्षा चुनौती बन्दै गएको हो ।' विदेशी देशहरुको ठूलो चहलखेल रहेको द्धिवदीको आरोप छ । भारत-नेपाल सीमा क्षेत्रमा पछिल्लो समय एक नयाँ र गम्भीर सुरक्षा संकट देखा पर्न थालेको छ । एक गोप्य सुरक्षा रिपोर्टले सीमा क्षेत्रका नेपाली भूभागमा पाकिस्तान र टर्कीको सहयोगमा मस्जिद, मदरसा, अनाथालय र इस्लामिक सांस्कृतिक केन्द्रहरूको तीव्र विस्तार भइरहेको खुलासा गरेको छ। यति मात्र होइन आतंकवादको बिरोधमा भारतले शुरु गरेको अपरेशन सिन्दुर पछि पाकिस्तान र बंगलादेशबाट पर्यटक भिषामा धार्मिक जमातहरुको संख्या तराईमा एक्कासि बढेको छ । जसलाई स्थानिय मस्जिद संचालक समितीका पदाधीकारीहरुले समेत लुकाउने गरेको एक गुप्तचर अधिकारीले बताए।

कागजमा यी गतिविधि धार्मिक वा मानवसेवाको आवरणमा प्रस्तुत भए पनि, भित्री तहमा कूटनीतिक, सामरिक र सुरक्षा सन्तुलनमा प्रभाव पार्ने गम्भीर खतरा बढ्दै गएको बताइन्छ।

बंगलादेशको राजनितिमा चलिरहेको धार्मिक सघर्ष र भारतले चलाएको मुस्लीम घुसपैठबाट लाखौ अबैध रोहिग्गीय र बंगलादेशी नागरिकको शरणस्थल तराई बन्दै ती गुप्चर अधिकारीको टिप्पणी छ।

टर्कीको गैरसरकारी संस्था आइ एच एच(फाउन्डेशन फर हुमैन राइट एन्ड फ्रिडमस् एन्ड ह्यूमेनाट्रियन रिलिफ) ले इस्लामी संघ नेपालसँग सहकार्य गर्दै समाजिक उथ्थानको समुदायका नाममा मदरसा, मस्जिद, अनाथालय र केन्द्रहरू सञ्चालन गरिरहेको बताइएको छ।

सुराकी स्रोतका अनुसार आइएसएनलाई टर्की सरकार र गुप्तचर संस्था एमआइटि समेत अप्रत्यक्ष समर्थन रहेको छ।

पाकिस्तानको गुप्तचर संस्था आइ एस आइको सक्रियतामा सीमावर्ती क्षेत्रमा सन् २०१८ मा ७६० मस्जिद थिए भने २०२१ मा यो संख्या १,००० नाघिसकेको छ । यस्तै, मदरसा पनि ५०८ बाट बढेर ६४५ पुगेका छन् । यी संस्था धार्मिक गतिविधिमा सीमित नभई कट्टरपन्थी विचार, भारतविरोधी प्रचार, शरणस्थल र मानव संसाधन केन्द्रको रूपमा प्रयोग भइरहेको भारतीय संचार माध्यमहरुको आरोप छ।

भारत-नेपाल १,७५१ किलोमिटर लामो खुला सीमाले आपसी मित्रता र सांस्कृतिक सम्बन्धलाई सहज बनाएको भए पनि हाल यो सीमा भारतीय सुरक्षाका लागि दुइधारे तरवार बनेको छ। लश्कर-ए-तैयबा, जैश-ए-मोहम्मद, इन्डियन मुजाहिदीन जस्ता संगठनहरूका गतिविधि नेपाल हुँदै भारतमा सञ्चालन भएको पुष्टि अनुसन्धानबाट भएको छ।

बंगलादेश, पाकिस्तान र अन्य मुलुकबाट आउने कट्टरपन्थी कार्यकर्ताहरूका लागि नेपालका गेष्ट हाउस, मदरसा र मस्जिदहरू सुरक्षित आश्रय स्थलका रूपमा प्रयोग भैरहेका छन् ।जमातको बहानामा पाकिस्तानी सेनाका अधिकारी र गुप्चरहरुको गतिविधि अप्रत्यासित रुपमा बढेको बताइन्छ।

सीमावर्ती गाउँहरूमा हिन्दू मन्दिर भन्दा धेरै मस्जिद र मदरसा देखिन थालेको हिन्दुवादी नेता द्धिवेदीको आरोप छ,'कतिपय गाउँमा मुस्लिम जनसंख्या उल्लेख्य रूपमा बढिरहेको छ, यस्ता धार्मिक र जनसांख्यिक असन्तुलनले दीर्घकालमा सामुदायिक तनाव सिर्जना गर्ने निश्चित छ।'

धार्मिक संस्थाहरूको नाममा आउने विदेशी रकम, नेपाल-भारत सीमा भएर गरिने अवैध कारोबार र अपर्याप्त निगरानीले स्थिति गम्भीर बनाउँदै लगेको छ।

भारतको बिरोधमा पाकिस्तान खुलेर प्रतिस्पर्धामा लागिरहेकै बेला टर्कीले मानवीय सहयोगको नाममा वैचारिक प्रभाव विस्तार गरिरहेको छ । यसले भारतलाई सीमा सुरक्षाका रणनीति, गुप्तचर साझेदारी र नेपालसँगको कूटनीतिक सम्बन्धलाई पुनरावलोकन गर्न बाध्य बनाउने सृजना उत्पन्न गर्ने भारत बिरोधी योजनानै भएको बताइन्छ ।जसले गर्दा भारत र सिमावती तराईको बिचमा ठुलो चुनौति उत्पन्न गर्ने पाकिस्तान र चिनको चाल भएको सिमावर्ती रक्सौल शहरका व्यापारी महेश अग्रवाल बताउनु हुन्छ ।यसबाट काठमान्डौ र दिल्ली दुबै सजग हुनु पर्छ अग्रवालले थप्पे।

भारतीय सिमा जानकारका रुपमा पहचान बनाएका अग्रवालका अनुसार दिनहुँजसो खोलिने नयाँ धार्मिक संरचनाहरू मध्ये कुन साँच्चिकै धार्मिक उद्देश्यका हुन् र कुन रणनीतिक एजेन्ट, छुट्याउन गाह्रो हुँदै गएको छ।

'सामान्य सीमावर्ती बासिन्दाहरू शिक्षादान, सेवा र समुदायका लागि मस्जिद-मदरसाको उपस्थितिलाई सकारात्मक रूपमा हेर्छन्, तर सुरक्षा दृष्टिकोणबाट यिनै संरचनाहरू हाल चिन्ताको विषय बनेका छन्'बताउदै सिमाजागर मञ्चका बिहार प्रदेशका अध्यक्ष समेत रहेका अग्रवालले नेपाल मात्र नभइ संगै जोडिएको भारतीय गाउ शहरहरुको अवस्था पनि चिन्ता जनक बन्दै गएको बताए।

# शिक्षक पक्राउ

**टुडे समाचारदाता**

रौतहट। आफ्नै विद्यालयको एक छात्रालाई जिस्काएको आरोपमा रौतहटमा एक शिक्षकलाई अभिभावकले कुटपिट गरेका छन्।

आफ्नै छात्रालाई प्रेम प्रस्तावसहित मैजेस लेख्दै पठाएपछि जिल्लाको गरुडा नगरपालिका-९ स्थित श्री माध्यमिक विद्यालय श्रीपुर



नयाँ गम्हरियाका अभिभावक र विद्यार्थीहरू शिक्षकलाई रामधुलाई गरेका छन्।

माध्यमिक विद्यालय श्रीपुर नयाँ गम्हरियामा कक्षा १० मा अध्ययनरत १७ वर्षीया एक किशोरीको फेसबुक म्यासेन्जरमा सोही विद्यालयमा अध्यापन गराउने शिक्षक रवीन्द्र प्रसाद साहले अपमानजनक सन्देश पठाएका थिए।

आफ्नै विद्यालयको छात्रालाई शिक्षक साहले जन्मदिनको अवसरमा 'हैपी बर्थ डे आई लव यु' मेरी जान भनेर सन्देश पठाएको आरोप लगाइएको छ।

छात्रालाई आपतिजनक सन्देश पठाएको थाहा पाएका छात्राका अभिभावक र विद्यार्थीहरू आज निकै आक्रोशित हुँदै विद्यालयमै पुगेर शिक्षक साहलाई नराम्ररी कुटपिट गरेका छन्।

अभिभावक र विद्यार्थीहरू विद्यालय मै पुगेर शिक्षक साहलाई कुटपिट गर्दै तोडफोडमा उत्रिनुका साथै हाँगामा मच्चाएपछि आइतबार बिहान केहीबेर सो विद्यालयमा तनावपूर्ण स्थिति सिर्जना भएको थियो।

घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय गरुडाबाट प्रहरी निरीक्षक ओमप्रकाश यादवको नेतृत्वमा प्रहरीको टोली घटनास्थल पुगेर स्थितिलाई नियन्त्रणमा लिएका थिए।

सो क्रममा भीड तितरबितर पार्न सुरक्षाकर्मीले एक राउन्ड अश्रुग्यास समेत प्रहार गरेका थिए।

आक्रोशित विद्यार्थी र अभिभावकको समूहले शिक्षक साहलाई लछारपछार गर्दै कुटपिट गर्नुका साथै विद्यालय परिसरमा समेत तोडफोड गरेको प्रहरीले जनाएको छ।

सो क्रममा उनीहरुले विद्यालयमा पार्क गरिएको केही थान मोटरसाइकलमा समेत तोडफोड गरी सामन्य क्षति पुर्याएको इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी राजन कार्कीले बताएका छन्।

शिक्षक साहले एक छात्रालाई मोबाइलमा आई लव यू जान भनेर सन्देश पठाएका कारण आक्रोशित छात्राका अभिभावक र विद्यार्थीहरू विद्यालयको कक्षा कोठामै पुगेर नराम्ररी कुटपिट गरेको इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी राजन कार्कीले बताए।

छात्रालाई आपतिजनक सन्देश पठाउने आरोपित शिक्षक रवीन्द्र प्रसाद साह इलाका प्रहरी कार्यालय गरुडाको नियन्त्रणमा रहेको र घटनाबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी कार्कीले जनाए।

अनुसन्धानपछि पीडित परिवारले जाहेरी दिए शिक्षक साहमाथि मुद्दा दर्ता गर्ने गरुडा प्रहरीको तयारी छ।

घटनालाई केही व्यक्तिले छलफलको माध्यमले सल्टाउने चलखेलमा लागेका छन् तर प्रहरीले पीडितले जाहेरी दिएपछि साहमाथि मुद्दा दर्ता गर्ने जनाएको छ।

# शिक्षा ऐन पास नभए आन्दोलन गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल शिक्षक महासंघले विद्यालय शिक्षा ऐन २ साउनसम्म कुर्ने भएको छ। महासंघको आइतबार बसेको बैठकले २ साउनसम्म ऐन जारी नभए आन्दोलनमा जाने योजना बनाएको छ।

'२ गतेसम्म पर्खिन्छौं। सोही दिन नै पत्रकार सम्मेलन गर्छौं। शिक्षक महासंघसँग विगतमा भएको सहमति सरकारले लत्याउँदै गएको छ। शिक्षक आन्दोलनको मर्म भावना समेट्न सरकार तयार देखिएको छैन' महासंघ सहअध्यक्ष नानुमाया पराजुलीले भनिन्, '१५ असारभित्र ऐन जारी गर्ने प्रतिबद्धता पूरा भएन। शिक्षा समितिको बैठक पनि अनिश्चित भएको छ। फेरि आन्दोलनको विकल्प देखिएन।'

सरकार र शिक्षक महासंघ बीच १७ वैशाखमा ९ बुँदे सहमतिसँगै १५ असारभित्र ऐन जारी गर्ने सहमति भएको थियो। तर, समय सीमा सकिएको पनि १५ दिन भयो। तर, विधेयक समितिमै अड्किएको छ। सरकारले महासंघको मुद्दालाई बेवास्ता गरेको निष्कर्ष महासंघले निकालेको छ।

'समितिमा जुन गतिमा टुंगो लगाउनुपर्ने हो त्यो भएन। शिक्षकलाई अड्कलेर दिनुपर्छ भन्नेमा सरकार प्रस्तुत भयो। शिक्षक कर्मचारीलाई फेरि आन्दोलनमा धकेल्न खोजेको महसुस भएको छ। अझै ४-५ दिन खबरदारी गर्छौं', उनले भनिन्।'२ साउनमा पत्रकार सम्मेलन हुन्छ। ९ र १० साउनमा केन्द्रीय समितिको बैठक बस्छ' महासंघका महासचिव तुलाबहादुर थापाले भने।

सरकारसँग सहमतिको प्रयास र भेटघाट भइरहेको उनले बताए। 'हिजो मन्त्रीज्यूसँग भेट भएको थियो। मिल्न दुई तीन वटा कुरा बाँकी छ। तर, सरकारबाट यथार्थ कुरा आएको छैन। शिक्षकको बढुवा, विभागीय कारबाही, अस्थायी शिक्षकको विषय हो। अरूभित्री कुरा के हो यकिन भएको छैन', महासचिव थापाले भने।

विभागीय कारबाहीको अधिकार स्थानीय तहलाई नदिन महासंघको जोड छ । 'सबै स्थानीयलाई दियो भने शिक्षकको हालत के हुन्छ ?' महासचिव थापा प्रश्न गर्छन्। गत २० चैतदेखि २९ दिन लामो शैक्षिक हड्ताल गरेर देशभरिका शिक्षकहरू सडक आन्दोलनमा आएका थिए।

# मृतक व्यक्तिको नामबाट गौशाला मालपोतमा जग्गा खरिदबिक्री

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको गौशाला मालपोत कार्यालयले मृतकको नाममा जग्गा खरिदबिक्री गरेको घटना सार्वजनिक भएको छ । मालपोतका कर्मचारी र भूमाफियाले चलखेल गरी नभएका व्यक्तिलाई जग्गाधनी बनाई महोत्तरीमा जग्गा खरिदबिक्री गरिएको भेटिएको छ।

साविकको शिवभक्ति खोर २ (ख) कित्ता नं. १८३ को ०-५-१२ १/२ क्षेत्रफल भएको पर्सादिवाडाका महेश चौधरीको नाममा रहेको र उक्त जग्गामा घरबाटो नभएको, कृषि क्षेत्रमा वर्गीकरण गरिएको भनी गौशाला नगरपालिका-४ का वडाध्यक्ष रामनारायण महासेठले २०८२ असार ६ गते सिफारिस गरेका थिए। वडाबाट सिफारिस भए पनि जग्गाधनी महेश चौधरीको मृत्यु भइसकेको थियो।

जग्गाधनीको मृत्यु भइसकेको अवस्थामा नक्कली जग्गाधनी खडा गरी उक्त जग्गा गौशाला मालपोत कार्यालयबाट असार ८ गते सम्सी गाउँपालिका-४ का रञ्जितकुमार साहलाई ११ लाख ३५ हजार रुपैयाँमा नामसारी गरिएको छ।




जग्गा नामसारी गर्दा खरिदकर्ताले विक्रेताको बैंक खातामा पैसा जम्मा गरी बैंक भौचर मालपोत कार्यालयमा बुझाउनुपर्ने हुन्छ । १० लाखभन्दा बढी मूल्यको जग्गा खरिदबिक्रीमा बैंक भौचर अनिवार्य गरिए पनि गौशाला मालपोतमा ११ लाख ३५ हजार रुपैयाँ नगद बुझिएको उल्लेख गरिएको छ । बैंक भौचरबिना नै जग्गा रजिस्टर गराउन कर्मचारीलाई प्रलोभनमा पारिएको पाइएको छ।

जग्गा बिक्री गर्ने व्यक्तिको नागरिकता प्रमाणित नगरी, बैंक खातामा पैसा नजम्हाई, खरिदबिक्रीका प्रक्रिया पूरा गर्दा झुटो विवरण भरेर लेखापढी व्यवसायीले कर्मचारीलाई प्रलोभनमा पारेर मृत व्यक्तिको नामको जग्गा गौशाला मालपोत कार्यालयबाट खरिदबिक्री गरिएको छ । गौशाला मालपोतका कर्मचारीका अनुसार मृतक महेश चौधरी नाममा रहेको अन्य जग्गा जलेश्वर मालपोत कार्यालयबाट समेत खरिदबिक्री भएको छ । तीन ठाउँका जग्गा बिक्री भएको र लेनदेनमा सहमति नभएपछि गौशाला मालपोत कार्यालयले नामसारी भएको जग्गा पुनः फिर्ता गरेको छ।

सम्सी गाउँपालिका-१ पर्सा घर भई केही वर्षअघि मृत्यु भएका महेश चौधरीको जग्गा गौशाला र जलेश्वर मालपोतबाट सम्सीकै रञ्जितकुमार साहको नाममा नामसारी गरिएको मालपोतका कर्मचारीले बताए । आर्थिक लेनदेनमा सहमति नहुँदा बिक्री भई नामसारी भइसकेको जग्गाको खरिदबिक्री रद्द गरिएको छ।

# हात्तीले घर भत्काउन थालेपछि किसान चिन्तित

**टुडे समाचारदाता**

रौतहट। रौतहटको चन्द्रपुर नगरपालिका-२ स्थित जुडिबेलामा जंगली हात्तीले पटक-पटक घर भत्काउन थालेपछि स्थानीय बासिन्दा चिन्तित हुनुका साथै आक्रोशित समेत बनेका छन्। हात्ती आतंकले दैनिकी नै त्रसित बनेपछि स्थानीयले आइतबार दिउँसो डिभिजन वन कार्यालय रौतहटमा धर्ना दिँदै हात्ती नियन्त्रण गर्न माग गरेका छन्।

जुडिबेलावासीले जंगली हात्ती नियन्त्रण गर्न डिभिजन वन कार्यालयले कुनै ठोस पहल नगरेको आरोप लगाउँदै आक्रोश पोखेका छन् । उनीहरूले हात्ती नियन्त्रण गरेर सुरक्षित स्थानमा सार्नुपर्ने मागसहित कार्यालय घेराउ गरेका थिए।

शनिबार राति मात्र पाँचवटा हात्तीको समूह जुडिबेलामा पसेर चारजना स्थानीयको घर भत्काएको स्थानीय शंकर चौधरीले बताए । स्थानीय दिपा बल, दिलबहादुर राई,



लाल बाबू मुक्तान र किरण बम्जनको घर हात्तीले भत्काएको चौधरीले बताए।

उनका अनुसार हात्तीको समूहले हरेक रात घरमा क्षति पुर्‍याउने गरेको छ। 'रातभरि जाग्राम नगरेको भए मानवीय क्षति हुनबाट कसैले जोगाउन नसक्ने रहेछ, घर र बालबच्चा जोगाउन रातभर जाग्राम बस्नु परेको छ, स्थानीय धनबहादुर पुलामी बताउँछन्।'

अर्का स्थानीय बासिन्दा राजु पाण्डेले डिभिजन वन कार्यालयको भूमिका प्रति प्रश्न उठाउँदै हात्ती नियन्त्रण गर्न नसक्नु गैरजिम्मेवारीपनको पराकाष्ठा भएको बताए।

घटनाको प्रतिक्रियामा डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त प्रसाद साहले हामी हात्ती नियन्त्रणका लागि प्रयासरत रहेको जवाफ दिँदै निकुञ्ज र सम्बन्धित निकायहरूसँग समन्वय भइरहेको बताए।

तर स्थानीयले भने तत्कालै हात्ती नियन्त्रणमा लिनुपर्ने, पीडित परिवारलाई राहत उपलब्ध गराउने र दीर्घकालीन समाधानका लागि रणनीति ल्याउन सरोकारवालासँग माग गरेका छन्।

जंगलसँग टाँसिएको जुडिबेलामा वर्षौंदेखि जङ्गली हात्तीको जोखिम रहँदै आएको भए पनि पछिल्ला दिनमा तीव्र रूपमा बस्तीमा पस्ने क्रम बढेकाले स्थिति भयावह बनेको स्थानीयको गुनासो छ। जनधनको क्षति नहोस् भनेर स्थानीय रातभर जाग्राम बस्न बाध्य छन्।

सुरक्षा चुनौती, वन प्रशासनको निष्क्रियता र समाधानको अभावबीच जुडिबेलावासीको आक्रोश र पीडा अझ चुलिँदै गएको छ।

# क्षयरोगी लाई निक्षय पोषण किट वितरण

**टुडे समाचारदाता**

रौतहट । भारत उत्तराखण्ड हरिद्वार स्थित शान्तिकुञ्ज संस्थाद्वारा क्षयरोगीहरुलाई निःशुल्क निक्षय पोषक किट बितरण गरिएको छ।

गायत्री परिवारको संस्थापिका माताजीको जन्मशताब्दीको अवसरमा"माता भगवती अन्नपूर्णा योजना" अन्तर्गत हरिद्वार जिल्लाका विभिन्न स्थानहरूमा नियमित रूपमा शुद्ध तथा सुपाच्य भोजन वितरण गरिँदै आएको छ।

यसै क्रममा आईतवार शान्तिकुञ्जले हरिद्वार जिल्लाका ५० भन्दा बढी क्षयरोगी (टीबी) पीडितहरूलाई निक्षय पोषण किट वितरण गरेको छ।

शान्तिकुञ्ज चिकित्सालयमा आयोजित वितरण कार्यक्रमको उद्घाटन देव संस्कृति विश्वविद्यालयका प्रतिकुलपति तथा



युवा आइकन डाक्टर चिन्मय पण्ड्या र हरिद्वारका प्रमुख चिकित्सा अधिकारी (सीएमओ) डाक्टर आरके सिंहले दीप प्रज्वलन गरी शुभारम्भ गरेका थिए।

सो कार्यक्रममा बोल्दै डाक्टर पण्ड्याले आफ्नो चिकित्सकीय अनुभव साझा गर्दै भने, "कुनै पनि बिरामीलाई केवल औषधिले मात्र होइन, उचित पोषण र सकारात्मक वातावरणले पनि छिट्टै निको पार्न सकिन्छ।" उहाँले रोग प्रतिरोधात्मक क्षमता बढाउन पोषिलो खानाको महत्त्व विशेष रहेको बताएका थिए।

सीएमओ डाक्टर आरके सिंहले शान्तिकुञ्जद्वारा सञ्चालित सेवामूलक कार्यक्रमको प्रशंसा गर्दै भने, 'यस प्रकारका पहलहरूले टीबीजस्ता गम्भीर रोगसँग जुझिरहेका बिरामीहरूमा आत्मबल वृद्धि हुन्छ र समाजमा सहयोगभावनाको विकास पनि हुन्छ।'

कार्यक्रमको अन्त्यमा लाभार्थीहरूलाई नियमित आहार र स्वास्थ्यसम्बन्धी आवश्यक निर्देशन दिइएको थियो। उक्त अवसरमा जिल्लाका विभिन्न गाउँबाट आएका टिबी पीडितहरूलाई तेल, चना, गहुँको पीठो, मुनगफली लगायत प्रोटीनयुक्त खाद्य सामग्री प्रदान गरिएको थियो।

शान्तिकुञ्जका प्रतिनिधिहरूका अनुसार "माता भगवती अन्नपूर्णा योजना "अन्तर्गत आगामी दिनहरूमा पनि यस्ता पोषण वितरण शिविरहरू सञ्चालन गरिनेछन्, जसले आवश्यक व्यक्तिहरूसम्म पोषणयुक्त आहार पुर्‍याउन सहयोग गर्नेछ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८